# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक ३१ आइबार, ८ चैत २०८२ | SOURYA NATIONAL DAILY | Sunday, 22 March 2026 पृष्ठ : ८+२ मूल्य रू. ५


चुनावमा पुराना दलको लज्जास्पद पराजय

## आन्तरिक रिपोर्टले भन्छन्–

# शीर्ष तहबाटै जनमत बिगार्ने काम भयो

## नेतृत्व भने तल्ला तहमा समीक्षाको 'डन्डा' चलाउँदै

- कांग्रेसको आन्तरिक रिपोर्ट : जेनजी आन्दोलनमा बल प्रयोग गर्नु गल्ती, अन्तरघात पनि भयो
- एमालेमा ओलीविरोधी ह्विम नै बाधक, अन्तरविरोध पनि उत्तिकै
- नेकपाका केन्द्रीय नेताले नै घन्टीमा भोट हाले !
- जसपाप्रति जनताको भरोसा टुट्यो, 'उपेन्द्रको पार्टी' ट्याग घातक

■ विक्रम रत्न

काठमाडौं । २१ फागुनको प्रतिनिधिसभा चुनावमा सर्मनाक पराजय भोगेसँगै कांग्रेस, एमाले र नेकपा, जसपा नेपाललगायत पुराना दलहरूले आन्तरिक समीक्षा सुरु गरेका छन् । दलहरूले चुनावमा पराजय भोग्नुको कारणबारे तल्ला तहहरूबाट समीक्षा गरेर माथिल्ला कमिटीमा रिपोर्ट माग्न थालेका छन् । यद्यपि, दलहरूले पार्टीको पदाधिकारी, केन्द्रीय कमिटीजस्ता औपचारिक संरचनाहरूमा भने समीक्षा गरेर ठोस र मूर्त रूपमा निष्कर्ष निकाल्न सकेका छैनन् । पार्टीका तल्ला तहका रिपोर्टिङले चुनावमा पराजय भोग्नुको मुख्य कारण पार्टीका शीर्ष नेताहरूकै सत्ता स्वार्थ र भूमिका नै भएको देखाउँछ । त्यसका अलावा चुनावमा पार्टी एकताबद्ध भएर जान नसक्नु, नेताकार्यकर्ताबाटै आफ्ना उम्मेदवारहरूमाथि अन्तरघात हुनु, व्यवस्थित रूपमा संगठन र नेताकार्यकर्ता परिचालन गर्न नसक्नु, सामाजिक सञ्जाललगायत डिजिटल माध्यमबाट आफ्ना कुराहरू सम्प्रेषणमा प्रभावकारी भूमिका खेल्न नसक्नुलगायत पनि पराजयको कारणका रूपमा दलहरूले लिएका छन् ।

### नेतृत्वमा सुध्रिने छाँट अझै देखिएन

● **ईश्वरी प्रसाद कँडेल**, *राजनीतिशास्त्री*



हामी हार्दै छौं र हामीलाई यो समस्या छ भनेर तल्लो तहका नेताकार्यकर्ताले गरिरहेको रिपोर्टिङलाई शीर्ष नेताहरूले बेवास्ता गरिरहे । अहिले पनि सच्चिएका छैनन् । नयाँ दलले करिब दुईतिहाइ ल्याइसक्दा स्थापित दलहरूले आत्मसमीक्षा नगरेर भोट हाल्ने मान्छेलाई कारबाही गर्छु भन्नु अपरिपक्व कुरा हो । किन कारबाही गर्नुपर्‍यो ? कारबाही त जनताले गरिसके । सत्ताबाट बाहिर पठाइसकेपछि त्यहाँभन्दा बढी कारबाही के हुन्छ ? नेताहरूमा रूपान्तरण र आफ्नो कमजोरीको बीचमा ग्याप छ । तल्लो तहमा त रूपान्तरण भइसक्यो । तिमीहरू गलत छौ, त्यसकारण भोट दिन्नौं भन्नु नै रूपान्तरण हो । शीर्ष नेताहरूकै कारण बेहोरिएको हारमा तल्ला कमिटीका कार्यकर्ताहरूलाई दोष लगाउन मिल्दैन ।

### गठबन्धन कुसंस्कारविरुद्ध पार्टीकै कार्यकर्ताको विद्रोह

२०७४ सालमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र गठबन्धन गरेर चुनावमा होमिँदा सबैभन्दा ठुलो दल एमाले बनेको थियो । एमालेले प्रत्यक्षतर्फ ८० र समानुपातिकतर्फ ४१ गरी १२१ सिट पाएको थियो । दोस्रो बनेको कांग्रेसले प्रत्यक्षमा २३ र समानुपातिक ४० गरी ६३ सिट पाएको थियो । तत्कालीन माओवादी केन्द्रले प्रत्यक्षमा ३६ र समानुपातिक १७ गरी ५३ सिट जितेको थियो । संघीय समाजवादी फोरम नेपालले प्रत्यक्षमा १० र समानुपातिकमा ६ गरी १६ सिट जित्दा अर्को मधेसकेन्द्रित दल राजपाले प्रत्यक्षमा ११ र समानुपातिकमा ६ गरी १७ सिट प्राप्त गरेको थियो । त्यस्तै, २०७९ को चुनावमा कांग्रेस, माओवादी केन्द्र र एमालेबाट फुटेर बनेको नेकपा एकीकृत समाजवादीबीच गठबन्धन थियो । यता, एमालेसँग जसपा नेपालले गठबन्धन गरेको थियो । ▸▸▸ बाँकी पृष्ठ ९




### कांग्रेस सभापतिले नैतिकता देखाउँदा अरू के गर्दै छन् ?

चुनावी पराजयको जिम्मेवारी लिँदै गत १ माघमा कांग्रेस सभापति निर्वाचित भएका गगन थापाले गत बुधबार पदबाट राजीनामा दिएका छन् । केन्द्रीय कार्यसमितिको बैठकमा उपसभापति विश्वप्रकाश शर्माले पेस गरेको उनको राजीनामाबारे आज बस्ने बैठकले निर्णय गर्नेछ । आफूले जिम्मेवारी लिएको कति समय भयो भन्ने कुरा गौण भएको भन्दै उनले पार्टी हारको नैतिक जिम्मेवारी आफ्नो भएको स्पष्ट पारेका छन् । ▸▸▸ बाँकी पृष्ठ ९

### कसरी मौलाएको थियो गठबन्धन कुसंस्कार

| | | |
|---|---|---|
| २०७४ मंसिर | एमाले-माओवादी केन्द्र | चुनावी गठबन्धन |
| २०७४ फागुन | एमाले-माओवादी केन्द्र | गठबन्धन सरकार |
| २०७८ असार | कांग्रेस-माओवादी केन्द्र | गठबन्धन सरकार |
| २०७९ वैशाख | कांग्रेस-माओवादी-एस-जसपा, एमाले-राप्रपा | स्थानीय तहमा चुनावी गठबन्धन |
| २०७९ मंसिर | कांग्रेस-माओवादी-एस, एमाले-राप्रपा-जसपा | चुनावी गठबन्धन |
| २०७९ पुस | माओवादी-एमाले-रास्वपा-राप्रपा-जसपा | गठबन्धन सरकार |
| २०७९ फागुन | माओवादी केन्द्र-कांग्रेस-एस-जसपा | गठबन्धन सरकार |
| २०८० फागुन | माओवादी केन्द्र-एमाले-रास्वपा | गठबन्धन सरकार |
| २०८१ असार | कांग्रेस-एमाले-जसपा- लोसपा-नाउपा-जनमत | गठबन्धन सरकार |

### कुन दलको कस्तो आन्तरिक रिपोर्ट ?

**कांग्रेस**

- मुख्यतया राष्ट्रिय राजनीतिक परिदृश्यको असर पर्‍यो ।
- ओली नेतृत्वको सरकारमा जानु ठुलो गल्ती, आफ्नै गृहमन्त्री भएका बेला जेनजी आन्दोलनमा घातक बल प्रयोगले ठुलो क्षति भयो ।
- देउवाको घरमा पैसा जलेको कुरा अन्य दलले प्रचार गरेर आमजनतासमक्ष पुऱ्याए
- आन्तरिक किचलो धेरै भयो । विशेष महाधिवेशनलाई देउवा पक्षधरले स्विकारेन ।
- गगन-देउवा-कोइराला पक्षधरले एकअर्कालाई असहयोग गरे, चुनावमा सँगै हिँडेकाले पनि भोट हालेनन् ।

**एमाले**

- राष्ट्रिय रूपमै एमाले र अध्यक्ष ओलीविरोधी ह्विम फैलाइयो । संस्थापन पक्षका तल्लो तहका नेताकार्यकर्ता रास्वपाको ह्विम देखाएर ओलीको प्रतिरक्षामा लागे ।
- चुनावमा सबै नेता, कार्यकर्ता र सिंगो पार्टी परिचालन हुन सकेन । स्थानीय अन्तरविरोध, गुटउपगुटको लडाँइका कारण धेरै ठाउँमा पार्टी सदस्यहरू आफ्नै उम्मेदवार हराउन लागिपरे ।

**नेकपा**

- सामाजिक सञ्जालमार्फत् प्रभावकारी प्रचारप्रसार गर्न सकिएन । कमजोर सांगठनिक अवस्थाका बीच पार्टीले संगठनलाई परिचालन गर्न सकेन ।
- देशका विभिन्न ठाउँमा बागी उम्मेदवारी र अन्तरघातले हारलाई बल पुऱ्यायो ।
- धेरै नेताहरू केन्द्रीय स्तरका, तर स्थानीय स्तरमा परिचित नहुँदा कार्यकर्ताले रिस पोखे । ठुलो संगठन संरचना हुँदा पनि कामयाबी भएन ।
- केन्द्रीय नेताहरूले नै पार्टीको पक्षमा मतदान गर्न लबिइङ गरेनन् । कार्यकर्तालाई स्वतन्त्र छाडियो ।
- सरकारमा हुँदा गरेका राम्रा कामबारे जनतालाई बुझाउन नसक्दा पुरानै दलको कित्तामा परियो ।

**जसपा**

- पार्टी टुटफुट र विभाजनबाट वाक्क मतदाताले पार्टीलाई भरोसा गरेनन् ।
- केवल उपेन्द्र यादवको मात्रै पार्टीका रूपमा चित्रित हुँदा तल्लो तहमा पार्टी छाडेकाहरूको प्रभावका कारण पनि भोट घट्यो ।
- लोसपा नेपालसँग एकता भए पनि कमजोर संगठन संरचना हुँदा तात्विक रूपमा फरक परेन ।



इस्लाम धर्मावलम्बीहरूको पर्व इद-उल-फित्रको अवसरमा घन्टाघरस्थित नेपाली जामे मस्जिदमा सामूहिक नमाजमा शनिबार सहभागी हुँदै मुस्लिम समुदाय । हजारी पात्रोअनुसार नवौं महिनामा गरिने एक महिने रोजा समाप्त भएपछि विशेष नमाज अदा गरी ठुलाबडाबाट आशीर्वाद लिँदै यो पर्व मनाउने परम्परा छ । १ महिनाअघि सुरु भएको रोजा अवधिभर मुस्लिम समुदायले सूर्योदयदेखि सूर्यास्तसम्म उपवास बस्दै आएका थिए । यसलाई आत्मशुद्धि र पापबाट मुक्ति पाउने माध्यमका रूपमा लिने गरिन्छ । *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

दोब्बर गतिमा पग्लिँदै हिमनदी

# तल्लो तटीय क्षेत्रका २ अर्ब मानिसको जीवन 'जोखिम'मा

■ भीष्मराज ओझा

काठमाडौं । जलवायु परिवर्तनले बढ्दो विश्वव्यापी तापक्रमका कारण हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्रका हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् । पछिल्लो अध्ययनले यस क्षेत्रमा सन् २००० यता हिउँ पग्लिने दर दोब्बर भएको देखाएको छ । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको पछिल्लो अध्ययन प्रतिवेदनअनुसार सन् १९७५ यता हिमनदीको मोटाइ २७ मिटरसम्म घटेको छ । यसले एसियाका वाटर टावर (पानीका स्रोत) बाट बग्ने पानीमा निर्भर तल्लो तटीय क्षेत्रका झन्डै २ अर्ब मानिसका लागि खतराको संकेत देखाएको छ ।

प्रतिवेदनहरूले यस क्षेत्रमा भइरहेको हिमनदी परिवर्तनको हालसम्मकै सबैभन्दा विस्तृत प्रमाण प्रस्तुत गरेका छन् । 'सन् १९९० देखि २०२० सम्म हिन्दुकुश हिमालय क्षेत्रका हिमनदीको परिवर्तनशील गतिशीलता' र 'हिन्दुकुश हिमालय (एचकेएच) हिमनदी परिदृश्य २०२६ : हिमाली हिमनदी अनुगमनको ५० वर्षका अन्तर्दृष्टि' नामक उक्त प्रतिवेदन इसिमोडले विश्व हिमनदी दिवसको अवसरमा शनिबार सार्वजनिक गरेको हो । हिन्दुकुश हिमालयमा ध्रुवीय क्षेत्रबाहिर सबैभन्दा बढी हिउँ छ, जहाँ ६३ हजार ७०० भन्दा बढी हिमनदीले करिब ५५ हजार ७८२ वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् । यी हिमनदीहरू एसियाका कम्तीमा १० प्रमुख नदी प्रणालीका स्रोत हुन्, जसले अर्बौं मानिसको खाद्य, पानी, ऊर्जा र जीविकोपार्जनको सुरक्षामा सहयोग पुऱ्याउँछन् ।



समुद्री सतहबाट ४ हजार ५०० देखि ६ हजार मिटर उचाइमा रहेका करिब ७८ प्रतिशत हिमनदी क्षेत्रहरू 'उचाइमा आधारित बढ्दो तापक्रमको उच्च जोखिम'मा रहेको प्रतिवेदनमा उल्लेख छ । 'यो कुनै टाढाको समस्या होइन, यो त हरेक गर्मी र मनसुनमा नयाँ विपद्का रूपमा प्रकट भइरहेको वास्तविक संकट हो । ▸▸▸ बाँकी पृष्ठ ६

# जसले सिंहदरबारलाई सुनाउनेछन् 'कर्णाली क्रन्दन' !

■ खगेन्द्र भट्टराई



सुर्खेत । प्रतिनिधिसभामा कर्णालीका ५ महिला सांसदले कर्णालीको पीडा र आवाज बोल्नेछन् । यसअघि स्थानीय स्तरमा कर्णालीका आममहिलाले भोगेका पीडाबारे आवाज उठाउँदै आएका उनीहरू अब सिंहदरबारलाई नै सुनाउने यात्रामा अघि बढेका छन् । गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा चुनावमा कर्णाली प्रदेशबाट दैलेख-१ बाट बासना थापा र बाँकी ५ जना महिला समानुपातिकमार्फत् सांसद बनेर प्रतिनिधिसभामा प्रतिनिधित्व गर्दै छन् । कांग्रेसबाट उम्मेदवार रहेकी बासना कर्णालीबाट प्रत्यक्ष चुनाव जित्ने एक्ली महिला हुन् । एमालेले कालिकोटकी एशुदा बराल, रास्वपाले सुर्खेतकी सीता बादी, श्रम संस्कृति पार्टीले सुर्खेतकै राधिका रम्तेल र नेकपाले जाजरकोटकी पार्वती बिकलाई समानुपातिक प्रणालीबाट सांसद बनाएपछि कर्णालीबाट प्रतिनिधिसभामा ५ जना महिलाको उपस्थिति देखिएको छ । यिनै ५ सांसदले प्रतिनिधिसभामा महिला सहभागिता र कर्णाली समृद्धिको आवाज उठाउनेछन् । फरक-फरक पृष्ठभूमिबाट प्रतिनिधिसभा पुगेका पाँचै जनाले कर्णालीको विकास र समृद्धिको पक्षमा आवाज उठाउने जनाएका छन् ।

**प्रत्यक्ष चुनाव जित्ने एक्ली बासना**

२१ फागुनमा सम्पन्न चुनावमा दैलेख-१ बाट निर्वाचित भएपछि बासना मुलुकको पुरानो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसबाट संसद्मा पुगेकी एक्ली महिला सांसद बन्न पुगेकी छिन् । कांग्रेसबाट मात्र होइन, रास्वपाबाहेक अन्य नयाँ र पुराना दलबाट प्रत्यक्ष चुनाव जित्ने पनि एक्ली हुन् बासना । थापाले मुख्य प्रतिस्पर्धी एमालेका रवीन्द्रराज शर्मालाई ५७६ मतान्तरले पछि पार्दै आफ्नो विजयी यात्रा तय गरिन् । उनले १२ हजार ३७२ मत प्राप्त गरेर विजयी हुँदा एमालेका शर्माले ११ हजार ७९६ मत प्राप्त गरे ।

यो निर्वाचन क्षेत्रमा रास्वपाका नन्दकिशोर बस्नेतले ८ हजार १५१ मत प्राप्त गर्दा २०७० को संविधानसभा, २०७४ को प्रदेशसभा र २०७९ को प्रतिनिधिसभामा जित निकालेका नेकपाका अम्मरबहादुर थापाले ४ हजार २५६ मतका साथ लज्जास्पद हार बेहोर्नुपऱ्यो । काठमाडौंमा जन्मिएकी थापाले २०५९ सालमा विवाहपछि दैलेखलाई राजनीतिक र सामाजिक कर्मथलो बनाएकी हुन् । कर्णालीका समस्या, चुनौती र सम्भावनालाई नजिकबाट बुझेकी थापाको अनुभवले उनलाई समाजसेवा र राजनीतिमा सक्रिय बनाएको छ । स्नातकोत्तर तहसम्म अध्ययन गरेकी थापाले शिक्षित पृष्ठभूमि, सामाजिक चेतना र नेतृत्व क्षमताका कारण राजनीतिमा आफ्नो अलग पहिचान बनाएकी छिन् । बासनाको सार्वजनिक जीवनको सुरुआत समाजसेवाबाट भएको हो । युवावस्थादेखि नै उनी विभिन्न सामाजिक अभियानमा सक्रिय रहिन् । विशेष गरी महिला अधिकार, शिक्षा, स्वास्थ्य र सामाजिक चेतनामूलक अभियानमा उनले सक्रिय भूमिका निर्वाह गरिन् ।

कोभिड-१९ महामारीका कठिन दिनहरूमा पनि उनी दैलेखका नागरिकसँगै उभिइन् । स्वास्थ्य सामग्री सहयोग, राहत वितरण र जनचेतनामूलक अभियानमार्फत् उनले स्थानीय समुदायलाई सहयोग पुऱ्याइन् । महिला अधिकार र सशक्तीकरणको आवाज उठाउने अभियन्ताका रूपमा पनि बासनाको पहिचान बनेको छ । २०५६ सालदेखि नेविसंघको सदस्य बनेर राजनीतिमा होमिएकी थापा २०६१ सालमा दैलेखबाट कांग्रेसको क्रियाशील सदस्य बनेकी थिइन् । १३औं महाधिवेशनमा प्रतिनिधि रहेकी थापा महासमिति सदस्यसमेत बनिन् । कांग्रेसको १४औं महाधिवेशनमा केन्द्रीय सदस्यको उम्मेदवार बनेर पराजित भएकी उनी तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आयोजना गरेको विशेष महाधिवेशनको पक्षमा खुलेकी थिइन् । ग्रामीण समाजमा महिलाको अवसर अझै सीमित रहेको अवस्थामा महिलाको नेतृत्व क्षमता विकास, आत्मनिर्भरता र राजनीतिक सहभागिता जरुरी भएको भन्ने थापाको यात्रा अहिले कर्णालीको आशा बोकेर संघीय संसद्सम्म पुगेको छ ।

संसद्मा पुगेपछि उनले कर्णाली प्रदेशका विकासका मुद्दा उठाउने प्रतिबद्धता जनाएकी छिन् । सडक पूर्वाधार, स्वास्थ्य सेवा, शिक्षा, पर्यटन विकास र महिला सशक्तीकरणका विषयलाई उनले आफ्नो प्राथमिक एजेन्डा बनाउने बताइन् । थापाको सामाजिक सक्रियता, जनतासँगको सम्बन्ध र नेतृत्व क्षमताका आधारमा धेरैले उनलाई कर्णालीको आवाजका रूपमा हेरेका छन् । संघीय संसद्मा बसेर उनले ती अपेक्षालाई नीति र कार्यक्रममार्फत् कति प्रभावकारी रूपमा सम्बोधन गर्छिन् भन्ने कुरा भविष्यले निर्धारण गर्नेछ ।

**रम्तेललाई 'सरप्राइज'**

सुर्खेतको बाबियाचौरमा जन्मिएकी ४३ वर्षीया राधिका रम्तेल नारायण नगरपालिका-१ पुरानो बजार दैलेखमा विवाह गरेपछि उनी महिला अधिकारका क्षेत्रमा आफूलाई सक्रिय बनाउँदै आएका थिइन् । यसअघि राजनीतिक क्षेत्रमा चर्चामा नआएकी राधिका महिला सशक्तीकरण मञ्चमा जोडिएर ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाका आवाज उठाउँदै आएकी थिइन् । २०५९ सालदेखि सामाजिक न्यायका पक्षमा उभिँदै आएकी राधिकालाई धरानका पूर्वमेयर हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टीले सांसद बनाएको हो । सामाजिक कार्यमा संलग्न रहँदै आएकी रम्तेल साङपाङको पार्टीमा जोडिएर यति चाडै सांसद बनूँला भन्ने आफूलाई नलागेको बताउँछिन् । 'श्रमवाद' मन परेपछि पार्टी सदस्य बनेको हो,' उनले भनिन्, 'यति चाँडै सांसद बनूँला, पदमा पुगूँला लागेको थिएन ।' पार्टी स्थापनासँगै सुर्खेत जिल्लाको उपाध्यक्ष भएकी रम्तेल अब कर्णालीको आवाज बोल्ने र संगठन विस्तार गर्ने दुवै अभिभारा आफूलाई आएको बताउँछिन् । कर्णालीको सामाजिक परिवेश, कर्णालीको समृद्धि र परिवर्तनका लागि आवाज उठाउने उनको प्रतिबद्धता छ । ▸▸▸ बाँकी पृष्ठ ६

# कपिलवस्तुमा गोली चल्यो, ५ प्रदर्शनकारी घाइते



■ सौर्य समाचार

काठमाडौं । कपिलवस्तुको महाराजगन्ज नगरपालिकामा प्रहरीले गोली चलाएको छ । यस क्षेत्रमा २ समुदायबीच उत्पन्न धार्मिक विवादपछि स्थिति तनावग्रस्त बनेको हो । महाराजगन्ज नगरपालिका-६ को जिगना चौराहामा भएको झडप उग्र बनेपछि भीड नियन्त्रण गर्न प्रहरीले गोली चलाएको बताइएको । यस क्रममा ५ प्रदर्शनकारी घाइते भएका छन् । गोली लागेर अरुण भनिने जितेन्द्र यादव (२२), मोनु पासी (२०) र प्रदीप पासी (२५) गम्भीर घाइते भएका छन् । उनीहरूलाई रुपन्देहीको भैरहवामा उपचारका लागि पठाइएको छ ।

यस्तै, महेन्द्र रैदास (२२) र कासी रैदास (७५)को शिवराज अस्पतालमा उपचार भइरहेको छ । रैदास ढुंगाबुढाबाट घाइते भएका हुन् । यस्तै, झडपमा परेर २ जना प्रहरी पनि घाइते भएका छन् । निषेधाज्ञा उल्लंघन गर्दै प्रदर्शन भएकाले बाध्य भएर गोली चलाउनुपरेको निमित्त प्रमुख जिल्ला अधिकारी भविश्वर घिमिरेले बताएका छन् । घटनापछि प्रशासनले दिउँसो २ बजेदेखि अर्को आदेश नभएसम्म बर्गदी पुलदेखि बहादुरगन्ज चोक, महाराजगन्ज बजार हुँदै हर्दौनासम्म भेला, सभा, जुलुस र प्रदर्शनमा पूर्ण रोक लगाएको छ ।

# महानगरद्वारा डाउन सिन्ड्रोमलगायत अवस्थाका परीक्षार्थीलाई विशेष व्यवस्था

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाले अटिजम, बौद्धिक अपांगता, डाउन सिन्ड्रोमलगायत अवस्थाका परीक्षार्थीलाई परीक्षामा सहभागी हुन विशेष किसिमले सहजता प्रदान गरेको जनाएको छ । महानगरले आधार भूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने, अटिजम, बौद्धिक अपांगता, डाउन सिन्ड्रोमलगायत अवस्था भएका विशेष प्रकृतिका विद्यार्थीलाई होम सेन्टरमै परीक्षा दिँदा सहजता प्रदान गरेको महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् । विशेष प्रकृतिका विद्यार्थीका लागि छुट्टै शैक्षिक वातावरण चाहिने भएकाले महानगरले यस प्रकारका शिक्षण संस्था सञ्चालनका विषयमा योजना बनाउँदै गरेको पनि कामु डंगोलको भनाइ छ ।

'महानगरले आधारभूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने, अटिजम, बौद्धिक अपांगता, डाउन सिन्ड्रोमलगायत अवस्था भएका विशेष प्रकृतिका विद्यार्थीलाई होम सेन्टरमै परीक्षा दिँदा सहजता प्रदान गरेको छ,' उनले भनिन्, 'विशेष प्रकृतिका विद्यार्थीका लागि छुट्टै शैक्षिक वातावरण चाहिने भएकाले महानगरले यस प्रकारका शिक्षण संस्था सञ्चालनका विषयमा योजना बनाउँदै गरेको छ ।' शिक्षा नियमावली, २०५९ को नियम ४७ बमोजिम दृष्टिविहीन, बहिरोपन भएका, सुस्तश्रवण, मनोसामाजिक अपांगता भएका विद्यार्थीका लागि उनीहरूले बुझ्ने सांकेतिक भाषामा परीक्षा दिने व्यवस्था मिलाइएको छ । यस्ता विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले वा सम्बन्धित विद्यालयले बढीमा १ घण्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछन् ।

महानगरले तयार पारेको प्रश्नपत्रबाट विकासात्मक अपांगता वा विशेष प्रकृतिका बालबालिकाहरूले परीक्षा दिन नसक्ने भएमा विद्यार्थीको सिकाइ प्रकृतिका आधारमा विद्यालयले उपयुक्त मूल्यांकन मापदण्ड तयारी गरी विद्यार्थी मूल्यांकन गरेर प्राप्तांक सम्बन्धित स्रोत केन्द्रमा बुझाउनुपर्नेछ । यही ५ चैतबाट सुरु भएको आधारभूत तह परिक्षाका लागि ५७ वटा केन्द्र सञ्चालन भइरहेको छ । यी केन्द्रहरूमध्ये ४७ सामुदायिक विद्यालयमा र १० संस्थागत विद्यालयमा छन् । केन्द्रहरूमा ४९४ विद्यालयका १९ हजार ११७ विद्यार्थी सहभागी छन् । परीक्षार्थीमा १० हजार ७४५ छात्र र ८ हजार ३७२ छात्रा छन् । विद्यालयको प्रकृतिका आधारमा हेर्दा, २ वटा कारागार र एउटा विशेषसहित ७७ वटा सामुदायिक विद्यालयका ४ हजार ६१४, २० वटा वैकल्पिक विद्यालयका ८३७ जना, ६ वटा धार्मिक विद्यालयका ७० जना र ३९१ वटा संस्थागत विद्यालयका १३ हजार ५९६ विद्यार्थीले परीक्षामा सहभागी भएका छन् । केन्द्रीय बहिरा माध्यमिक विद्यालय, नक्सालमा अध्ययनरत विद्यार्थीहरू विशेष प्रकृतिका (बहिरा) भएकाले उनीहरूको विशिष्ट आवश्यकतालाई ध्यानमा राखी सोही विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिएको छ । जगन्नाथ देवल माध्यमिक विद्यालय र बन्दी विकास आधारभूत विद्यालय कारागार (जेल) भित्र सञ्चालित रहेको र सुरक्षा संवेदनशीलताका कारण विद्यार्थीहरू बाहिर जान सहज नहुने हुँदा, ती विद्यालयहरूको परीक्षा केन्द्र त्यही विद्यालयमा नै कायम गरिएको कामपाको भनाइ छ ।

## बाग्मती सफाइ : ३ मेट्रिकटन फोहोर व्यवस्थापन

'राष्ट्रका लागि हप्ताको २ घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको बाग्मती सफाइ महाअभियानका क्रममा सिनामंगलस्थित बाग्मती पुल क्षेत्रमा सफाइ गरी ३ मेट्रिकटन नकुहिने फोहोर व्यवस्थापन गरिएको छ । शनिबारको सफाइबाट उठाइएको फोहोर काठमाडौं महानगरपालिकाले व्यवस्थापन गरेको हो ।

सफाइमा पूर्वमुख्यसचिव एवं चीनका लागि नेपाली राजदूत लीलामणि पौडेल, काठमाडौं महानगर-९ का वडा सदस्य नवराज अधिकारी, अधिकार सम्पन्न वाग्मती समितिका कर्मचारीसहित बाग्मती सफाइ अभियानकर्मीको उपस्थिति रहेको अभियाकर्मी किशोरसिंह शाहीले जानकारी दिए ।

२०७० जेठ ५ देखि सुरु भएको वाग्मती सफाइ महाअभियानको शनिबार ६७१औं शृंखला हो । महाअभियान सुरु भएदेखि प्रत्येक शनिबार बिहान करिब दुई घण्टा बाग्मती नदीमा सफाइ हुने गरेको छ । बाग्मती सफाइ महाअभियानबाट प्रभावित भएर काठमाडौंमा यसका सहायक नदी, चक्रपथका विभिन्न खण्ड र राजधानी बाहिरका नदी क्षेत्रमा सफाइ अभियान सुरु भएको छ । सफाइ अभियानका क्रममा पछिल्लो समय कुहिने फोहोरबाट कम्पोस्ट मल बनाएर नकुहिने फोहोर सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्दै आएका छन् ।

# हिउँमा फसेका २२० भन्दा बढी यात्रुको उद्धार

■ सौर्य समाचार

बागलुङ । भारी हिमपातका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गमा फसेका यात्रुको उद्धार गरिएको छ । बागलुङ र पूर्वी रुकुमको सिमाना पातिहाल्नेमा शुक्रबार रातिदेखि परेको भारी हिमपातका कारण फसेका २२० भन्दा बढी यात्रुको उद्धार गरिएको हो । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित डोजरको प्रयाग गरी सडक खुलाएर यात्रुको उद्धार गरिएको पूर्वी रुकुमका सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमले जानकारी दिए । उनका अनुसार सातवटा बस, १० वटा मोटरसाइकल र एउटा जिपमा रहेका यात्रु समस्यामा परेका थिए ।

सहायक प्रजिअ गौतमले २ जिल्लाको सिमाना क्षेत्रको करिब ३ किलोमिटर सडकको हिउँ पन्छाएर सडक खुलाएको र अब मौसम हेरेर मात्रै यात्रा गर्न आग्रह गरे । उनले भने, 'शुक्रबार साँझदेखि नै हिमपात भएको थियो, बिहानसम्म हिउँले सडक अवरुद्ध भयो ।

---

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, इलाम**
इलाम, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

(सूचना प्रकाशन मिति : २०८२/१२/०८)

यस कार्यालयबाट मिति २०८२/०९/३० गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार निर्धारित समय भित्र विधुतीय खरिद प्रणाली (e-GP) मार्फत दाखिला हुन आएका तपसिलका निर्माण कार्यमा पेश भएका उल्लेखित बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) बमोजिम मिति २०८२/१२/१५ गते आइतबार, समय : २:३० बजे, पूर्वाधार विकास कार्यालय,इलाममा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. र खरिद कार्यको विवरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| IDOILAM/NCB/W-62/082-83 (Upgrading of Nepaltar Manglabare Road,Ilam Chainage: [5+100 to 7+900] Km and [12+000 to 12+665] Km) | M/s Ajad/Raut J.V.,Udayapur |
| | M/s Krishnalila/Indradevi/Guransh J.V.,Nepalgunj-02,Banke |
| | M/s Shivalaya/Bhattarai/Pratik J.V.,Pokhari Chauri-8,Kavre |

कार्यालय प्रमुख

---

**Koshi Province Government**
**Ministry Of Tourism, Forest & Environment**
**Tourism Development Project**
**Koshi Province, Biratnagr**

**Invitation for Bid**

**First Date of Publication: 2082-12-08**

1. Tourism Development Project, Biratnagar invites bids from eligible bidders for following procurement of works:
2. To learn more, please visit the Ministry's website https://motfe.koshi.gov.np and the Tourism Development website : https://tdp.koshi.gov.np

| Submission of Bid For SQ | | Opening of Bid For SQ | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 2082-12-23 | 12.00PM | 2082-12-23 | 2.00PM |
| Submission of Bid For NCB(RE-BID) | | Opening of Bid For NCB(RE-BID) | |
| 2082-12-23 | 12.00PM | 2082-12-23 | 2.00PM |

| Submission of Bid For NCB | | Opening of Bid For NCB | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 2083-01-08 | 12.00PM | 2083-01-08 | 2.00PM |

- A complete set of Bidding Document may be purchased from the PPMO Website bolpatra.gov.np/egp by eligible Bidders.
- If the last date of purchasing submission and opening falls on a government holiday then the next working day shall be considered as last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
- The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the procurement of works without assigning any reason, whatsoever. Other Procurement process as per rule of PPA and PPR.

**Project Chief**
**TDP, Biratnagar, Morang**

---

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, भोजपुर**
भोजपुर, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०८

यस कार्यालयबाट २०८२/०९/२२ गतेको राजधानी राष्ट्रिय दैनिक र मिति २०८२/११/०४ गतेको सर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निर्धारित समय भित्र PPMO को e-Procurement Portal मार्फत रितपूर्वक दर्ता भएका बोलपत्रहरुको मूल्यङ्कन गर्दा तपसिल बमोजिम रहेका बोलपत्रहरु न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रवाभग्राही भई स्विकृतको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम, ठेगना | कबोल अंक रकम रु (पि.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | IDO/BHO/W/ NCB-43/082/83 | Upgrading Works of Bhojpur-Taksar-Manebhanjyang-Baikunthe-Bashikhora-Balankha-Ranitar Road(Thulo Chaur-Daduwa Section), Bhojpur | M/S DPS Construction, Bhojpur | 23,96,773.82 |
| 2 | IDO/BHO/W/ NCB-44/082/83 | Construction Works Of Sombare Bajar Sauchalay Nirman Nepaledanda shadananda Na.pa 01 Bhojpur | M/S DPS Construction, Bhojpur | 7,17,777.77 |
| 3 | IDO/BHO/W/ NCB-49/082/83 | Construction Works of Shree laliguras mahila tatha ama samuh vhawan nirman Hatuwagadhi Gaupalika 2, Bhojpur | M/S Minijar Construction and Suppliers, Kathmandu | 10,90,213.33 |
| 4 | IDO/BHO/W/ NCB-50/082/83 | Construction Works of Mandupa rai Bansako Samudayik Bhawan (Compound Wall) nirman Bhojpur na. pa. 11, Bhojpur | M/S Namchhuwa Nirman Sewa, Bhojpur | 6,66,264.70 |

कार्यालय प्रमुख

---

**Province Government**
**Bagamati Province**
**Water Resources and Irrigation Development Division, Sindhupalchok**

**Invitation for Bids**

**1st Date of publication: 22nd March, 2026 (Chaitra 8, 2082 BS)**

1. Water Resources and Irrigation Development Division, Sindhupalchok invites electronic bids from Nepalese eligible bidders for the construction of projects listed below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www. bolpatra.gov.np/egp.
3. Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 hour on 22nd April, 2026.

| S.No. | Invitation for Bid No | Estimated Amount (NRs, inclusive VAT) | Bid Security Amt(NRs) |
|---|---|---|---|
| 1 | WRIDD-SIPA/KKMRTP/WORKS/NCB-01/082-83 | 2182354.43 | 55000.0 |
| 2 | WRWRIDD-SIPA/TDBSRTP/WORKS/NCB-02/082-83 | 2,181,000.80 | 55000.0 |
| 3 | WRIDD-SIPA/KMSKRTP/WORKS/NCB-03/082-83 | 1,745,298.16 | 45000.0 |

**Division Chief**

---

**Nepal Electricity Authority**

**Notice Regarding Intent to Award the Contract**

**Notice Publication Date : 2082/12/08**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Hydropower Plant Automation Project, Durbarmarg, Kathmandu (Tel No : 01-4153014) | NEA-HPAP-2082/83-CST-02 | M/s J.R.A. Nirman Sewa Company Pvt.Ltd., Tokha-04, Kathmandu | NRs. 22,07,099.62 |
| Concrete Pole Plant, Tankisinuwari | NEA-CPPT-2082/83-ST-07 | M/s Premier Wire Pvt.Ltd. Biratnagar-06, Morang, Nepal | NRs. 8,19,54,155.81 |
| Jaleshwor Distribution Centre, (Tel No : 044-521156) | NEA-JLDC-2082/083-SQ-T-03 RE | M/s Tesla Infrastructure Private Limited, Kathamandu-10 | NRs. 3,38,243.14 |

---

**एभरेष्ट बैंक लिमिटेड टेकु, हेटौडा, बाग्लुङ र सिंहदरबार शाखाको**
**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

यस बैंकको टेकु, हेटौडा, बाग्लुङ र सिंहदरबार शाखाहरुमा कायम रहेका बचत तथा पेन्सन खातावालाहरुको मृत्यु भएको भनी विभिन्न मितिमा हकदाबी निवेदन पर्न आएको हुँदा तपसिलमा उल्लेखित हकदारहरु बाहेक अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अन्य कोही अग्राधिकारवाला हकदारहरुको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित सम्बन्धित शाखामा हकदावी गर्न आउनु होला । अन्यथा उक्त रकम निवेदकहरुलाई भुक्तानी भई जानेछ । रित नपुगी र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा अवगत गराउँदै सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | खाता नं. | खातावाला मृतकको नाम र विवरण | ठेगाना | हकदाबी गर्ने व्यक्ति/नाता | शाखा कार्यालय |
|---|---|---|---|---|---|
| १) | ०१०००५१६२०१३१४ (बचत खाता) | मृतक: कृष्ण बहादुर थापा क्षेत्री बाबु: सम्बर बहादुर थापा क्षेत्री | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बर्दघाट नगरपालिका वडा नं. १४ | दिपेश क्षेत्री (छोरा) | टेकु, काठमाण्डौं फोन नं.: ०१-५३४३३३७ |
| २) | ०४२००५०१२०२५९५ (बचत खाता) | मृतक: अरविन्द कुमार झा बाबु: राधा कान्त झा | सप्तरी जिल्ला, राजबिराज नगरपालिका वडा नं. १ | लिना कुमारी मिश्र (पत्नी) | हेटौडा फोन: ०५७-५२७००३ |
| ३) | ०२२००५२५२००१५५ (बचत खाता) ०२२००५०५२०१८५८ (पेन्सन खाता) | मृतक: हिराध्वज रायमाझी बाबु: मान बहादुर रायमाझी | बाग्लुङ जिल्ला, बाग्लुङ नगरपालिका वडा नं. १० | योगेन्द्र जंग रायमाझी (छोरा) | बाग्लुङ फोन: ०६८-५२२१८५ |
| ४) | ००१००५१६२०२८५३ (बचत खाता) | मृतक: लाल बहादुर मोक्तान बाबु: प्रेम बहादुर मोक्तान | ललितपुर जिल्ला, बाग्मती गाउँपालिका वडा नं. ३ | इन्द्र देवी मोक्तान (पत्नी) | सिंहदरबार, काठमाण्डौं फोन: ०१-४२००२६८ |

एभरेष्ट बैंक लिमिटेड
EBL EVEREST BANK LIMITED

प्रधान कार्यालय
लाजिम्पाट, काठमाण्डौं
फोन नं.: ०१-४५४३३७७

दिगो, दरिलो र विश्वासिलो

# जातीय विभेद उन्मूलनका लागि आयोगका अध्यक्षदेखि आइजिपीसम्मको प्रतिबद्धता

■ सौर्य समाचार

काठमाडौं। जातीय विभेदविरुद्ध विभिन्न क्षेत्रका व्यक्तिहरूले ऐक्यबद्धता जनाएका छन्। ६१औं अन्तरराष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा उनीहरू यस्तो ऐक्यबद्धता जनाएका हुन्। राष्ट्रिय दलित आयोग तथा विभिन्न दलित अधिकारकर्मी संघ-संस्थाको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले नेपालमा विद्यमान जातीय विभेद उन्मूलन गर्न आयोग दृढतापूर्वक सक्रिय रहेको बताए। अध्यक्ष मगरले जातीय विभेद अन्त्यका लागि केवल कानुन निर्माण मात्र पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयन अत्यावश्यक रहेकामा जोड दिए। राष्ट्रिय दलित आयोग तथा विभिन्न दलित अधिकारकर्मी संघसंस्थाको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा अध्यक्ष मगरले राज्यका निकायहरू, नागरिक समाज, सञ्चारमाध्यम र सर्वसाधारण नागरिक सबैको साझा पहलबिना जातीय विभेद उन्मूलन सम्भव नहुने स्पष्ट पारे।

उनले भने, 'जातीय विभेद रोक्नका लागि आयोगले विभिन्न अध्ययन, अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ। तर कानुन बनेर मात्र हुँदैन, त्यसको कडाइका साथ कार्यान्वयन गर्न सरकार गम्भीर हुनुपर्छ।' अध्यक्ष मगरले जातीय विभेद रोक्न सञ्चारकर्मीहरूको भूमिकालाई विशेष रूपमा रहेको उल्लेख गर्दै समाचार, लेख र कार्यक्रममार्फत समाजमा सकारात्मक सोचको विकास गर्न आग्रहसमेत गरे। उनले सञ्चार क्षेत्रले समाजमा रहेका विभेदजन्य सोचलाई चुनौती दिन र समानताको सन्देश प्रवाह गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने बताए।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले जातीय विभेद अझै पनि नेपाली समाजको जटिल समस्या भएको बताए। उनले दलित समुदायले भोग्दै आएको सामाजिक, आर्थिक तथा सांस्कृतिक बहिष्करणको अवस्थालाई गम्भीर रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याए। 'जातीय विभेदले दलित समुदायलाई 'मरौं कि बाँचौं' भन्ने कठिन अवस्थामा पुऱ्याएको छ,' उनले भने, 'समाजमा दलितहरूको अस्तित्व, सम्मान र स्वाभिमान जोगाउन सबै पक्ष एकजुट भएर लाग्नुपर्छ।'

उनले राज्यका नीतिहरू अझ प्रभावकारी बनाउन, शिक्षामा समान पहुँच सुनिश्चित गर्न, रोजगारीका अवसर विस्तार गर्न तथा विभेदजन्य व्यवहारमाथि कडा कारबाही गर्न सरकारसँग माग गरे। साथै, उनले स्थानीय तहदेखि केन्द्रसम्म समावेशी नीतिको कार्यान्वयनमा जोड दिनुपर्ने धारणा राखे। राष्ट्रिय महिला



आयोगकी अध्यक्ष कमलाकुमारी पराजुली, प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनार, आरेन राई, राष्ट्रियसभा सदस्य धर्मेन्द्र पासवान तथा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलगायत वक्ताहरूले पनि जातीय विभेद अन्त्यका लागि राज्य र समाजका सबै पक्षले सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए।

उनीहरूले नेपालमा कानुनी रूपमा जातीय विभेद निषेध भए पनि व्यवहारमा अझै यसको प्रभाव देखिनु दुःखद् भएको उल्लेख गर्दै चेतना अभिवृद्धि, शिक्षा, कडा कानुनी कारबाही र सामाजिक रूपान्तरणमार्फत मात्र स्थायी समाधान सम्भव हुने धारणा राखेका थिए।

यस्तै नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीले जाति तथा रंगभेद उन्मूलनका लागि नेपाल प्रहरी सक्रिय रुपमा लागेको उल्लेख गर्दै विभेदजन्य गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याइने बताए। उक्त कार्यक्रममा आइजिपी कार्कीले समाजमा विद्यमान विभेद अन्त्य गर्न कानुनी कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि आवश्यक रहेकोमा जोड दिए।

उनले जातीय विभेद जस्तो सामाजिक विकृतिको अन्त्यबिना समतामूलक समाजको परिकल्पना अधुरो रहने उल्लेख गर्दै प्रहरी संगठनले यस्ता घटनामा शून्य सहनशीलताको नीति अपनाएको स्पष्ट पारे। 'जातीय विभेद् रोक्न प्रहरी सक्रिय रूपमा लागि परेको छ। यसलाई अन्त्य गर्न हामी निरन्तर प्रयासरत छौं, तर यसमा राज्यका अन्य निकाय, नागरिक समाज र सर्वसाधारणको पनि उत्तिकै भूमिका आवश्यक छ,' उनले भने। आइजिपी कार्कीले नेपालको संविधानले सुनिश्चित गरेको समानता, स्वतन्त्रता र सामाजिक न्यायको अधिकार व्यवहारमा लागू गराउन प्रहरी प्रतिबद्ध रहेको बताए।

आइजिपी कार्कीले सबै नागरिकले बिना कुनै भेद्भाव समान हक-अधिकार उपभोग गर्न पाउनुपर्नेमा जोड दिँदै विभेदजन्य गतिविधि गर्ने जोसुकैलाई पनि कानुनको दायरामा ल्याइने विश्वास व्यक्त गरे। उनले सुर्खेतकी इनिशा विकको हत्या प्रकरणको अनुसन्धान तथ्य र प्रमाणका आधारमा अगाडि बढिरहेको बताए। उनले पीडित परिवारसँग निरन्तर सम्पर्क भइरहेको जानकारी दिँदै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याइने र न्याय सुनिश्चित गरिने प्रतिबद्धता व्यक्त गरे।

'इनिशा विक हत्या प्रकरणमा अनुसन्धानका लागि पर्याप्त रूपमा प्रहरी परिचालन गरिएको छ। छिट्टै सत्यतथ्य सार्वजनिक हुनेछ,' उनले भने।

### छुवाछूत अन्त्यका लागि माइतीघर मण्डलामा सशक्त आवाज

यसैबीच, जातीय विभेद उन्मूलन दिवसको अवसरमा शनिबार काठमाडौंको माइतीघर मण्डलामा विशेष कार्यक्रम आयोजना गरिएको थियने। विभिन्न दलित अधिकारकर्मी संघसंस्था, मानवअधिकारवादी तथा नागरिक अभियन्ताहरूको ठुलो सहभागितामा आयोजित उक्त कार्यक्रममा जातीय विभेद र छुवाछूत अन्त्यका लागि सशक्त आवाज उठाइएको थियो।

कार्यक्रममा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले जातीय विभेद विरुद्धको लडाइँ पद र सत्ताभन्दा माथि रहेको बताए। उनले सामाजिक न्यायका लागि आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै भने, 'म सरकारमा हुँ या नहुँ, जातीय विभेदविरुद्ध आवाज उठाउन छाड्दिनँ। हाम्रो आफ्नै नेतृत्वको सरकारले यदि यस विषयमा गलत गर्छ भने त्यसविरुद्धमा पनि म निर्धक्क भएर आवाज उठाउने छु।'


## Bagmati Rural Municipality
### Office of Rural Municipal Executive
Jhurjhure, Makwanpur
Bagmati Province, Nepal

**Invitation for Electronic Bid for the Procurement of Goods**

First date of Publication: 2082/12/08 (22th Mar. 2026)

**Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites for the electronic bids from eligible** bidders for the procurement of following items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Makwanpur. Tel: 9849162772/9765744115/9866484834, website: http://bagmatimunmakawanpur.gov.np/ or may visit PPMO e-GP system: https://www.bolpatra.gov.np/egp/

| Contract ID number/ IFB No. | Description of Particulars | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) | Remarks |
|---|---|---|---|---|
| BRM/NCB/GOODS/ 004/2082/083 | Procurement, Supply, Delivery and Installation of ICT Related Items | 3,000/- | 1,88,000/- | |

Chief Administrative Officer



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
वीरेन्द्रनगर, सर्खेत
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति: २०८२।१२।०८ गते

यस केन्द्रको मिति २०८२।०९।२३ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित म्यादभित्र विद्युतीय माध्यमबाट दर्ता भएका बोलपत्रहरू मध्ये मूल्याङ्कन समितिबाट तपसिलमा उल्लेख गरिएको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभुत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतीको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | PHLMC/KP/G/NCB-02/2082-083 | Procurement of Supply & Delivery of Basic and Emergency Service Medicine | Chunchun Pharmacy, Pokhara | १,०४,४८,८००।- |

निमित्त निर्देशक



## सुन्दरहरैंचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।१२।०८

प्रस्तुत विषयमा यस सुन्दरहरैंचा नगरपालिकाको वेवसाइटमा प्रकाशित गरीएको BOQ अनुसारको कार्य गर्नका लागि उपकरण खरिद गर्नुपर्ने भएको हुँदा माथी उल्लेखित प्रकृतिका फर्महरुले मिति २०८२/१२/१४ गते दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको आर्थिक प्रस्ताव (तोकिए बमोजिम पालिकाको websiteबाट प्राप्त गरी) शिलबन्दी गरी पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराईन्छ। प्रस्तावको मुल्याङ्कन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) बमोजिम ८५(४) को सापेक्षतामा गरिनेछ। प्रस्ताव सोहि दिन दिनको २:०० बजे खोलिने हुँदा प्रस्तावदातालाई उपस्थितिका लागि समेत अनुरोध छ।

| S. N | Particulars | Required Specifications | Unit | Qty. | Estimated cost(excluding VAT) | Total |
|---|---|---|---|---|---|---|
| 1 | Project | Kiosk machine with Interactive digital citizen charter | ls | 1 | 322500 | 322500 |
| | | | | | Total | 322500 |

देहाय
कार्य/सेवा- Interactive digital citizen charter सम्बन्धी
नोट: १) विस्तृत विवरण BOQ बाट लिनुहुन साथै BOQ, TOR लगायतका कागजात sundarharaichamun.gov.npबाट प्राप्त गर्नुहुन।
२) बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय बागबजार, काठमाण्डौंको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८२/१२/०८ गते सौर्य दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बागबजार, काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ चैत १५ गते आईतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बागबजार, काठमाण्डौंमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

**१. ऋणीको विवरण**

१. नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय सहकारी विभाग डिभिजन सहकारी कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक सहकारी ऐन २०४८ बमोजिम मिति २०६६/०३/१० मा दर्ता नं १३७०/०६६ अन्तर्गत दर्ता कायम भई सिन्धुपाल्चोक जिल्ला, गुम्सा वडा नं ५ स्थित **ॐ जय बुद्ध बचत तथा ऋण सहकारी संस्था लि। संञ्चालक छिरिङ्ग डोल्मा शेर्पा**

**लिलाम हुने सम्पतिको विवरण**

१. **छिरिङ्ग डोल्मा शेर्पा** को नाममा मालपोत कार्यालय, ललिपुरमा दर्ता कायम रहेको ललिपुर जिल्ला, माल्टा गा.वि.स./न.पा., वडा नं. २ स्थित कित्ता नं. ६१ को क्षेत्रफल ३-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **तेन्जीङ्ग तोप्देन शेर्पा** को नाममा मालपोत कार्यालय, दमकमा दर्ता कायम रहेको झापा जिल्ला, दमक गा.वि.स./न.पा., वडा नं. १७ स्थित कित्ता नं. ६४४, २७८, २७९ को क्षेत्रफल क्रमश ३९१५.००, ३०७०.००, ७३१०.०० व.मि जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. **छिरिङ्ग डोल्मा शेर्पा** को नाममा मालपोत कार्यालय, मकवानपुर मा दर्ता कायम रहेको मकवानपुर जिल्ला, कटुन्जे गा.वि.स./न.पा., वडा नं. ५ स्थित कित्ता नं. ४६ को क्षेत्रफल ४७८५.३४ व.मि र मकवानपुर जिल्ला, कटुन्जे गा.वि.स./न.पा., वडा नं. २ स्थित कित्ता नं. १८९, १९०, १८८ को क्षेत्रफल क्रमश १२००.३१, १३२७.४९, ९४५.९४ व.मि जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८२ चैत १४ गते** भित्र बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौंमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बागबजार, काठमाण्डौंबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८२ चैत १५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौंमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौंमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८२ चैत १५ गते आईतबार अपरान्ह ०३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६९९१**



## चन्द्रागिरी इन्भेष्टमेन्ट ग्रुप लि.

**पहिलो बार्षिक साधारणसभा सम्बन्धी सूचना**

सूचना प्रकाशित मिती : २०८२/१२/०७

यस चन्द्रागिरी इन्भेष्टमेन्ट ग्रुप लि.को मिति २०८२।१२।०४ गते बसेको संचालक समितिको निर्णय अनुसार पहिलो बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु।

**सभा हुने मिति, स्थान र समय:**
**मिति:** २०८२।१२।२८ गते, साँझ ५:०० बजे
**स्थान:** दाउरा थकाली प्रा.लि. पुल्चोक, ललितपुर

**छलफलको विषयसूचि (एजेण्डा):**

(क) **साधारण प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षक सरु एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सको नियुक्ती अनुमोदन सम्बन्धमा।
३. आ.व. २०८१/२०८२ को लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
४. आ. व. २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्ती गर्ने सम्बन्धमा।
५. संचालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।

(ख) **विशेष प्रस्ताव**
१. सेयरधनीलाई चुक्तापूँजीको ४ प्रतिशत नगद लाभांश वितरण गर्ने सम्बन्धमा।
२. प्राथमिक सेयर (आइपिओ) जारी गर्ने सम्बन्धमा।
३. आइपिओ निस्कासनका लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।
४. कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धमा।
५. कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा।

(ग). **बिबिध**
साधारणसभा सम्बन्धि थप जानकारीका लागि कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## सम्पादकीय

# प्रशासनिक विडम्बना र सुशासनको खोजी

इतिहासकै सबैभन्दा बलियो जननिर्वाचित सरकार गठन हुन गइरहेका कारण राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति धेरैको चासो मात्र होइन, ठूलो आशा पनि देखिएको छ। हुन त, रास्वपाले आफू सरकारमा पुगेपछि गर्ने कामहरूको सूची जनतासँग भोट माग्न जाँदा नै घोषणापत्रमार्फत प्रस्तुत गरिसकेको छ। उसले 'नागरिक करार' भन्दै घोषणापत्रमा उल्लेख गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न सक्यो भने निश्चय नै जनताले परिवर्तनको अनुभूति गर्नेछन्। तर, घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरू सरकारमा जानेबित्तिकै पूरा हुने सम्भावना रहँदैन, किनकि यो काम 'सलाई कोरेर चुरोट सल्काएजस्तो' छिटो र सजिलो पक्कै पनि होइन। यसमा प्रक्रियागत झमेलाहरू धेरै हुन्छन्। प्राथमिकताका आधारमा काम अगाडि बढाउँदै जानु नै सकारात्मक गतिको लक्षण हो। त्यसैले 'प्राथमिकताक्रमको निर्धारण कसरी गर्ने ?' भन्ने सन्दर्भमा विज्ञ तथा शुभचिन्तकहरूले मिडियामार्फत प्रकट गरेका सुझाव तथा धारणालाई रास्वपाको नेतृत्व तहले अवश्य पनि टिपोटमा लिएको हुनुपर्छ। कामको प्राथमिकता क्रम निर्धारणका सन्दर्भमा विज्ञहरूले विभिन्न सुझाव दिइरहँदा, रास्वपाको नेतृत्व पंक्तिले सुशासनबाहेक अरू मामिला पहिलो प्राथमिकतामा पर्न नसक्ने भनाइ सार्वजनिक गरेका छन्। निश्चय नै रास्वपाका नेताहरूको यो भनाइ परिपक्वताको सूचक हो। यद्यपि, सुशासन आफैँमा निकै व्यापक विषय हो। वास्तवमा सुशासन कायम गर्ने हो भने जनताले झेलेका आधा समस्या स्वतः समाधान हुन्छन्, बाँकी समस्या समाधानका लागि बाटो खोल्ने भनेको पनि सुशासनले नै हो। तर, सुशासन कायम गर्ने कसरी र यसका लागि प्रक्रिया कहाँबाट सुरु गर्ने ? भन्ने प्रश्न ज्यादै महत्वपूर्ण हुन्छ। त्यसैले, यस विषयमा रास्वपाले व्यापक गृहकार्य गरोस्।

सुशासनका लागि मुख्य भूमिका राज्य संयन्त्रमा रहेको जनशक्तिको हुन्छ। राज्यले जनताका लागि प्रवाह गर्ने सेवासुविधाका संवाहक भनेकै कर्मचारी हुन्। साँच्चै भन्ने हो भने, कानुन, नियम तथा विधिलाई आधार मान्दा जनतालाई सेवा दिनुपर्छ भन्ने मामिलामा यसअघिका सरकार पनि बेखबर देखिँदैनन्। जनतालाई सेवा तथा सहुलियत दिने सन्दर्भमा कयौँ कानुन, नियम तथा विधि बनेका छन्। तर, सेवाग्राही जनताले अझै थप सास्ती बेहोर्नु परिरहेको छ। सेवाग्राहीलाई सकेसम्म सास्ती नदिनु नै सुशासनको प्रस्थानबिन्दु हो भन्ने हेक्का जबसम्म राज्य संयन्त्रमा रहेको जनशक्तिले राख्न सक्दैन, तबसम्म सुशासनको प्रतिबद्धता केवल नारामै सीमित हुन्छ। उदाहरणका लागि, २०५१ सालमा सरकारले गरेको जनउत्तरदायी कामको सिको गर्दै काठमाडौं महानगरपालिकाले पनि आफ्नो क्षेत्रभित्र बसोबास गरेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई वार्षिक १२ हजार रुपैयाँ पोषण भत्ता प्रदान गर्ने कार्यक्रम ल्याएको छ। तर, यसका लागि सेवाग्राहीले आवेदन दिँदा पेस गर्नुपर्ने कागजातको निकै लामो फेहरिस्त उल्लेख गर्दै सार्वजनिक सूचना जारी गरिएको छ। जबकि, सामाजिक सुरक्षा भत्ताका लागि स्थानीय सरकारले नै सबै विधि पुऱ्याएर परिचयपत्र दिएको हुन्छ। तर, सेवा लिन जाँदा परिचयपत्रका अलावा नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र र बसाइँसराइको प्रमाणपत्र समेत ल्याउन भन्दै हालै सूचना जारी गरिएको छ। परिचयपत्र आफैँमा सबै प्रमाणहरू रुजु गरेर स्थानीय सरकारले नै जारी गरेको आधिकारिक कागजात हो। त्यसपछि पनि फेरि उही प्रमाणहरू माग्नु भनेको जनतालाई अनावश्यक दुःख दिनु नै हो। काठमाडौं महानगरपालिकाको यो सूचना त एउटा उदाहरण मात्र हो, मुलुकका सबैजसो सरकारी संयन्त्र यसरी नै चलेका छन्। करिब साढे तीन वर्ष मेयर बनेका बालेन्द्र शाहले महानगरको सेवालाई जनमैत्री बनाउन सकेको भए, उनी प्रधानमन्त्री बनेपछि सुशासनको मामिलामा प्रगति हुने अपेक्षा स्वाभाविक हुन्थ्यो। तर, अहिले 'आशा गरौँ, भर नपरौँ' भन्ने अवस्था देखिन्छ।

एकातिर देशको राजस्वले साधारण खर्च धान्न सकेको छैन भने अर्कातिर यति धेरै साधारण खर्च गर्दा पनि राज्यको सेवा जनस्तरसम्म सजिलै पुग्न सकेको छैन। यसको मुख्य कारण कर्मचारीतन्त्रबाट काम लिन नसक्नु नै हो। उदाहरणका लागि, नेपालमा शिक्षक बाहेक सरकारी तलव खाने कर्मचारी तथा सुरक्षाकर्मीको संख्या करिव ३ लाख २० हजार छ। यस हिसावले १ लाख जनताले १ हजार भन्दा बढी कर्मचारी पाल्नु पर्ने देखिन्छ। उता छिमेकी देश भारतमा शिक्षक बाहेक सरकारी तलव खाने कर्मचारी तथा सुरक्षाकर्मीको संख्या करिव ८६ लाख छ। यस हिसावले भारतमा एक लाख जनसंख्याले करिव ६ सय कर्मचारी पाल्नु पर्ने देखिन्छ। यो आफैँमा नेपाली जनतामाथिको निकै ठूलो आर्थिक बोझ हो। मुलुकको कुल गार्हस्थ्य उत्पादनको तुलनामा कर्मचारीको तलब र पेन्सनमा हुने खर्चको हिस्सा छिमेकी देशहरूको तुलनामा यति उच्च हुँदाहुँदै पनि, जनताले सरकारी काम लिन जाँदा बेहोर्नुपर्ने सास्ती घट्नुको सट्टा बढ्नु सामान्य विडम्बना होइन। जबसम्म यो विडम्बनाको अन्त्य हुँदैन, तबसम्म आर्थिक विकास, रोजगारी र आर्थिक समृद्धिको नारा खोक्रो साबित हुन्छ। यदि रास्वपाले साच्चै आफ्नो घोषणापत्र कार्यान्वयन गर्ने हो भने सर्वप्रथम जनता र सरकारी कर्मचारीको अनुपात भारतको जस्तै कायम गर्नुपर्छ। साथै, कर्मचारीमा 'जनताको सेवक' भन्दा पनि 'मालिक हुँ' भन्ने प्रवृत्ति हाबी छ। त्यसैले राज्यको मर्यादाक्रम निर्धारण गर्दा सर्वसाधारण जनतालाई सबैभन्दा माथिल्लो सूचीमा राख्नुपर्छ। यसका साथै, जनताको हरेक काम कति समयभित्र सकिनुपर्ने हो, त्यसको 'टाइम कार्ड' लागू गरिनुपर्छ। यदि तोकिएको समयमा काम भएन र त्यसको जायज कारण छैन भने, सम्बन्धित कर्मचारीलाई जरिवाना गर्ने र सेवाग्राहीलाई क्षतिपूर्ति दिने कानुनी व्यवस्था हुनुपर्छ।

# बाह्य सैन्य रणनीति र नेपालको चुनौती



बोर्णबहादुर कार्की

> "हाम्रा छिमेकी राष्ट्रहरु चीन र भारतको विरुद्धमा कुनै पनि "तेस्रो पक्ष" (शक्ति राष्ट्र) लाई नेपाली भूमि प्रयोग गर्न नदिने प्रतिबद्धता र सोही अनुरूपको सन्तुलित कूटनीतिक नीति तय गर्नु अपरिहार्य छ । यस्तो स्पष्ट र तटस्थ नीतिले मात्र हाम्रो राष्ट्रिय अखण्डता र हितको रक्षा गर्न सक्छ

यदि हाम्रो देश नेपाल चीन र भारतजस्ता विशाल जनसंख्या भएका ठूला देशले घेरिएको हुँदैनथ्यो भने अमेरिकाले सायद चिन्दैनथ्यो होला। तर चीन र भारतले घेरिएकै कारण नेपालमा अमेरिकी चासो सर्वाधिक छ। नेपालमाथि किन यति धेरै चासो राख्छ अमेरिकाले भन्ने प्रश्नको उत्तर ओपन सेक्रेट नै छ। अमेरिकाको यो सर्वाधिक चासो स्वभाविक रुपमा चीन र भारतका लागि चिन्ताको विषय हुन्छ। अमेरिकाको बढ्दो चासो र छिमेकीको यही चिन्तालाई ख्याल गर्दै राजतन्त्रकालमा सन्तुलित कुटनीति अपनाइएको थियो।

तर नेपाल पछिल्लो समयमा विदेशी शक्ति राष्ट्रहरूको भू-राजनीतिक स्वार्थ र सैन्य रणनीतिको 'रणभूमि' बन्ने खतरा बढ्दै गएको छ। विशेषगरी संयुक्त राज्य अमेरिकाले छिमेकी राष्ट्र चीनलाई नियन्त्रण गर्ने र दक्षिण एसियामा आफ्नो सैन्य उपस्थितिलाई बलियो बनाउने रणनीतिका साथ नेपालको भूमिप्रति चासो देखाएको छ।

अमेरिकाले नेपाललाई आफ्नो सामरिक प्रभावमा पार्न पछिल्लो समय विभिन्न सम्झौता र कार्यक्रमहरू अघि सारेको देखिन्छ। यसको ज्वलन्त उदाहरण 'स्टेट पार्टनरसिप प्रोग्राम' ( एसपीपी) मार्फत नेपाली सेनासँग सिधै जोडिने प्रयास थियो। यद्यपि, सचेत नागरिक र व्यापक जनविरोधका कारण उक्त घातक सम्झौता अघि बढ्न सकेन। तर, अमेरिकाले नेपाललाई आफ्नो सैन्य गठबन्धन वा रणनीतिको हिस्सा बनाउने सूक्ष्म प्रयासहरू अझै पनि विभिन्न बहानामा जारी राखेको छ, जसप्रति नेपाल अत्यन्तै सजग हुनुपर्ने देखिन्छ।

दोस्रो विश्वयुद्धपछि लामो समयसम्म विश्व राजनीतिमा संयुक्त राज्य अमेरिकाको एकछत्र राज रह्यो। तर, एक्काइसौँ शताब्दीको दोस्रो दशकसम्म आइपुग्दा यो 'एकध्रुवीय' विश्व व्यवस्था भत्किँदै गएको छ। अमेरिका अहिले आफ्नो गुमेको साख फिर्ता ल्याउने र विश्वको निर्विकल्प नेता बनिरहने अन्तिम कसरतमा छ।

एकातर्फ रुस-युक्रेन युद्धले युरोपको सुरक्षा सन्तुलन बिगारेको छ भने अर्कोतर्फ चीनको आर्थिक र सामरिक छलाङले अमेरिकालाई कडा चुनौती दिएको छ। अमेरिकाको 'इन्डो-प्यासिफिक रणनीति'को मुख्य उद्देश्य नै चीनलाई घेर्नु र उसको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बीआरआइ)लाई असफल बनाउनु हो। यहि खिचातानीको बाछिटा अहिले दक्षिण एसिया हुँदै पश्चिम एसियासम्म पुगेको छ।

खासमा अहिले भइरहेको पश्चिम एसियाको द्वन्द्व, केवल क्षेत्रीय होइन, वैश्विक शक्ति संघर्ष हो। अहिले पश्चिम एसिया (इजरायल-हमास द्वन्द्व, इरान-इजरायल तनाव र लेबनान संकट) मा जुन खालको सैन्य मुठभेड देखिएको छ, यसलाई केवल दुई देशको झगडाका रूपमा मात्र हेर्नु भूल हुनेछ। यो क्षेत्र ऊर्जा (तेल र ग्यास) को मुहान मात्र नभई विश्व व्यापारको मुख्य मार्ग (सुएज नहर र हर्मुज जलघाँटी) पनि हो।

अमेरिका पश्चिम एसियामा आफ्नो प्रभाव कायम राखेर चीनको बढ्दो 'ऊर्जा सुरक्षा' लाई नियन्त्रण गर्न चाहन्छ। चीनले पछिल्लो समय इरान र साउदी अरबबीच ऐतिहासिक मेलमिलाप गराएर आफूलाई एक 'शान्तिदूत' का रूपमा उभ्याउन खोजेपछि अमेरिका झस्किएको छ। त्यसैले, पश्चिम एसियामा मच्चिएको डढेलोमा कतै न कतै विश्व शक्तिराष्ट्रहरूको स्वार्थ लुकेको छ। अमेरिका इजरायलको पक्षमा एकढिक्का भएर उभिनु र चीन तथा रुसले प्यालेस्टाइनको पक्षमा वा तटस्थताको वकालत गर्नुले विश्व स्पष्ट रूपमा दुई कित्तामा बाँडिएको देखाउँछ।

अमेरिकाले चीनलाई तीनतिरबाट घेर्ने रणनीति लिएको छ। पहिलो हो- दक्षिण चीन सागर र ताइवान। यहाँ सैन्य उपस्थिति बढाएर चीनको समुद्री मार्ग रोक्ने। दोस्रो हो- दक्षिण एसिया (नेपाल र भारत)। हिमालय क्षेत्रमा सैन्य वा रणनीतिक प्रभाव जमाएर चीनको उत्तरी सीमामा दबाब दिने। तेस्रो हो- पश्चिम एसिया। इरान जस्ता चीनका मित्र राष्ट्रहरूलाई अस्थिर बनाएर चीनको ऊर्जा आपूर्तिमा बाधा पुऱ्याउने।

अहिले पश्चिम एसियामा मच्चिएको द्वन्द्वले अमेरिकालाई एकसाथ धेरै ठाउँमा अलमल्याएको छ। एकातिर युक्रेनलाई सहयोग गर्नुपर्ने, अर्कोतिर इजरायललाई बचाउनुपर्ने र सँगसँगै ताइवानमा चीनलाई रोक्नुपर्ने दबाब अमेरिकामाथि छ। यो 'मल्टि-फ्रन्ट' चुनौतीले गर्दा अमेरिकाले साना राष्ट्रहरू (जस्तै नेपाल) लाई झन् बढी दबाबमा पारेर आफ्नो सैन्य वा रणनीतिक साझेदार बनाउन खोजिरहेको छ।

नेपालजस्तो मुलुकमा अमेरिकी चासो बढ्नुको कारण हाम्रो भूगोल हो भन्ने कुरामा हामीले कत्ति पनि द्विविधा राख्नु हुन्न। अमेरिकाले नेपाललाई आफ्नो सैन्य रणनीतिको एउटा हिस्सा (जस्तै एसपीपी वा एमसीसीको सामरिक पाटो) बनाउन चाहनुको पछाडि चीनको तिब्बत क्षेत्रमा निगरानी राख्नु नै हो।

पश्चिम एसियामा युद्ध चर्किएपछि विश्वको ध्यान त्यहाँ केन्द्रित भएको मौका छोपी शक्ति राष्ट्रहरूले साना देशहरूमा आफ्ना गुप्त एजेन्डाहरू अघि सार्ने गर्छन्। यदि नेपालले आफ्नो भूमिमा कुनै पनि विदेशी सैन्य उपस्थितिलाई अनुमति दियो भने, हामी पनि पश्चिम एसिया जस्तै शक्ति राष्ट्रहरूको 'प्रोक्सी वार'को अखडा बन्ने निश्चित छ। छिमेकी चीन र भारतको सुरक्षा संवेदनशीलतालाई नजरअन्दाज गरेर लिइने कुनै पनि वैदेशिक सहयोग नेपालका लागि 'विषवृक्ष' सावित हुन सक्छ।

त्यसैले अबको विकल्प भनेको असंलग्नता र सन्तुलित कूटनीति हो। पश्चिम एसियाको द्वन्द्वले सिकाएको पाठ के हो भने, जब कुनै देशले आफ्नो अस्तित्व रक्षाका लागि पराई शक्तिको सैन्यमा भर पर्छ, तब उसले आफ्नो स्वाधीनता गुमाउँछ। नेपालले अहिलेको विश्व परिस्थितिमा कसैको पनि पक्ष लिनु हुँदैन। अमेरिकाको कुनै पनि सैन्य गठबन्धन वा रणनीतिको हिस्सा बन्नु हुँदैन। चीन र भारतको सुरक्षामा आँच आउने गरी तेस्रो पक्षलाई नेपाली भूमि प्रयोग गर्न दिनु हुन्न। सहयोगका नाममा आउने सामरिक सर्तहरूलाई इन्कार गर्नुपर्छ।

### किन सतर्क हुनुपर्छ ?

अहिलेको विश्व परिस्थितिमा शक्ति राष्ट्रहरू बीचको खिचातानी र नयाँ समीकरणहरू देखा परिरहेका छन्। विशेषगरी अमेरिका र चीन बीचको प्रतिस्पर्धा र भारतको बढ्दो प्रभावले विश्व राजनीतिमा नयाँ मोड ल्याएको छ।

अमेरिकाले आफ्नो गुमेको साख फिर्ता ल्याउन र चीनलाई घेर्नका लागि विभिन्न रणनीतिहरू अपनाइरहेको छ। अर्कोतर्फ, चीन र भारत बीचको सम्बन्ध पनि उतारचढावपूर्ण रहेको छ। यी शक्ति राष्ट्रहरू बीचको द्वन्द्वले गर्दा साना र विकासोन्मुख राष्ट्रहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भइरहेका छन्। यस्तो अवस्थामा कुनै पनि बेला विश्वमा ठूलो संकट आउन सक्ने खतरा देखिन्छ। शक्ति राष्ट्रहरूको सैन्य होडबाजी र आर्थिक प्रतिस्पर्धाले गर्दा शान्ति र स्थिरतामा चुनौती थपिएको छ। त्यसैले, अहिलेको समयमा सबै पक्ष गम्भीर भएर लाग्नुपर्ने र कूटनीतिक माध्यमबाट समस्याको समाधान खोज्नुपर्ने आवश्यकता देखिन्छ।

शक्ति राष्ट्र र क्षेत्रीय शक्तिहरू बीचको खिचातानीमा हाम्रो रणनीति र कुटनीति निश्चय पनि परिपक्व हुनुपर्छ। यस मामिलामा हामी जस्तै अन्य कमजोर देशको अनुभवबाट पाठ सिक्नु पर्छ। प्रमुख शक्ति राष्ट्र र क्षेत्रीय शक्तिहरू बीचको खिचातानीका कारण साना र विकासोन्मुख राष्ट्रहरू गम्भीर संकटमा परिरहेका छन्। शक्ति राष्ट्रहरूले आफ्नो प्रभाव विस्तार गर्नका लागि साना राष्ट्रहरूलाई प्रयोग गर्ने रणनीति अपनाइरहेका छन्।

यस्तो अवस्थामा साना राष्ट्रहरूले आफ्नो स्वाधीनता र राष्ट्रिय स्वार्थको रक्षा गर्नका लागि निकै सचेत हुनुपर्ने देखिन्छ। शक्ति राष्ट्रहरूले साना राष्ट्रका आन्तरिक मामिलामा हस्तक्षेप गर्ने र उनीहरूलाई आफ्नो पक्षमा पार्ने कोसिस गरिरहेका हुन्छन्। यस चुनौतीको सामना गर्नका लागि साना राष्ट्रहरू बीच आपसी एकता र सहकार्य हुनु जरुरी छ। साथै, सन्तुलित कूटनीति र स्पष्ट परराष्ट्र नीतिको माध्यमबाट मात्र आफ्नो अस्तित्व जोगाउन सकिन्छ।

शक्ति राष्ट्रहरूको सैन्य होडबाजी र आर्थिक दबाबबाट मुक्त हुनका लागि आत्मनिर्भरता र क्षेत्रीय संगठनहरूको भूमिकालाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ। युक्रेन जस्तो भू-राजनीतिक अवस्थामा रहेको मुलुकमा अहिले जुन खालको परिस्थिति बनेको छ, त्यसले गर्दा विश्व शक्तिराष्ट्रहरू, खासगरी अमेरिका, चीन र रुस जस्ता शक्तिहरू बीचको खिचातानी प्रस्ट देखिएको छ।

शक्ति राष्ट्रहरूले आफ्नो स्वार्थ पूर्तिका लागि साना मुलुकहरूलाई प्रयोग गर्ने नीति लिएका हुन्छन्। यस्तो अवस्थामा कुनै पनि मुलुकले आफ्नो राष्ट्रिय स्वार्थ र सार्वभौमसत्तालाई दाउमा राखेर अरूको प्रभावमा पर्नु हुँदैन। साना र असंलग्न मुलुकहरूले शक्ति राष्ट्रहरूको द्वन्द्वमा आफूलाई तटस्थ राख्दै आफ्नो मुलुकको अस्तित्व रक्षा गर्न निकै सावधानी अपनाउनुपर्ने हुन्छ।

नेपाल जस्ता संवेदनशील भू-राजनीतिक अवस्थामा रहेका मुलुकहरूका लागि त यो झन् ठूलो चुनौतीको विषय हो। शक्ति राष्ट्रहरूको सैन्य वा आर्थिक रणनीतिको गोटी नबनी आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्नु नै अहिलेको मुख्य कार्यभार हो। यो कुरालाई आत्मसात गरी स्वदेशका नीति अवलम्बन गर्न नसकिएमा मुलुक सधैंभरि संकट र चिन्तामा नै रहिरहनु पर्ने हुन्छ। यस्तै आगामी दिनमा त विशेषगरी छिमेकी राष्ट्रहरूसँगको परिस्थिति झन् बढी जटिल बन्दै गइरहेको छ।

छिमेकी राष्ट्रहरूमा पछिल्लो ५०/६० वर्षको कस्तो विश्व राजनीतिक तरंग उत्पन्न भएको छ, त्यो हामीले बुझ्न जरुरी छ। छिमेकी मुलुक चीन र भारतविरुद्ध तेस्रो पक्षबाट आफ्नो भूमि प्रयोग गर्न नदिने गरी सन्तुलित नीति तय गर्न सकेमा मात्र हाम्रो राष्ट्रिय हितको रक्षा गर्न सकिन्छ। शक्ति राष्ट्र अमेरिकाले चीनलाई घेर्ने र दक्षिण एसियामा आफ्नो प्रभुत्व कायम गर्ने रणनीतिका साथ नेपाललाई प्रयोग गर्न खोजिरहेको देखिन्छ। छिमेकी मुलुक चीन र भारतको बीचमा रहेको नेपाललाई अमेरिकीहरूले आफ्नो सैन्य रणनीतिको एउटा अखडा बनाउन चाहिरहेका छन्।

पछिल्लो समयमा अमेरिकी सेना नेपालमा कुनै न कुनै बहानामा प्रवेश गर्ने र यहाँ आफ्नो सैन्य गतिविधि बढाउने प्रयासमा छ। यसै सन्दर्भमा 'स्टेट पार्टनरसिप प्रोग्राम' (एसपीपी) सम्झौता गर्ने प्रयत्न भएको थियो, जसलाई आम जनताको व्यापक विरोध र सचेत नागरिकहरूको दबाबका कारण सरकारले पछि हटाउन बाध्य भएको थियो। तर पनि अमेरिकाले नेपाललाई आफ्नो सैन्य रणनीतिको घेराभित्र पार्ने कसरत अझै जारी राखेको छ।

### छिमेकी सम्बन्ध र सन्तुलित परराष्ट्र नीति

वर्तमान विश्व परिस्थितिलाई आत्मसात गर्दै समयमै सही नीति अवलम्बन गर्न नसकेमा मुलुक सधैंभरि संकट र अस्थिरताको भुमरीमा फस्ने निश्चित छ। विशेषगरी, आगामी दिनहरूमा हाम्रा छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध र भू-राजनीतिक परिस्थिति थप चुनौतीपूर्ण र जटिल बन्दै जाने देखिन्छ।

विगत ५०-६० वर्षको विश्व राजनीतिको उतारचढाव र छिमेकी मुलुकहरूको अवस्थालाई गम्भीरतापूर्वक विश्लेषण गर्नुपर्ने बेला आएको छ। हाम्रा छिमेकी राष्ट्रहरू–चीन र भारत–को विरुद्धमा कुनै पनि 'तेस्रो पक्ष' (शक्ति राष्ट्र) लाई नेपाली भूमि प्रयोग गर्न नदिने प्रतिबद्धता र सोही अनुरूपको सन्तुलित कूटनीतिक नीति तय गर्नु अपरिहार्य छ। यस्तो स्पष्ट र तटस्थ नीतिले मात्र हाम्रो राष्ट्रिय अखण्डता र हितको रक्षा गर्न सक्छ।

अमेरिकाले आफ्नो गुमेको साख जोगाउन गरिरहेको विश्वव्यापी दौड र चीनको उदय बीचको टकरावले विश्वलाई तेस्रो विश्वयुद्धको संघारमा पुऱ्याएको भान हुन्छ। पश्चिम एसियाको युद्ध यसै विशाल डढेलोको एउटा झिल्को मात्र हो। नेपालले आफ्नो 'भू-राजनीतिक ढाल' लाई बलियो बनाउनका लागि कूटनीतिक चतुरता र राष्ट्रिय एकता प्रदर्शन गर्नैपर्छ। अन्यथा, शक्ति राष्ट्रहरूको रजाईंमा हाम्रो सार्वभौमिकता कतिबेला कहाँ पुग्ने हो, पत्तो हुनेछैन।

# स्वीकृत हुनुपर्छ गगनको राजीनामा



राजेन्द्र गौतम

नेपाली राजनीतिमा यतिबेला कुनै कुराको खडेरी छ भने त्यो हो– नैतिकताको। कांग्रेस, एमाले, माओवादी नेतृत्वमा त नैतिकता नै छैन भन्ने बहस सतहमा आएको वर्षौं बितिसक्यो। कांग्रेसको विशेष महाधिवेशनले यो विषयलाई शिथिल बनाएको छ, निमिट्यान्न गरेको छैन। नेपाली कम्युनिस्ट पार्टीको चालढाल नै फरक छ। एमाले पुरानै लयमा लर्बराइरहेको छ। नैतिकताकै प्रश्नको जगमा टेकेर गगन थापाले कांग्रेस नेतृत्व परिवर्तनकै नेतृत्व गरे, त्यो सम्भव भयो। पार्टीको दोस्रो विशेष महाधिवेशनपछि गत माघ १ गते गगन थापा पार्टीको सभापति बने। त्यसको ठिक ४९ दिनपछि प्रतिनिधिसभा निर्वाचन भयो। सभापति थापाले स्वयं चुनाव हारे। कांग्रेसले अनपेक्षित हार बेहोऱ्यो।

यद्यपि, कांग्रेस एक्लैले ३८ सिट जित्यो। यो परिणाम कांग्रेस रूपान्तरण पक्षधरको बलमा सम्भव भएको हो। अहिलेको परिणाममा विगतजस्तो फरक विचार आबद्धको मत छैन। त्योभन्दा महत्वपूर्ण कुराचाहिँ पार्टी रूपान्तरणमा अरुचि भएका कांग्रेसकै मत पनि छैन। गगनइतर कांग्रेस समूहले त रूखमा भोट नहाल्न निर्वाचनभर भनिरह्यो। गगनइतर समूहको भित्री उर्दीका बाबजुद कांग्रेसलाई यो परिणाम प्राप्त भएको हो। यसमा शंका गर्नुपर्ने कारण छैन। यो आरोप होइन, यथार्थ हो। रूखमा भोट नमाग्ने त के, नहाल्नेले मम गरे पुगिहाल्छ। अन्यत्र जबाफ खोज्नैपर्दैन। हामीले रूखमा भोट कसरी हालेनौँ ? भन्ने प्रश्न गर्ने नैतिक आधारसमेत रूपान्तरणविरोधी समूहलाई छैन। २ पटक पार्टी सभापति बनेका शेरबहादुर देउवा भोट माग्न त के, भोट हाल्नुको सट्टा सिंगापुर गएको घटना नै त्यसको अकाट्य प्रमाण हो। अन्य प्रमाण खोज्ने, यथार्थ खुट्याएर के गर्ने भन्ने निर्णय लिने काम त वर्तमान कांग्रेस नेतृत्वको हो। अरू कसैको होइन, न पंक्तिकारको हो। यसमा धेरै अलमल गरिरहनैपर्दैन। खुटका खुट प्रमाण जुटाएर कारबाही गर्न सके कांग्रेस जाग्छ, नत्र सकिन्छ।

यति भनेपछि कांग्रेस सुधार्ने कि झन् कमजोर बनाउने कांग्रेस नेतृत्वको जिम्मेवारी हो। यस्तो बेला व्यक्तिको कुरा गौण र अर्थहीन हुन्छ। कसले के भन्छ, के गर्छ, त्यो व्यक्तिगत हो। तर, पार्टी सुधार्न गगन नेतृत्वमा जे हिम्मत गरियो, त्यस्तो हिम्मत इतिहासमा यदाकदा गरिन्छ र सायदै समर्थन जुट्छ। गगनको हिम्मतकै कारण त्यो समर्थन जुट्यो। इतिहासकै दुर्लभ घटना कांग्रेसमा सम्भव भएको हो। स्विकार्न कसैलाई असहज होला, तर गगन पार्टी रूपान्तरणका नायक हुन्। त्यही नायकीकै कारण १६५ क्षेत्रमै मन लाग्ने कांग्रेसले रूखमै भोट हाल्न पाए। मन अमिलो पारेर अन्य चिह्नमा हात कमाउँदै छाप लगाउनुपरेन। इतिहासकै खरो प्रश्नकर्ता र त्यसको जबाफ पनि हुन्– गगन। उनले त्यही खरो प्रश्न गरेरै अहिलेको राजनीतिक धरातल खडा गरेका हुन्। 'प्रश्न गर्न पाइन्छ, कांग्रेसमा प्रश्न मरेको छैन,' पुस आखिरीको भृकुटीमण्डपको उनको यो अभिव्यक्ति अहिले पनि आममानिसको कानमा गुन्जिरहेको छ। त्यस्तै खरो अभिव्यक्ति र प्रश्नकै कारण गगन 'गगन' भएका हुन्। प्रश्न गर्ने हरेक मानिसलाई थाहा हुन्छ, आफूले अर्कालाई प्रश्न गरेपछि आफूलाई पनि अर्काले प्रश्न गर्छ। त्यस्तैमध्येको एउटा प्रश्न हो– गगनको राजीनामा किन स्वीकृत नगर्ने ?

गगनको राजीनामा यो वा त्यो बहानामा अस्वीकृत गर्नु नै हुन्न, स्वीकृत गर्नुपर्छ। नेपाली शब्दकोशलाई आत्मसात् गर्ने हो भने राजीनामा भनेको राजीखुसीले नामसारी गर्ने काम हो। खुसीसाथ छाड्ने काम हो। त्यो काम गर्दा लेखिने कागज हो। त्यही कागज लेखेर गगनले पद त्यागको घोषणा गरेका हुन्। गगनले स्वेच्छिक राजीनामा दिएका हुन्, दबाबमा होइन। राजीनामा नै स्वेच्छिक हुन्छ। राजीखुसीले पद छाड्ने काम नै राजीनामा हो। गगनले सोचेर राजीनामा दिएकाले स्वीकृत हुनुपर्छ। गगनले राजीनामा मात्रै दिएका छैनन्। उनी जारी केन्द्रीय समितिको बैठकमा अनुपस्थित रहेका छन्। सभापतिको कुर्सी खाली राखेर बैठक गरिएको छ। प्रष्ट छ– अहिलेकै अवस्थामा गगन त्यो जिम्मेवारीमा थप बस्न चाहँदैनन्। उनमा कुर्सीमोह छैन। राजीनामाले त्यही भन्छ। हारको नैतिक जिम्मेवारी लिन्छु भन्ने तागत र ल्याकत सरदर मानिसले राख्न सक्दैन। गगन अक्सर मानिसभन्दा फरक छन्। उनले पद त्यागको ल्याकत राखे। यो ल्याकतलाई मर्न र उनमा रहेको नैतिक जिम्मेवारीलाई धुमिल हुन नदिन राजीनामा स्वीकृत गर्नु नै उत्तम हुन्छ। जसले गगनलाई थप स्थापित हुन नैतिक साहस थप्छ। नैतिक बलबाट विचलित हुन रोक्न पनि गगनको राजीनामा स्वीकृत गरिनु वाञ्छानीय हुन्छ।

गगनको राजीनामा अस्वीकृत भयो भने कांग्रेसमा कुसंस्कारको पुनरावृत्ति हुन्छ। गगनले अनेकन अपजस र दोषको भारी बोक्नुपर्छ। उनलाई असान्दर्भिक आलोचनाको भारले थिच्छ। यो राजीनामाले गगनको राजनीति धरापमा पर्ने र सकिने होइन। उनी थप मजबुत र सशक्त हुनेछन्। उनले अनैतिक प्रश्नको सामना गर्नुपर्दैन। पदमा बसेर अनैतिक प्रश्न निफन्दै अगाडि बढ्नुभन्दा नैतिक प्रश्नकै पक्षपाती भएर हारको धुलो टक्टक्याउनुको आनन्द बेग्लै हुन्छ। सँगै हारको हिलो पखाल्दै अगाडि बढ्न सहज हुन्छ। राजनीति नैतिकतामा टिक्छ। राजीनामा स्वीकृतले तत्काल गगनलाई थोरै असहज भए पनि नैतिकताले नै गगनलाई स्थापित गर्छ। जो कसैले चाहेर पनि भत्काउन नसक्ने जगमा ठिंग उभिनेछ। कालान्तरमा त्यो उभ्याइ नै उचो 'गगन' हुनेछ।

हारेपछि नैतिकताका आधारमा राजीनामा गर्ने कांग्रेसमा संस्कार नै थिएन। त्यही कारण पार्टीमा दोस्रो विशेष महाधिवेशन गर्नुपऱ्यो। पदलोलुप नेतृत्वको वैधानिक बिदाइ गरिएको हो। यो साहसका लागि गगन नेतृत्वको टिमलाई जति नै स्याबासी दिए पनि कम हुन्छ। त्यो कमी हटेका बेला गगनको राजीनामा अस्वीकृत गर्ने अर्को कमजोरी गर्नुहुन्न। अब प्रश्न उठ्छ, पंक्तिकारलाई गगनको राजीनामा किन चाहियो। यहाँनेर बुझ्नुपर्ने एउटै कुरा छ– गगनको राजीनामा कसैले चाहेर आएकै होइन। गगनले नैतिक रहिरहन राजीनामा दिएका हुन्। आममानिसले उनलाई जिम्मेवार रहन सहयोग गर्नुपर्छ। जो नैतिकताको खडेरीमा शीतल वर्षा बनेर बर्सिन सकोस्।

गगनको राजीनामा अस्वीकृत गरियो भने रूपान्तरित कांग्रेस नेतृत्व कमजोर भएको सन्देश सर्वत्र जान्छ। मौका पर्खेर बसेकाहरूले खुच्चिङ मनाउने ठाउँ पाउँछन्। वर्तमान केन्द्रीय समितिको भागमा त्यस्तो दोष थोपरिन्छ– कांग्रेसको नेतृत्व गर्न सक्ने क्षमता अरूसँग छैन। गगनको राजीनामा अस्वीकृत गरेर वर्तमान नेतृत्व यही दोष बोक्न चाहन्छ त ? नेपाली समाज अन्तर्यमा पटक्कै घोत्लिँदैन। ताजा जनादेशको एउटा सन्देश यो पनि हो। फागुन २१ को चुनावी परिणामको सन्देश योभन्दा खासै भिन्न पनि छैन। जो देश दुनियाँका सामु छर्लंग छ। अहिले गगनको राजीनामा अस्वीकृत गरियो भने वर्तमान कांग्रेसको सक्षम नेतृत्व अक्षमको दागी बन्नेछ।

नेतृत्वमा बस्नु मात्रै राजनीतिक सफलता होइन। नैतिकताको कसीमा सधैँ खरो उत्रिरहनु सबैभन्दा ठुलो सफलता हो। वर्तमान कांग्रेस नेतृत्वलाई एउटा तर साझा प्रश्न– के बौद्धिक नेता प्रदीप गिरी राजनीतिमा असफल थिए ? यदि असफल थिए भने किन प्रदीप गिरीलाई सम्झिन्छ कांग्रेसले ? प्रदीप गिरी कांग्रेसको उपल्लो नेतृत्वमा कहिल्यै पुगेनन्। उनी चाहेर पनि नपुगेका होइन, बरु नचाहेर उपल्लो नेतृत्वमा नपुगेका हुन्। नेतृत्व, बौद्धिकता र नैतिकता फरक कुरा हुन्। त्यसैले आफ्नै दृढ अठोट, निरन्तरको प्रयास, चट्टानी अडान र कठोर कर्मले गगन नेतृत्वमा पुगेका हुन्। नकि, कसैको निगाह र तथास्तुले। नैतिक रूपमा गगनलाई घुरमैलो बन्नबाट टाढै बस्न दिइनुपर्छ।

राजीनामा प्राप्त अधिकार परित्याग हो। वा अधिकार त्यागपत्र हो। गगनले अधिकार छाड्छु भनेका हुन्। त्यही चेतले गगनले त्यागपत्र सम्बन्धित ठाउँमा बुझाएका हुन्। त्यागको टन्टलापुर खडेरीमा गगनले रोप्न चाहेको नैतिकताको बिउले कांग्रेस फेरि जगाउनेछ। अस्वीकृत गरियो भने कांग्रेसमा उमार शक्ति नासिएको बिउ जबरजस्त टुसाउन खोज्छ। जो निर्वाचन आयोगको विधि र प्रक्रियागत निर्णयलाई अस्वीकार गर्दै सर्वोच्चको ढोकामा मुन्टो निहुँऱ्याएर याचना गरिरहेको छ। आफ्नै बिउलाई बिउ मान्न कहिल्यै तयार नभएको 'डेट एक्स्पाएर' बिउलाई गगनबाहेकको 'बिरुवा' पनि कांग्रेसमा शक्तिशाली छ भन्ने बुझाउन अत्यावश्यक छ। वर्तमान नेतृत्वले कांग्रेस हाँक्न जरुरी छ। त्यसो गरियो भने नियमित महाधिवेशनमा गगन झन् शक्तिशाली बनेर उदाउने मार्गप्रशस्त हुन्छ। त्यसकारण पनि गगनको राजीनामा सान्दर्भिक छ।

हार अन्त्य होइन, परिस्कृत हुने अवसर पनि हो। कांग्रेसले पूर्ण हारेको पनि होइन। पूर्ण सुधारको तयारी गर्न मतदाताले अवसर दिएका हुन्। ५० दिनको समय मात्रै थियो, समय थोरै पाइयो भन्ने छुट कांग्रेसको वर्तमान नेतृत्वलाई छँदै छैन। ५ महिनाअघि खोलिएको पार्टी देशभर पुग्यो। त्यो पार्टी राष्ट्रिय दल बनेको ताजा दृष्टान्त कांग्रेसका सामु छ। यो सत्यलाई बुझेर तथ्य केलाउन जरुरी छ। गगनको राजीनामा स्वीकृत गरेर पार्टीको नियमित महाधिवेशन गर्न वर्तमान नेतृत्वको एकताबद्ध पहल हुनैपर्छ। गगनकै राजीनामामा वर्तमान नेतृत्व अल्झिरहने हो भने त्यो रूपान्तरित कांग्रेस होइन भन्ने स्वर तिख्खर बन्छ। कांग्रेसलाई भोट नमाग्ने, नदिने र पार्टीको शर्मनाक हार भयो भनेर कराउनेहरूको मुख बन्द गर्न पनि गगनको राजीनामा स्वीकृत हुनुपर्छ।

कांग्रेसमा गगनको उछित्तो काढ्नुपर्ने कुनै कारण छैन। तर, हारको नैतिक जिम्मेवारी गगनले लिनैपर्छ। नेतृत्वले यो बेला राजीनामामा अल्झेर बस्नै हुँदैन। नेतृत्वले राजीनामा स्वीकृत गरेर पार्टीलाई थप रिफर्म गर्न सक्नुपर्छ। विशेष महाधिवेशन भएको ६ महिनाभित्रै नियमित महाधिवेशनमार्फत् पार्टीलाई थप रूपान्तरण गर्न जरुरी छ। बाहिरबाट दिइने त शुभेच्छा मात्रै हो। नेतृत्वको जो मर्जी !

## आजको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष उमङ्ग। | मिथुन वृद्धि। | सिंह मतभेद। | तुला सुख। | धनु दुर्घटना। | कुम्भ विजय। |
| वृष कष्ट। | कर्कट राज्य सुख। | कन्या चिन्ता बढने। | वृश्चिक आनन्द। | मकर विवाद। | मीन असफलता। |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# खाडी युद्धले हामीकहाँ बहुआयामिक असर पर्नसक्छ

**खाडी युद्धका कारण यतिबेला विश्व नै तरंगित छ। फेब्रुअरी २८ देखि अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणसँगै विश्वव्यापी रूपमा इन्धनको संकट भएको छ। अझ इरानले खाडीकै अन्य देशमा अमेरिकी सैन्य संरचनादेखि इन्धन प्रशोधन केन्द्रलाई लक्षित गरी हरेक दिनजसो मिसाइल हमला गरिरहेको छ। मध्यपूर्वमा बर्सने मिसाइल र गोला बारुदका धुँवा नेपालसम्म नआए पनि त्यसको असरले नेपाल पनि अछुतो छैन। खास गरी इन्धनमा परनिर्भर हाम्रोजस्तो भू-परिवेष्ठित मुलुकका लागि मध्यपूर्वमा जारी युद्धको गहिरो साइनो छ। त्यहाँबाट हुने निर्यात रोकिँदा यति बेला नेपालीको भान्सादेखि उद्योगसम्म प्रभाव परेको छ। अझ खाडीमा पसिना बगाएर नेपालको चुलो बालिरहेका करिब २० लाख नेपालीको रोजगारी र जीवनको सुरक्षा के हुने हो भन्ने अर्को चिन्ताको विषय बनेको छ। त्यहींबाट आउने रेमिट्यान्सले अर्थतन्त्रको मेरुदण्ड धानेको छ। त्यसैले खाडीको युद्ध यति बेला हरेक नेपालीका लागि चिन्ता र चासोको विषय बनेको छ। यो युद्ध र त्यसले नेपाललाई पार्ने विभिन्न असरका बारेमा केन्द्रित रहेर पूर्वऊर्जा सचिव पुरुषोत्तम ओझासँग सौर्य दैनिकका लागि चमिना भट्टराईले गरेको संवादको मुख्य अंशः**

पुरुषोत्तम ओझा, *पूर्वसचिव*



○ **अमेरिका-इजरायल र इरानबीच जारी युद्ध अब सिंगै खाडीक्षेत्रभरि फैलिएको छ। नेपाल भारत जस्ता मुलुक जो त्यहाँबाट इन्धन आपूर्ति गर्छन्। यो युद्धले हामीकहाँ ल्याउने इन्धन संकटलाई कसरी आकलन गर्नुभएको छ ?**

फेब्रुअरी २८ देखि अमेरिका र इजराइलले इरानमा गरेको आक्रमण पछाडि इरान तेल निर्यातक राष्ट्र भएका कारणले तेल, इन्धनको आपूर्तिमा समस्या खडा भएको छ। त्यो समस्या हाम्रो देशसम्म नै आइपुगेको छ। फेब्रुबरी २८ मा करिब ७१ डलर पर ब्यारेल मूल्य भएको तेल अहिले बढेर १०२ डलर पुगेको छ। यसको मतलब युद्ध सुरु भएपछि झण्डै ४४/४५ प्रतिशत मूल्य वृद्धि भएको छ। यो अझै बढेर जाने सम्भावना छ। किनभने, तत्कालै युद्धविराम हुने अवस्था देखिँदैन। जहाँसम्म नेपाल र भारत जस्ता मुलुकको कुरा छ। भारतसँग त करिब ५० प्रतिशत आफैँ उत्पादन गर्छ। नेपालले त पूर्णरूपमा आयात गर्नुपर्छ। नेपालमा पेट्रोलियम पदार्थ उत्पादन भएको अवस्था छैन। त्यसैले पूर्ण रूपमा आयातमा निर्भर रहने हाम्रो मुलुकका लागि अझ बढी समस्या पर्ने अवस्था छ। आपूर्तिमा कमी हुने बित्तिकै विभिन्न क्षेत्रमा प्रभाव पर्छ। मूल्य वृद्धि हुन्छ, त्यसको असर सबै क्षेत्रमा पर्न जान्छ। मूल्य वृद्धिको असर ढुवानीमा पर्छ। त्यसले आयातीत बस्तुको मूल्य बढाउँछ र आमजनताको सरोकारको विषयमा समस्या बनाउँछ। यसका साथै मान्छेको व्यक्तिगत आवतजावत, यातायातमा पनि कमी हुन्छ। यसले आर्थिक क्रियाकलापमा पनि असर पुऱ्याउँछ। हेर्दा एउटा पक्षमा प्रभाव परेको जस्तो देखिए पनि त्यसले मान्छेको जीवनका सबै पक्षमा प्रभाव पारेको हुन्छ। यो अहिलेका लागि गम्भीर विषय हो।

○ **यसले पार्ने अन्य असर के के हुन सक्छन् ?**

इन्धनका कारण जब यातायातको भाडा बढ्छ। त्यसले महँगी बढ्छ। त्यसको असर पर्यटन क्षेत्रमा पनि पर्छ। यातायात सहज नहुने बित्तिकै पर्यटन आगमन घट्छ। जोखिम मोलेर मान्छे घुम्न निस्कँदैन। जहाँ पुग्यो त्यही अड्कने अवस्थामा को हिँड्छ ? यसले नेपाल जस्तो मुलुकका लागि आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पार्छ। यसका साथै यसले हाम्रो आन्तरिकका साथै पर्यटकको आगमनमा पनि असर पुग्छ। यसै गरी उद्योग क्षेत्रमा पनि असर पर्छ। अन्य सामग्रीका साथै कच्चा पदार्थको मूल्य वृद्धि हुन्छ। कैयौँ उद्योगले डिजल, इन्धन खपत गरिरहेको हुन्छ, त्यसको आपूर्तिका साथै मूल्यमा पनि समस्या हुन्छ। त्यसैले उद्योग सञ्चालन, त्यसबाट उत्पादित सामग्रीको ढुवानीमा पनि समस्या हुन्छ। यसैगरी अहिलेको अवस्थाले रासायनिक मलको आपूर्तिमा पनि समस्या हुन्छ। खाडी मुलुकबाट हुने ग्यासको आपूर्तिमा अवरोध र ग्यास उत्पादन हुने स्थानमा भएको आक्रमणले रासायनिक मलमा पनि असर पुग्छ। ग्यासबाट रासायनिक मल पनि उत्पादन हुने भएकाले ग्यासको पूर्वाधारमा नोक्सान पुग्दा त्यसबाट चल्ने कारखाना र रासायनिक मल उत्पादनमा समस्या हुन्छ। हाम्रो मुलुकमा सबै रासायनिक मल आयात गरेर प्रयोग हुन्छ। यसले कृषिमा पनि असर पुग्छ। हाम्रो मुलुक कृषि प्रदान हो। त्यसैले यसले एउटा क्षेत्रमा मात्रै प्रभाव पार्छ भन्ने छैन। एकपछि अर्को क्षेत्रमा जोडिएर समस्या पार्छ।

○ **यो युद्ध अझै लम्बिँदै जाने देखिन्छ। त्यो अवस्थामा हाम्रो अवस्था के हो ला ?**

एउटा आशा गर्ने ठाउँ भनेको पछिल्लो समय युरोपेली मुलुकहरूले युद्ध बन्द गर्नुपर्छ भन्नेतिर लागेको पाइन्छ। त्यसले बन्द हुन्छ कि भन्ने आशा गरौँ। यद्यपि युद्ध रोकिएला भन्न सकिने अवस्था छैन। युद्ध लम्बिँदै गएको खण्डमा आपूर्ति चक्र, वस्तुको आपूर्ति शृंखलामा असर पुग्ने भएकाले तेल उत्पादन नगर्ने हाम्रो जस्तो मुलुकका लागि अगाडि भनिए जस्तो विभिन्न प्रकारका समस्या निम्तिन सक्छन्। युद्ध लम्बिँदै जाँदा त्यो समस्या अझै चर्कँदै जान सक्छ। त्यसले पार्ने असर अझ बढी हुन सक्छ। त्यसैले हामीले यो खाडीमा भएको युद्ध त हो नि भनेर ढुक्क हुने अवस्था छैन। यसले हाम्रो जस्तो मुलुकका लागि पनि चुनौतीपूर्ण अवस्था सिर्जना गर्न सक्छ।

○ **त्यो चरम अवस्थामा इन्धन व्यवस्थापनका लागि हाम्रो रणनीति के हुनुपर्छ ?**

यसको पूर्ण सामाधान त छैन। तर, हामीले यसको नकारात्मक प्रभावलाई कम गर्ने उपाय गर्न सकिन्छ। त्यसका लागि तत्काल गर्नुपर्ने उपाय, दीर्घकालीन र मध्यकालीन रूपमा गर्नुपर्ने उपायको अबलम्बन गर्न जरुरी हुन्छ। तत्काल गर्न सकिने भनेको इन्धन आपूर्तिका लागि भारतीय आयल निगमसँग भर पर्नुपर्ने अवस्था छ। भारतले अहिले रुसबाट पनि तेल ल्याइरहेको अवस्था छ। हुन त इरानबाट तेल ल्याउने देशमध्ये भारत पनि एक हो। इरान वा खाडी मुलुकबाट आउन कम हुने बित्तिकै भारतमा पनि कमी होला। तर, बन्दै हुने अवस्था भने छैन। उसले रुसबाट पनि तेल ल्याइरहेको र हामीले भारतबाट ल्याउन गरेकाले केही आसा गर्ने ठाउँ छ। अर्को कुरा भारतको अवश्यकताको तुलनामा नेपालको आवश्यकता निकै कम हो। त्यसैले गर्दा नेपालमा पूर्ण रूपमा बन्द हुने अवस्था रहँदैन होला भन्ने लाग्छ। यद्यपि पहिलाको जस्तो नभएर आपूर्तिमा कम हुन सक्छ। अहिले पनि ग्यास पाइरहेको अवस्था छैन। त्यसैले यसलाई पूरा समाधानभन्दा पनि केही रणनीति अपनाउन सकिन्छ। जस्तो सार्वजनिक यातायातलाई प्रोत्साहन गर्न सकिन्छ। तेलको कमी हुँदा निजी सवारी साधनको सट्टा सार्वजनिक यातायातको साधन प्रयोग गर्न प्रोत्साहित गर्नुपऱ्यो। अर्को इन्धनको खपत कम गर्न सवारी साधनको जोरविजोर गरेर चलाउन सकिन्छ। यो पहिला पनि गरिएको प्रयोग हो। अहिले तत्कालका लागि हामीले खपत घटाउने उपाय गर्नुपर्छ। यसका साथै इन्धन आपूर्ति गर्दा अत्यावश्यक सेवाका क्षेत्र अस्पताल, खाद्यान्न आपूर्ति ढुवानीलाई प्राथमिकता दिने। यी यस्ता काम अहिले गर्न सकिन्छ। त्यो भन्दा अहिले नै तत्कालका लागि गर्न सकिने त्यस्तो केही देखिन्न।

○ **अहिले खाना पकाउन इन्डक्सन प्रयोग गरौँ भनिँदै छ। पहिले नाकाबन्दीको बेलामा पनि इन्धन प्रयोग व्यवस्थित गर्न विभिन्न उपक्रम अघि सारियो तर कुनै पनि प्रभावकारी भएनन्। यसबाट के सिक्ने ?**

हो। यो विषय अलि गम्भीर छ। पहिला पनि इन्डक्सनको निकै चर्चा भयो। तर, त्यसअनुसार प्रयोगमा आउन सकेन। त्यसका बारेमा नागरिक पनि त्यति जागरुक भएको पाइएन। सरकारको तर्फबाट पनि त्यो तहको चेतना दिएको पाइएन। अहिले साना साना ठाउँ जहाँ ग्यासको प्रयोग नगर्दा पनि हुनसक्छ, त्यस्ता ठाउँमा अहिले विकल्प अपनाउन सकिन्छ। गाउँ घरमा जहाँ ग्यास प्रयोग नगर्दा पनि सकिन्छ। तर सहजताका लागि ग्यास नै प्रयोग भइरहेको छ, त्यस्तो ठाउँमा ग्यासको प्रयोग कम गर्न सकिन्छ। ग्यास विस्थापित गर्ने र विद्युतीय माध्यमको प्रयोग बढाउन पर्छ। पहिला पनि इन्डक्सनको प्रयोग भनियो। तर, प्रभावकारी बनेन। यस्ता समस्याका बेला मात्रै नभएर विद्युतीय प्रयोगलाई नियमित बनाउँदा अप्ठ्यारोमा मात्रै होइन, सधैं सस्तो र सहज बन्छ। यसका साथै सवारी साधनमा पनि विद्युतीयलाई बढी प्राथमिकता दिन सकिन्छ। त्यसका लागि सरकारले भन्सार घटाएर भए पनि उपभोक्तालाई प्रेरित गर्नुपर्छ। अर्को कुरा गाउँघरमा दाउरा बाल्न जंगल नै काट्नुपर्छ भन्ने होइन, बारीमा भएका रुखका हाँगा काटेर पनि दाउरा बनाउन सकिन्छ। यस्ता कुरामा हामी सबैले आ-आफ्नो ठाउँबाट सहज बनाउन सक्छौँ। पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउने भनिएको छ। पेट्रोलियम पदार्थको प्रयोगबाट वातावरणमा पर्न गएको असर न्यूनीकरण गर्न तथा वैदेशिक मुद्रा सञ्चितिमा सहयोग पुऱ्याउने उद्देश्यले पेट्रोलमा इथानोल मिश्रण गर्नुपर्ने हो, भएको छैन। त्यसतर्फ पनि योजना बनाउने मात्रै होइन, यसलाई कार्यन्वयनको पक्षमा लैजानु आवश्यक छ।

○ **इन्डक्सन जस्ता विद्युतीय सामग्री वा पेट्रोलमा इथानोल मिसाउने जस्ता उपक्रम प्रभावकारी बनाउन अब के गर्न सकिन्छ ?**

यसका लागि मान्छेलाई प्रेरित गर्नुपर्छ। सरकारले इन्डक्सन चुलो प्रयोगका लागि अभियान नै चलाउनु आवश्यक छ। पहिला चीनले दिएको चुलो के के भो ? वितरणमा पनि गोलमाल भयो भन्ने सुनियो। इन्डक्सनलगायत इलेक्ट्रिक प्रयोगका लागि विद्युत्को महसुलमा छुट गरेर भए पनि मान्छेमा प्रेरणा जगाउनु पर्छ। यसले आर्थिक रूपमा पनि कम खर्चिलो बनाउँछ र सिलिन्डर बोकेर हिँड्न पर्दैन। तर, त्यसमा सरकारले पनि प्रभावकारी काम गरेको पाइन्न। यस्ता अप्ठ्यारो बेलामा मात्रै होइन, सधैँ इन्डक्सनलगायत विद्युतीय प्रयोगका लागि प्रोत्साहन गर्ने, अनुदान दिने र सबै हिसाबले ग्यासभन्दा यो ठिक छ भन्ने बनाउनु पर्छ।

○ **दीर्घकालीन हिसाबले त होला। तर हाम्रो अहिलेको विद्युत् क्षमताले त्यो अवस्था पूरै धान्न सक्ला ?**

भएको विद्युत् प्रयोग गर्नुपर्छ। उत्पादनमा जोड दिनुपर्छ। सजिलोका लागि जसरी ग्यास प्रयोग भएको छ, त्यसलाई केही समयका लागि दाउरामा डाइभर्ट गर्नुपर्छ। यसका लागि सरकारले सहज हुने गरी वातावरण बनाउनु पर्छ। नागरिकलाई आवश्यकता अनुसार विद्युत् दिने व्यवस्था गर्न सक्नुपर्छ। क्षमता बढाएर उनीहरूको आवश्यकता पूरा गर्ने र यो ठिक भन्ने भन्ने गराउन सक्नुपर्छ।

○ **त्यही युद्धका कारण कच्चा पदार्थको अभावले कतिपय हाम्रो उद्योगमा समस्या आइसकेको छ। युद्धको कारण उद्योग क्षेत्रमा पर्नसक्ने प्रभाव र व्यापार वाणिज्य क्षेत्रमा के असर पुग्ला ?**

मैले माथि पनि भनेँ, कर्चा पदार्थ प्राप्तिका लागि त्यसको मूल्यमा पनि यसले असर पुग्छ। जस्तै नेपालमा आउने, प्रमुख वस्तुमध्ये पामआयल जस्ता कच्चा पदार्थ, अर्जेन्टिना, युक्रेन, इन्डोनेसिया र मलेसियाबाट आउँछ। ढुवानी भाडा बढ्ने बित्तिकै त्यसको लागत पनि बढ्छ। यसका साथै तेलको प्राप्ती पनि समयमा हुँदैन। त्यसो भएको अवस्थामा त्यसको उत्पादन र प्रशोधनमा ढिला हुन्छ। त्यसले निकासीमा पनि असर पुग्छ। अर्को कुरा ढुवानीका कारण उपभोग्य वस्तुको पनि मूल्य बढ्छ। समग्रमा मूल्य बढ्ने भनेको निर्यातको प्रतिस्पर्धात्मक क्षमता ह्रास हुने हो। किनकि जब मूल्य बढ्छ, निर्यातमा प्रतिस्पर्धा हुन सक्दैन। हाम्रो जस्तो मुलुक भू-परिवेष्ठित राष्ट्र भएकाले अतिरिक्त ढुवानीको लागत छँदै छ। समुद्रिक तट भएका देशको तुलनामा लागत त्यसै पनि बढ्छ। त्यसमा पनि इन्धनका कारण बढ्ने लागत अझै बढी हुन्छ।

○ **प्रसंग थोरै बदलौं, खाडीमा हाम्रा झण्डै २० लाख नागरिक कार्यरत छन्। युद्धका कारण उनीहरू असुरक्षित छन्। उनीहरूलाई स्वदेश फर्काउनुपर्ने अवस्था छ। एकातिर इन्धन संकट अर्कोतिर यति धेरै नागरिकलाई रोजगारी दिन राज्यको अवस्था छैन। यो परिदृश्यलाई कसरी हेर्नुभएको छ ?**

यो वास्तवमा नेपालको सन्दर्भमा गम्भीर कुरा हो। किनभने, मुलुकमा रोजगारीको अवसर नभएकाले वा राम्रो रोजगारीको खोजीमा खाडी मुलुकमा गएका करिब १७/१८ लाख नेपाली छन् भन्ने छ। यसले एउटा कुरा त्यहाँ रोजगारीका लागि गएका फर्किएपछि रेमिट्यान्समा असर पुग्छ। नेपालको अर्थतन्त्रलाई रेमिट्यान्सले जसरी सहयोग पुऱ्याइरहेको छ, त्यो बन्द हुने अवस्था आउँछ। रेमिट्यान्सको कारण आयात बढेको छ, आयात बढेको कारण सरकारको राजस्व बढेको छ। र त्यसले नेपालको अर्थतन्त्र चलायमान बनेको छ। रेमिट्यान्स घट्ने बित्तिकै राजस्व घट्छ। त्यसले नेपालको अर्थतन्त्रलाई पछाडि धकल्ने काम गर्छ। तर, यसको सकारात्मक पक्ष के हुन सक्छ भने, त्यहाँबाट स्वदेश फर्किएका नेपालीले यहाँ केही उद्यम गर्ने, दुःख सुख गर्ने काम हुन्छ। उनीहरूले बाध्यताले नै भए पनि उत्पादनको काम गरे भने, त्यसले स्वदेशभित्रै स्वरोजगारी हुने अवस्था हुन सक्छ। यसलाई रोजगारीको रूपमा मात्रै लिनु हुँदैन। नयाँ सरकार आएपछि वातावरण राम्रो बनायो भने, लगानीको अवस्था पनि आउला र त्यसले स्वरोजगार बन्ने अवस्था बन्ला।

○ **तपाईंको भनाइको आशय केही गरेर खानुपर्छ भन्ने सोचले अहिले बँझिएका खेतबारीमा हरियाली आउन सक्छ भन्ने हो ?**

हो नि। गाउँका खेतबारी बाँझै छन्। खेतीपाती छैन। मान्छे बस्ने ठाउँमा बाँदर र जंगली जनावरले अतिक्रमण गरेको छ। त्यसैले स्वदेश फर्कदा खेरी खेतीपाती गर्ने र अरू सानातिना उद्योग व्यवसाय फस्टाउने अवस्था बन्न सक्छ। यसलाई चुनौतीका साथै अवसरका रूपमा पनि लिनुपर्छ। तत्कालका लागि रेमिट्यान्स बन्द हुन्छ आर्थिक रूपमा असर पर्ने कुरा छ भने, भविष्यका लागि यसले मुलुकभित्रै उत्पादन वृद्धि हुने र विभिन्न प्रकारका व्यवसाय गरेर स्वरोजगारी सिर्जना गरी उत्पादन बढाउनेतिर ध्यान जान सक्छ। यो एउटा सकारात्मक कुरा पनि हुन सक्छ।

○ **फेरि विद्युतकै प्रसंग, हामी जलविद्युत् निर्यात गर्ने देश भए पनि हिउँदमा भने भारतबाट विद्युत् आयात गरेर धानिरहेका छौँ। अब यो हिंउदमा भारतसँग पनि सम्भवतः सम्झौता टुंगिन लागेको छ। हाम्रो उत्पादन पनि कम हुन्छ। अर्कोतिर ग्यास आयात घटेको छ। यसले हाम्रो भान्सादेखि उद्योगसम्म कस्तो असर पार्ला ?**

भारतले दिन नसक्ने र हाम्रो उत्पादन पनि पर्याप्त नहुँदा समस्या हुन सक्छ। अब सुख्खा याम हो, विद्युत् उत्पादन घट्ने मौसम हो। हाम्रो कैयौँ आयोजनाको क्षमता घट्छ पनि। त्यसैले यस्तो बेला लोडसेडिङ हुन सक्छ। तत्कालका लागि भारतसँग लिने नै हो। त्यसका लागि उनीहरूलाई पनि समस्या हुनसक्ला ? तैपनि नेपालको माग भारतको तुलनामा निकै कम छ। नेपाललाई चाहिने, खपत हुने विद्युत् वा इन्धनको शक्ति उनीहरूको तुलनामा निकै कम छ। त्यसैले गर्दा भारतबाट ल्याउन सकिन्छ। तर, सधैँ अरूको भर परेर भने हुँदैन। यसका लागि नेपालले आफ्नै जलविद्युत् शक्तिलाई उत्पादन गर्नीतिर बढी जोड दिनुपर्छ। निर्माणाधिन जलविद्युत् आयोजनालाई बजेट उपलब्ध गराएर चाँडो सक्नुपर्छ। यसका साथै नयाँ नयाँ आयोजनाहरू तयार गरेर आउने दिनका लागि आत्मनिर्भर मात्रै होइन, जलविद्युत् शक्ति निर्यात गर्ने क्षमता विकास गर्नु जरुरी छ।

○ **यी सबै संकटबाट बच्न हाम्रो तयारी के हुनुपर्छ ?**

यो संकटको अवस्थामा हामी सबै जागरुक हुनुपर्छ। अहिले तत्कालै चाहेर कसैले केही गर्ने अवस्था छैन। सबैले गम्भीर भएर सोच्नुपर्छ। इन्धनको प्रयोगको विकल्प छैन। तर, इन्धन प्रयोग गरिरहँदा सबैले सोचविचार भने गर्नैपर्छ। नेपालमा आफ्नै उत्पादन छैन। आफ्नो उत्पादन नभएकाले भएका इन्धनको कम प्रयोग गर्नुपर्छ। उदाहरणका लागि सार्वजनिक यातायातको साधन बढी प्रयोग गर्ने। लिफ्ट लिने दिने शैली अपनाउन सकिन्छ। यो शैली हामीले पहिला पनि प्रयोग गरेका थियौं, भारतले नाकाबन्दी गरेको बेला। युद्धको अवस्था के हुन्छ, कहिलेसम्म जान्छ भन्ने टुंगो छैन। त्यसैले यस्तो बेला हामी सबैको भूमिका महत्त्वपूर्ण रहन्छ। हामी सबै मितव्ययी बन्नु आवश्यक छ।

हामी प्रायः समस्या आएपछि त्यसको समाधान खोज्छौं। समस्यामा सामाधान पनि होला ! त्यसैले योसँग जोडिएका विषयमा योजना बन्छ, कुरा हुन्छ। र, त्यसको ठोस ढंगले समाधान निकाल्नु पर्छ। यसमा कमी छ। के भए के भएनन् भन्ने ? कुरा धेरै भएका छन्। काम नभएकाले दुःख पाएका छौँ।

○ **विगतमा के प्रयास भएका थिए ? जस्तो पेट्रोलियम भण्डारणका बारेमा ?**

दीर्घकालीन रूपका लागि यो आवश्यक छ। यसका लागि नेपाल आयल निगमले विभिन्न समयमा समितिहरू पनि बनायो। सिफारिस पनि भएको हो। कम्तीमा ३ महिनाका लागि पुग्ने भण्डारण क्षमता विकास गर्ने भनेर। तर, त्यो कार्यान्वयन हुन सकेको छैन। यसमा केही समस्या भएको छ। अर्को भनेका वैकल्पिक ऊर्जालाई बढी जोड दिनुपर्ने देखिन्छ। सरकारले जलविद्युत् योजनालाई विकास गरिनुपर्छ। हुन त सरकारले १० वर्षमा १५ हजार मेगावाट जलविुद्यत् उतपादन गर्ने भनेको छ। त्यो किसिमको योजना अगाडि बढाउनु पर्छ। नयाँ सरकार बन्दै छ त्यसले पनि यसबारेमा सोच्ला। यसका साथै सोलार इनर्जी, ग्रिन हाइड्रोजनजस्ता क्षेत्रमा पनि विकास गरिनु आवश्यक छ। हाम्रोमा हुन नसक्ने कुरा केही छैन। वैकल्पिक ऊर्जाको प्रयोग गरेर इन्धनलाई कम गर्न सकिन्छ। जिरोमा ल्याउन त सम्भव छैन तर, कम गर्न सकिन्छ।

○ **यी कुरा विगतमा पनि पटकपटक भनिए। तर भएका सम्भावनालाई उपयोग गर्न किन सकिएन ?**

दैलेखमा ग्यास भेटियो भनियो। त्यो दैलेखमा भेटिएको ग्यास उपयोग गर्ने कुरामा पनि गम्भीर देखिएन। केपी ओलीजीले ६ महिनाभित्र ल्याउँछु भन्नुभयो। ६ महिनाभित्र त सम्भव छैन। त्यसलाई प्रशोधन गरेर पाइप बिछ्याएर तुरुन्तै त सकिन्न। तर दीर्घकालीन रूपमा ५-६ वर्षको योजना राखेर त्यसको अनुसन्धान गरेर प्रयोगमा ल्याउन प्रयास गर्न सकिन्छ। तर, हामीले हामीसँग भएका सम्भावनालाई पनि उपयोग गरिरहेको अवस्था छैन। प्रायः समस्या आएपछि सम्भावना खोजिन्छ। समस्या सकिन्छ, त्यसपछि ती कुरा पनि बिर्सने अवस्था छ। अब भने दीर्घकालीन रूपमा सोचेर योजना बनाउनुपर्छ।

अब चर्चा होइन। यस्ता समस्या पहिला पनि भोगेको हो। फेरि आउन सक्छ। त्यसैले हाम्रो स्रोत र सामर्थ्यले भ्याउने गरी योजना बनाएर सकेसम्म आत्मनिर्भर हुने गरी योजना बनाउनुपर्छ। यो विषयमा सबै गम्भीर हुनुपर्छ। अझ मैले पहिला पनि भनेँ, दैलेखमा भेटिएको ग्यासको बारेमा अनुन्धान र खोजी गरियो भने पनि केही राहत हुन सक्छ। अहिलेको अवस्थामा हामी सबै मिलेर अगाडि बढ्नुको विकल्प छैन।

हामीले यो खाडीमा भएको युद्ध त हो नि भनेर ढुक्क हुने अवस्था छैन। यसले हाम्रो जस्तो मुलुकका लागि पनि चुनौतीपूर्ण अवस्था सिर्जना गर्न सक्छ।

०००

नेपालमा पेट्रोलियम पदार्थ उत्पादन भएको अवस्था छैन। त्यसैले पूर्ण रूपमा आयातमा निर्भर रहने हाम्रो मुलुकका लागि अझ बढी समस्या पर्ने अवस्था छ। आपूर्तिमा कमी हुने बित्तिकै विभिन्न क्षेत्रमा प्रभाव पर्छ। मूल्य वृद्धि हुन्छ, त्यसको असर सबै क्षेत्रमा पर्न जान्छ। मूल्य वृद्धिको असर ढुवानीमा पर्छ। त्यसले आयातीत बस्तुको मूल्य बढाउँछ र आमजनताको सरोकारको विषयमा समस्या बनाउँछ।

०००

इरान वा खाडी मुलुकबाट इन्धन आउन कम हुने बित्तिकै भारतमा पनि कमी होला। तर, बन्दै हुने अवस्था भने छैन। उसले रुसबाट पनि तेल ल्याइरहेको र हामीले भारतबाट ल्याउने गरेकाले केही आशा गर्ने ठाउँ छ। अर्को कुरा भारतको अवश्यकताको तुलनामा नेपालको आवश्यकता निकै कम हो। त्यसैले गर्दा नेपालमा पूर्ण रूपमा बन्द हुने अवस्था रहँदैन होला भन्ने लाग्छ।

०००

यस्ता समस्याका बेला मात्रै नभएर विधुतीय प्रयोगलाई नियमित बनाउँदा अप्ठ्यारोमा मात्रै होइन, सधैं सस्तो र सहज बन्छ। यसका साथै सवारी साधनमा पनि विधुतीयलाई बढी प्राथमिकता दिन सकिन्छ। त्यसका लागि सरकारले भन्सार घटाएर भए पनि उपभोक्तालाई प्रेरित गर्नुपर्छ। अर्को कुरा गाउँघरमा दाउरा बाल्न जंगल नै काट्नुपर्छ भन्ने होइन, बारीमा भएका रुखका हाँगा काटेर पनि दाउरा बनाउन सकिन्छ।

०००

समग्रमा मूल्य बढ्ने भनेको निर्यातको प्रतिस्पर्धात्मक क्षमता ह्रास हुने हो। किनकि जब मूल्य बढ्छ, निर्यातमा प्रतिस्पर्धा हुन सक्दैन। हाम्रो मुलुक भू-परिवेष्ठित भएकाले अतिरिक्त ढुवानीको लागत छँदै छ। सामुद्रिक तट भएका देशको तुलनामा लागत त्यसै पनि बढ्छ। त्यसमा पनि इन्धनका कारण बढ्ने लागत अझै बढी हुन्छ।

०००

खाडी मुलुकमा गएका करिब १७/१८ लाख नेपाली फर्किए भने रेमिट्यान्समा असर पुग्छ। रेमिट्यान्सको कारण आयात बढेको छ, आयात बढेको कारण सरकारको राजस्व बढेको छ। र त्यसले नेपालको अर्थतन्त्र चलायमान बनेको छ। रेमिट्यान्स घट्ने बित्तिकै राजस्व घट्छ। तर, स्वदेश फर्किएका नेपालीले बाध्यताले नै भए पनि उत्पादनको काम गरे भने, त्यसले स्वदेशभित्रै स्वरोजगारी हुने अवस्था हुन सक्छ।

०००


## Invitation for Bids

## Shree Mahaveer Janta Ma. Vi. School

**Haripur Sarlahi**

**Madhesh Pradesh**

**Contract Identification No: NCB-04/2082/083**

**First Date of publication:- 2082/12/08**

1. The Government of Nepal has allocated funds towards the cost of CLASS BLOCK CONSTRUCTION (3-C-7) FINISHING WORKS at Shree Mahaveer Janta Ma. Vi. School and intends to apply part of the funds to cover eligible payments under the Contract for NCB-04/2082/083. Bidding is open to all eligible Nepalese Bidders.The estimated amount of the work with vat is 34,83,864.53(with Vat and PS)
2. Shree Mahaveer Janta Ma. Vi. School, Haripur Sarlahi invites electronic bids from eligible bidders for the construction of school under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures.
3. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically by download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of the Project's Rs 3000.00 at Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Office:** Shree Mahaveer Janta Ma. Vi, Haripur Sarlahi,
   **Name of Bank**: Nepal Bank Limited , Malangwa, Sarlahi
   **Account No. :-** 02900101211445000001
5. Bidders must submit electronic bids only through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on before 2083/1/9 .Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:15 PM on 2083/1/9 at the office of Shree Mahaveer Janta Ma. Vi. School, Haripur Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of NRs 100000 which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the Bid Security Amount in Bank:-**
   **Name of the Office:** Shree Mahaveer Janta Ma. Vi, Haripur Sarlahi,
   **Name of Bank:** Nepal Bank Limited , Malangwa, Sarlahi
   **Account No. :-** 02900101211445000001
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. .Bidders can bid as a single contractor or in the form of Joint Venture of maximum of three contracting firms.
9. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their owncost.
10. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

# Surnaya Rural Municipality

## Rural Municipal Executive Office

**Rauleshwar, Baitadi**

**Sudurpashim province, Nepal**

## Invitation for Sealed Quotation

**Invitation for Bids No: SQ/SRM/BAITADI/01/082-083**

**Date of publication: 2082/012/08(2026 Mar 22)**

1. Surnaya Rural Municipality , Baitadi invites sealed Quotation from eligible domestic bidders for the construction works enlisted below:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Incl.of VAT (NRS) | Bid Security Amount(NRS) | Validityof Bid Security(Days) | Non Refundable Bid Document Fee (NRS) |
|---|---|---|---|---|---|---|
| 1 | SQ/SRM/BAITADI /01/082-083 | Construction Of Dharamghar to Magarau, dogadakedar sukumbasti tol Road & Hatairaj to khitki Sadak nirman,surnaya-1 | 1557008.21 | 39000 | 60 | 1000 |

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by thebidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Last Date and Time for Bid Purchase and Bid Submission | | Date and Time for Bid Opening | |
|---|---|---|---|
| Date: B.S. 2082.12.23(A.D. 2026 Apr 06)<br>Time: Within 12:00 hours | | Date: B.S. 2082.12.23(A.D. 2026 Apr 06)<br>Time: Within 13:00 hours | |
| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security<br>(optional if bidder submits Bank Guarantee from A Class Bank) | |
| Bank: | Nepal Investment Megha Bank | Bank: | Nepal Investment Megha Bank |
| Office Name: | Surnaya Rural Municipality | Office Name: | Surnaya Rural Municipality |
| Aantarik Rajaswo account No. | 06501400250016(Aantarik Rajaswa Khata No.) | Dharauti account No. | 06501040250351(Dharauti Khata No.) |
| Office code: | 80774506300 | Office Code | |

3.Eligible Bidders may refer Surnaya Rural Municipality or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

**Chief Administrative Officer**



# दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**दिक्तेल, खोटाङ**

**कोशी प्रदेश, नेपाल**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२।१२।०८**

यस नगरपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रिया eGP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ । यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट www.rupakotmajhuwagadhimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईट www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**बोलपत्रहरू सम्बन्धी विवरण**

| सि. नं. | ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रु. (भ्याट, कन्टिन्जेन्सि बाहेक, पि.एस. सहित) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र मान्य अवधि |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 10/DRMM/ NCB/W/ 2082/083 | Maintenance works of schools for Digital Education Development and Literacy Improvement Project (Package-2) | २०८२।१२।२४ दिनको १२:०० बजे सम्म | २०८२।१२।२४ दिनको १७:०५ बजे | ३७,२५,५१०।६० | १,१०,०००। | ३,०००। | ९० दिन |
| बैंक विवरण | | | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि:<br>Rastriya Banijya Bank, Diktel Branch, Khotang<br>Name of Account: DIKTEL NA.PA. (GA-1-1)-AANTARIK RA<br>Account No.: 2060100301010003 | | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि:<br>Rastriya Banijya Bank, Diktel Branch, Khotang<br>Name of Account: DIKTEL NA.PA.(GA-3)-DHARAUTI ACCOUNT<br>Account No.: 2060100303000003 | | |

**प्रमुख प्रशासकीय अधिकृत**


# जसले सिंहदरबारलाई...

## विभेदविरुद्धको लडाइँबाट सिंहदरबारसम्म

जाजरकोटको भेरी नगरपालिका-१० की स्थायी बासिन्दा पार्वती विकलाई नेपाली कम्युनिस्ट पार्टीले समानुपातिक सांसद बनाएको छ। जातीय विभेदका कारण दलित समुदायले भोग्नुपरेको अपमान र असमान व्यवहारविरुद्ध बोल्न राजनीतिमा आकर्षित भएकी पार्वतीलाई अधिकार र समानताको नीतिगत व्यवस्था गर्ने थलो सिंहदरबारसम्म पुऱ्याएको छ। तत्कालीन नेकपा माओवादीले सुरु गरेको जनयुद्धले उठाएको सामाजिक समानता, सीमान्तकृत वर्गको उत्थान र न्यायको एजेन्डाबाट प्रभावित भएर राजनीतिमा लागेकी पार्वती कर्णालीमा जातीय विभेदविरुद्धको अभियन्ताका रूपमा परिचित छिन् । विभेदविरुद्ध आवाज उठाउने, पीडित परिवारलाई न्याय दिलाउन पहल गर्ने काममा उनको सक्रियता छ। कर्णालीमा सामाजिक न्याय, मानवअधिकार र जातीय विभेदविरुद्ध सशक्त ढंगले आफ्नो संघर्षलाई अझ व्यापक बनाउने अवसर उनले पाएकी छिन् ।

स्थानीय तहमा मात्रै सीमित नभई अब दलित समुदायले भोग्दै आएको विभेद, उत्पीडन र अवसरबाट वञ्चित गरिने प्रवृत्तिविरुद्ध नीति निर्माणको तहमा आवाज उठाउने उनको लक्ष्य छ। 'सामाजिक न्याय केवल नारामा सीमित हुनु हुँदैन,' उनले भनिन्, 'यसलाई व्यवहारमा लागू गर्न कानुनी तथा संरचनागत सुधार आवश्यक छ।' त्यसका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मानजनक जीवनमा समान पहुँच सुनिश्चित गर्नुपर्ने आवाज उठाउने उनले बताइन् । कर्णालीजस्तो भौगोलिक रूपमा विकट र सामाजिक रूपमा पछाडि पारिएको क्षेत्रमा अझै पनि जातीय विभेद गहिरो रूपमा जरा गाडेर बसेको छ। यस्तो अवस्थामा पार्वतीजस्ता प्रतिनिधिको उपस्थितिले राज्यलाई जिम्मेवार बनाउन र पीडित समुदायमा आशा जगाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## संघर्षदेखि संसद्सम्मको यात्रा

सुर्खेतकी सीता बादी पहिलो बादी महिला सांसद बनेकी छिन् । समानुपातिक प्रणालीमार्फत् उनको संसद् प्रवेश केवल व्यक्तिगत सफलता मात्र होइन, सामाजिक रूपान्तरणको एक महत्वपूर्ण संकेत पनि हो । परम्परागत रूपमा बहिष्कृत र पछाडि पारिएको बादी समुदायबाट राष्ट्रिय राजनीतिको मूलधारमा प्रतिनिधित्व हुनु आफैँमा ऐतिहासिक उपलब्धि मान्न सकिन्छ। सीता बादीको बाल्यकाल अत्यन्तै संघर्षपूर्ण रह्यो । कर्णालीका दुर्गम भेगमा बालुवा संकलन गर्दै जीविकोपार्जन गर्ने क्रममा उनले शिक्षा, स्वास्थ्य र अवसरको गहिरो अभावलाई नजिकबाट अनुभूत गरिन् । यिनै कठिन अनुभवहरूले उनलाई समाजमा व्याप्त विभेद, गरिबी र बहिष्करणविरुद्ध आवाज उठाउन प्रेरित गरे। जीवनका कठिन मोडहरू पार गर्दै आत्मनिर्भर बन्ने अठोटसहित उनी काठमाडौँ पुगिन् ।

काठमाडौँको बुढानीलकण्ठ-चुनिखेल क्षेत्रमा उनले हस्तकलाका सामग्री उत्पादन तथा बिक्री वितरण गर्ने व्यवसाय सुरु गरिन् । यस उद्यमले उनलाई आर्थिक रूपमा सक्षम बनाउनुका साथै अन्य महिलाका लागि रोजगारी सिर्जना गर्ने अवसर पनि प्रदान गऱ्यो। साना उद्यममार्फत् महिलालाई आत्मनिर्भर बनाउने उनको प्रयास समाजका लागि उदाहरणीय बनेको छ। उनको राजनीतिक यात्रा विवेकशील साझा पार्टीबाट सुरु भएको हो । त्यहाँ रहँदा उनले सुशासन, पारदर्शिता र समावेशिताका पक्षमा सक्रिय भूमिका निर्वाह गरिन् । पछिल्लो समय रास्वपामा आबद्ध भएपछि उनको राजनीतिक सक्रियता अझ विस्तार भयो। रास्वपाबाट समानुपातिक सांसद सिफारिस हुनु उनको निरन्तर संघर्ष, सामाजिक योगदान र नेतृत्व क्षमताको सम्मानका रूपमा लिइएको छ। उनको संसद् प्रवेशले विशेष गरी सीमान्तकृत समुदायका महिला तथा दलित वर्गमा नयाँ आशा जगाएको छ। 'संसद्मा सामाजिक न्याय, शिक्षा, महिला सशक्तीकरण, सीमान्तकृत समुदायको अधिकार तथा उद्यमशीलताको प्रवर्द्धनका मुद्दालाई प्राथमिकताका साथ उठाउनेछु,' उनले भनिन् ।

## पिछडिएको क्षेत्रबाट एशुदाको प्रतिनिधित्व

अनेरास्ववियुबाट राजनीतिक यात्रा थालेकी कालिकोटकी एशुदा बराललाई एमालेले प्रतिनिधिसभा सदस्य बनाएको छ। दुर्गम जिल्ला कालिकोटमा महिलाको न्यून सहभागिताबीच उनले गाउँस्तरबाटै संगठन निर्माण, महिला सशक्तीकरण तथा जनचेतनामूलक अभियान सञ्चालन गर्दै आफ्नो पहिचान बनाएकी हुन् । संगठन विस्तार, प्रशिक्षण तथा नेतृत्व विकासमा उनले सक्रिय भूमिका निर्वाह गर्दै आएकी छिन्। विशेष गरी ग्रामीण भेगका महिलालाई राजनीतिमा सहभागी गराउने, आत्मनिर्भर बनाउने र सामाजिक कुरीतिविरुद्ध आवाज उठाउने काममा उनको योगदान उल्लेखनीय मानिन्छ।

बराललले शिक्षा, स्वास्थ्य, महिला अधिकार तथा स्थानीय विकासका मुद्दालाई प्राथमिकतामा राखेर काम गर्दै आएकी छिन् । कालिकोटका विकट बस्तीहरूमा विद्यालयको पहुँच, मातृस्वास्थ्य सेवा तथा सडक-सञ्जालको अभावजस्ता समस्यामा उनले निरन्तर आवाज उठाउँदै आएकी छिन् । आफ्नो संसद् यात्रालाई कर्णालीका महिलाको आवाज सिंहदरबारसम्म पुऱ्याउने अवसरका रूपमा लिने उनको प्रतिबद्धता छ। 'दुर्गम क्षेत्रको विकास, महिला सशक्तीकरण, गरिबी न्यूनीकरण तथा आधारभूत सेवाको पहुँच विस्तारका मुद्दालाई प्राथमिकतामा राख्नेछु,' उनले भनिन् ।

# तल्लो तटीय...

यस शताब्दीमा हिउँ पग्लिने दर दोब्बर हुनुले हामी सबैलाई स्तब्ध बनाउँदै कार्यका लागि प्रेरित गर्नुपर्छ,' इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले भने, 'हिन्दुकुश हिमालय अहिले एउटा दोबाटोमा छ। पानीको अनिश्चिततादेखि विनाशकारी बाढीसम्मका तीव्र रूपमा बढ्दो प्रभावहरूले हामी हिउँमण्डलका लागि निर्णायक दशकमा छौँ भन्ने स्पष्ट पारेको छ। हामीले अहिले नै अनुगमन बढाउन र अनुकूलनमा लगानी गर्नुपर्छ। यी ब्लाइन्ड स्पट (जानकारीविहीन क्षेत्र)बाट सुरु हुने अनपेक्षित घटना रहेनन्, यो हाम्रो नयाँ यथार्थ हो।'

## हिमनदीको १२ प्रतिशत क्षेत्रफल ह्रास

विस्तृत विश्लेषणले सन् १९९० र २०२० को बीचमा हिन्दुकुश हिमालयका हिमनदीले आफ्नो कुल क्षेत्रफलको करिब १२ प्रतिशत र अनुमानित हिउँ भण्डारको ९ प्रतिशत हिस्सा गुमाएको देखाएको छ। इसिमोडका रिमोट सेन्सिङ विश्लेषक तथा हिमनदी गतिशीलता प्रतिवेदनका मुख्य लेखक सुदनविकास महर्जनका अनुसार सबैभन्दा तत्कालको खतरा यस क्षेत्रका साना हिमनदीहरूबाट छ। 'सन् १९९० र २०२० को बीचमा हिमनदीले कुल क्षेत्रफलको करिब १२ प्रतिशत हिस्सा गुमाए पनि यो क्षति ०.५ वर्ग किलोमिटरभन्दा साना हिमनदीहरूमा सबैभन्दा तीव्र छ,' विश्लेषक महर्जनले भने, 'यसले उच्च हिमाली समुदायका लागि स्थानीयस्तरमा पानी अभावको तत्काल जोखिम निम्त्याउँछ र हिमताल विस्फोटजस्ता खतरालाई तीव्र बनाउँछ। यस क्षेत्रका तीन चौथाइ हिमनदी यही जोखिमपूर्ण आकारमा रहेकाले खतरा झन् बढी छ।'

एचकेएच हिमनदी परिदृश्य प्रतिवेदनले ३८ वटा अनुगमन गरिएका हिमनदीहरूको तथ्यांक संकलन गरेको छ। जसले सन् २००० पछि हिउँको व्यापक ह्रास भएको देखाएको छ। यसले हिमाली हिउँमण्डलका केही भाग अपरिवर्तनीय विनाशतर्फको टिपिङ पोइन्ट (निर्णायक मोड) नजिक पुगेको संकेत गर्छ। यद्यपि, प्रतिवेदनले तथ्यांकमा रहेको एउटा ठुलो खाडललाई औँल्याएको छ। ती ३८ मध्ये केवल ७ वटाले मात्र विश्व हिमनदी अनुगमन सेवा (डब्लुजिएमएस)को विश्वव्यापी बेन्चमार्क मापदण्ड पूरा गरेका छन्। काराकोरम, सिक्किम, जान्स्कर र भुटानजस्ता प्रमुख हिमनदी क्षेत्रहरू अझै पनि अनुगमनको दायराभन्दा बाहिर छन्। 'हामी एक अधुरो नक्साको सहयोगमा तीव्र रूपमा परिवर्तन भइरहेको भविष्यतर्फ अघि बढ्न खोज्दै छौँ,' इसिमोडका हिउँमण्डल विशेषज्ञ तथा प्रतिवेदनका लेखकमध्येका मोहम्मद फारुक आजमले भने, 'हिमालयको ठुलो हिस्सा अझै पनि अनुगमनको पहुँचबाहिर छ। अनुगमन संयन्त्र विस्तार र पद्धतिमा एकरूपता नल्याई जलप्रवाह र हिउँमण्डलमा आएको तीव्र परिवर्तन पत्ता लगाउन कठिन हुन्छ। नेपालका 'मेरा' र 'रिखा साम्बा' तथा भारतको छोटा सिग्रीजस्ता प्रतिनिधिमूलक हिमनदीको निरन्तर अनुगमन महत्त्वपूर्ण छ, तिनीहरू सम्पूर्ण पर्वतीय प्रणालीका लागि प्रारम्भिक चेतावनी सूचक हुन्।'

सबैभन्दा ठुलो क्षति सिन्धु, गंगा र ब्रह्मपुत्र बेसिनमा

प्रतिवेदनले हिमनदीको क्षति भौगोलिक रूपमा फरक-फरक रहेको देखाएको छ। पूर्वी 'हेङ्डुआन शान' पर्वतमालामा सबैभन्दा उच्च प्रतिशत ह्रास देखिएको छ, जहाँ केही क्षेत्रले केवल ३ दशकमा ३३ प्रतिशतसम्म हिमनदी क्षेत्र गुमाएका छन्। तर सबैभन्दा ठुलो क्षति सिन्धु, गंगा र ब्रह्मपुत्र बेसिनहरूमा केन्द्रित छ, जहाँ यस क्षेत्रका ७४ प्रतिशतभन्दा बढी हिमनदी अवस्थित छन्। १० वर्गकिलोमिटरभन्दा ठुला हिमनदीले यस क्षेत्रको प्राकृतिक जलभण्डारको करिब ४० प्रतिशत हिस्सा ओगटेका छन्। २५ ठुला हिमनदीमध्ये १८ वटा रहेको काराकोरम पर्वतशृंखला दीर्घकालीन जल, खाद्य र विपद् जोखिमका हिसाबले उच्च जोखिममा छ, जसको प्रभाव समग्र क्षेत्रमा पर्नेछ।

सन् २०२५ लाई 'हिमनदी संरक्षणको अन्तर्राष्ट्रिय वर्ष' र सन् २०२५-२०३४ लाई 'हिउँमण्डल विज्ञानका लागि कार्य दशक' घोषणा गरिएको सन्दर्भमा यी निष्कर्षहरूले कार्यको तत्काल आवश्यकतालाई गम्भीर रूपमा स्मरण गराएका छन्। प्रतिवेदनका लेखकहरूले हिमनदी अनुगमनको दायरा बढाउन, पद्धतिहरूको सुदृढीकरण गर्न र द्रुत रूपमा परिवर्तन भइरहेको हिउँमण्डलको प्रभाव न्यूनीकरणका लागि जलवायु-उत्थानशील अनुकूलन योजनामा ठुलो लगानी गर्न आह्वान गरेका छन्।

हिन्दुकुश हिमालय (एचकेएच) क्षेत्र एसियाभरि ३ हजार ५०० किलोमिटरमा फैलिएको छ। जसले अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तानलाई समेट्छ। उच्च हिमाली शृंखला, मध्यपहाडी क्षेत्र र समथर भूभाग समेटिएको यो क्षेत्र झन्डै २ अर्ब मानिसहरूको खाद्य, जल र ऊर्जा सुरक्षाका लागि महत्वपूर्ण छ। यो अनगन्ती अतुलनीय प्रजातिहरूको वासस्थान पनि हो। यो क्षेत्र अत्यन्तै संवेदनशील छ। जलवायु परिवर्तन, प्रदूषण र जैविक विविधताको विनाशजस्ता त्रिपक्षीय ग्रह संकटको प्रभावबाट उच्च जोखिममा छ।


**डाक्नेश्वरी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पातो, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

**सच्याईएको सुचना**

मिती २०८२/१२/०७ मा सौर्य दैनिकको ३ नं. पृष्ठमा प्रकाशित ठेक्का रद्दको सुचनामा प्रदेशको नाम मधेश प्रदेश हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा सच्याईएको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ।



# Sangurigadhi Rural Municipality

## Office of the Rural Municipal Executive

**Sangurigadhi, Dhankuta**

**Koshi Pradesh, Nepal**

## Re-Invitation for Online Sealed Quotations

**Date of publication: 2082/12/08 (22nd March, 2026)**

1. Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta invites online Bids from Nepalese eligible bidders for following works under Online Sealed Quotation Bidding Procedure. Bidders may obtain further information from the PPMO web Portal website: www.bolpatra.gov.np/egp with Public Entity Name: Sangurigadhi Rural Municipality, Office of the Rural Municipal Executive, Bhedetar, Dhankuta. www.sangurigadhimun.gov.np.

| S.N. | Contract Identification no. | Description | Estimated Amount (With VAT) | Bid Doc. Fee NRs. | Bid Security NRs | Deadline for Bid Submission | Deadline for Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | SRM/SQ/Works/ 2082/083-07 | Construction of Covered Hall Nirman Works. | NRs.14,23,589.06 | 1000.00 | 40,000.00 | 12:00 Hrs of 6th April, 2026 | 13:00 Hrs of 6th April, 2026 |
| 2. | SRM/SQ/Works/ 2082/083-08 | Construction of Vartang Basic Health Building Nirman Works. | NRs.19,00,399.94 | 1000.00 | 53,000.00 | 12:00 Hrs of 6th April, 2026 | 13:00 Hrs of 6th April, 2026 |
| 3. | SRM/SQ/Works/ 2082/083-09 | Construction of 10 No. Ward Office Truss and Wall Nirman Works. | NRs.15,22,477.36 | 1000.00 | 43,000.00 | 12:00 Hrs of 6th April, 2026 | 13:00 Hrs of 6th April, 2026 |

**Chief Administrative Officer**



**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन, २०६३ वमोजिम मिति २०७९।१०।०९ मा दर्ता भएको प्रा.लि.नं. ३०५१७० को सहज सप्लायर्स प्रा.लि. को मिति २०८२।१२।०२ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेन्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कुनै पनि कम्पनी, संस्था, फर्म, व्यक्ति वा कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यलयमा हकदावी गर्न सम्बन्धित सवैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: भृत्युन्जय कुमार कर्ण, इजाजतपत्र नं. ४६४,**
**ठेगाना : काठमाण्डौं, फोन नं. ९८१९७२५२४८**



**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/०८**

यस अल्टरनेटिभ इन्टरनेशनल एजुकेशन प्रा.ली. को मिति २०८२/०९/१३ मा बसेको बिशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु ब्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम स्टार एजुकेशन प्रा.लि. ले सकार्ने व्यहोर्ने गरि कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मितिः २०८२/०९/१८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्टार एजुकेशन प्रा.ली.**
**काठमाडौँ महानगरपालिका- २८, काठमाडौँ**



**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/०८**

यस ग्लोबल एडभाइजर्स प्रा. लि को मिति २०८२/१०/०५ मा बसेको विषेश साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम स्कलर पोर्ट प्रा.लि. ले सकार्ने ब्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मिति : २०८२/११/११ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्कलर पोर्ट प्रा.लि.**
**काठमाडौँ महानगरपालिका-३०, काठमाडौं**

# सिप्लीकानका विरुवाको माग उच्च



■ सौर्य समाचार

गण्डकी । तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित एक्ले खेतमा रहेको ॐ कृषि फार्मका सञ्चालक कविराज खनाललाई यतिखेर माग अनुसारको सिप्लीकानका बिरुवा पुऱ्याउनै धौधौ छ। विगत ६ वर्षयता सिप्लीकानको व्यावसायिक खेतीसँगै नर्सरी गरी बिरुवा बेच्दै आएका खनालले यसवर्ष ५० हजार सिप्लीकानका बिरुवा तयार गर्ने लक्ष्य राखेका छन्, तर बढ्दो मागका कारण बिरुवा पुऱ्याउन नसकिने अवस्था आएको छ। पछिल्ला दिनमा विभिन्न कृषि समूहका साथै व्यक्तिगत रूपमा बिरुवाका लागि अत्यधिक माग आइरहेको खनालले बताए। अघिल्लो वर्ष मात्रै करिब ६ लाख बराबरका करिब ८ हजार बिरुवा तयार सिप्लीकानका बिरुवा बिक्री गरेको उनले जानकारी दिए। विशेषतः पहाडी क्षेत्रमा पाइने बहुऔषधीय गुणयुक्त यो वनस्पति देशका अधिकांश स्थानबाट हराउँदै गएको छ। सिप्लीकानको महत्त्वलाई पछिल्ला पुस्तामासमेत पुऱ्याउने लक्ष्यसँगै आफूले यसको व्यावसायिक खेती गरी बर्सेनि आम्दानी गरिरहेको खनालको भनाइ छ।

'परापूर्वकालदेखि नै च्यवन, गर्गजस्ता ऋषिमुनिहरूले यस वनस्पतिलाई शरीरको शुद्धीकरणसँगै ध्यानमा स्थिरता र दीर्घायु प्राप्तिका लागि उपयोग गर्ने गरेको विभिन्न ग्रन्थमा उल्लेख गरिएको पाइन्छ', उनले भने, 'लोपोन्मुख अवस्थामा पुगेको यो औषधीय वनस्पतिको संरक्षणसँगै पुस्तौँसम्म यसको उपयोग होस् भन्ने सोचका साथ मैले व्यावसायिक खेती थालेको हुँ।' कास्कीको रूपा, मादी, माछापुच्छ्रे, अन्नपूर्ण गाउँपालिका र तनहुँको शुक्लागण्डकी, भीमाद, बन्दीपुर, देवघाट आसपासका क्षेत्रहरू सिप्लिकान खेतीका लागि उपयुक्त रहेको बताउँदै खनालले लोपोन्मुख अवस्थामा रहेको बनस्पतिलाई संरक्षण गर्दै जनजनमा प्रयोग बढाउने उद्देश्यसहित कधाम गरिरहेको बताए।

'कोभिड-१९ महामारीपछि विगत ६ वर्षयता आफू यस खेतीमा लागेको थिए। यहाँ उत्पादित बिरुवा कास्कीको रूपा गाउँपालिकासहित देशका विभिन्न स्थानमा पुगिसकेका छन्। यस वर्ष मागअनुसार पुऱ्याउने लक्ष्यसँगै ५० हजार बिरुवा तयार गर्ने गरी काम भइरहेको छ', उनले योजना सुनाए। खनालले व्यापार मात्र होइन, छरछिमेक, इष्टमित्रलगायत कतिपय स्थानमा निःशुल्क बिरुवा प्रदान गर्दै आएका छन्। उनले प्रतिबिरुवा १०० देखि १५० रुपैयाँसम्म बिक्री गरिराखेका छन्। पर्यावरणीय सन्तुलनका लागि पनि यसको महत्त्व रहेकाले सबैले यसको संरक्षण गरी लाभ लिनुपर्ने उनको भनाइ छ।

उच्च रक्तचाप, सुगर, जन्डिस र मिर्गौलामा हुने पत्थरीलगायतका रोगका लागि औषधिका रूपमा सिप्लिकानको प्रयोग गर्ने गरिन्छ। यसलाई तत्कालका लागि तरकारी र अचार तथा लामो समयका लागि गुन्द्रुक बनाएर पनि खान सकिन्छ। 'एकपटक लगाएको सिप्लिकानको बिरुवाबाट ४ पुस्तासम्म उत्पादन लिन सकिन्छ', खनालले भने, 'यसमा बाँदरले पनि क्षति नपुऱ्याउँदैन। वर्षाको समयमा लगाइने लहरे तरकारीका लागि यसलाई थाँक्रोका रूपमासमेत उपयोग गर्न सकिन्छ।'

खनालले आफ्नो फार्ममा सिप्लिकानसँगै कुरिलोखेती पनि गर्दै आएका छन्। यहाँको उत्पादन शुक्लागण्डकी नगरपालिका-१ र २ का साथै पोखरा नगरपालिका-३२ बाट पनि बिक्री भइरहेको छ। उनका अनुसार फार्मबाट वार्षिक २० देखि २५ हजार कुरिलोका बिरुवा बिक्रीवितरण गर्ने गरिएको छ। स्वास्थ्यका लागि उपयोगी कुरिलोको टुसालाई तरकारीका रूपमा बढी प्रयोग गरिन्छ। यसमा प्रशस्त मात्रामा प्रोटिन, भिटामिन, फाइबर, क्याल्सियमसँगै अन्य विभिन्न पौष्टिकतत्त्व पाइने र बच्चादेखि वृद्धसम्म सबैका लागि उपयोगी हुने चिकित्सकले बताएअनुसार आफूले यसको व्यवसायमा जोड दिएको खनालको भनाइ छ।

उनले फार्ममा आउने वा बुझ्न चाहने जो कोहीलाई कुरिलो, सिप्लिकानलगायत खेतीका प्रविधि, उपयोगिता र बजारीकरणलगायत विषयमा जानकारी गराउँदै आएका छन्। कृषिबारे ज्ञान, सीप र प्रविधिबारे जानकारी गराउने भएकोले उनको फार्म एउटा जीवन्त पाठशालासमेत बन्दै गएको छ। व्यावसायिक कृषिसँगै पत्रकारिता र शिक्षण पेसालाई सँगसँगै अघि बढाएका खनाल रेडियो नेपाल र आदर्श समाज राष्ट्रिय दैनिकमा संवाददाताका रूपमा कार्यरत छन्। रोजगारीको खोजीमा धेरै नेपाली युवाहरू विदेशिने गरेको अवस्थामा सम्भावनायुक्त कुरिलो, सिप्लीकान जस्ता खेतीतर्फ आफू लागेको उनको भनाइ छ। यसबाट अन्य युवाले पनि प्रेरणा लिँदै व्यावसायिक उत्पादन गर्न सक्ने खनालले बताए। व्यावसायिक कृषिका माध्यमबाट स्वदेशमा नै केही गर्छु भन्नेलाई पहिचान गरी उनीहरूलाई प्रोत्साहित गर्ने वातावरण राज्यले तयार गर्नुपर्ने र त्यसमा आफू पनि सहकार्य गर्न तयार रहेको उनले बताए।

## मानव पुँजी निर्माणका प्रयास अपर्याप्त

# देशको विकास यात्रामा गम्भीर प्रश्न

■ सौर्य समाचार



काठमाडौँ। नेपालको मानव पुँजी निर्माणको लागि वर्तमान अवस्थामा भइरहेका प्रयासहरूले देशको विकास यात्रामा गम्भीर प्रश्न उब्जाएको छ। विश्व बैंकले हालै सार्वजनिक गरेको नेपालको मानव पुँजी समीक्षा प्रतिवेदनका अनुसार, नेपाली बालबालिका र युवाहरूलाई उनीहरूको पूर्ण क्षमता हासिल गर्न सहयोग गर्ने दिशामा भइरहेका प्रयासहरू अत्यन्तै न्यून हुँदा देशको आगामी विकास यात्रामा गम्भीर प्रश्न उब्जाएको हो। प्रतिवेदनअनुसार उच्च गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सीमित पहुँचले आजका बालबच्चाहरूलाई गरिबीबाट माथि उठ्न र उनीहरूको पूर्ण क्षमतालाई उजागर गर्न आवश्यक पर्ने मानव पुँजी निर्माण गर्नबाट रोक्दै आएको छ। आजको कार्यबलका लागि अवसरहरू नगण्य छन् र उपलब्ध रोजगारहरू पनि कम गुणस्तरका छन्। यसले कामदारहरूको आफूसँग भएको मानव पुँजीको पूर्ण उपयोग गर्ने क्षमतालाई सीमित गर्दछ। पर्याप्त नीतिगत परिवर्तनहरू बेगर नयाँ पुस्ताको अवस्था झन् खराब हुने निश्चित छ।

नेपालको अवस्थामा बढ्दो वायु प्रदूषण, जलवायु परिवर्तनको खतरा, सम्भावित महामारी र जनसांख्यिकीय दबाबहरूले थप चुनौती थपिदिएको प्रतिवेदनमा उल्लेख छ। यदि यी सामाजिक र वातावरणीय समस्याहरूलाई बेलैमा सम्बोधन गरिएन भने नेपालको हालको विकासको प्रक्षेपण नै धराशायी हुन सक्ने विश्व बैंकको उक्त प्रतिवेदनले चेतावनी दिएको छ।

प्रतिवेदनमा भनिएको छ, 'नेपालले कायम राखेको 'निम्न-मध्यम आय' भएको राष्ट्रको स्थितिसमेत गुमाउन सक्ने डर छ। यस्तो अवस्थामा सन् २०३० सम्ममा 'उच्च-मध्यम आय' भएको राष्ट्र बन्ने नेपालको राष्ट्रिय लक्ष्य केवल एउटा टाढाको सपनामा मात्र सीमित हुने देखिन्छ।'

समस्याको गम्भीरतालाई बुझ्दै अवसरका ढोकाहरू बन्द हुनु अगावै देशले मानव पुँजीमा गर्ने लगानी र त्यसको उपयोग गर्ने शैलीमा आधारभूत परिवर्तन ल्याउनु आवश्यक रहेको उक्त अध्ययन प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार विशेष गरी शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सार्वजनिक लगानीलाई उल्लेख्य रूपमा बढाउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ। मधेस, कर्णाली र सुदूरपश्चिम जस्ता पिछडिएका प्रदेशहरूलाई प्राथमिकतामा राखेर स्रोतको समतामूलक वितरण गर्न सुझाव दिइएको छ। यसका लागि संघीय शिक्षा विधेयकको अनुमोदन, स्वास्थ्य सेवा ऐनको कार्यान्वयन र स्थानीय सरकारहरूलाई तथ्यांकसहित सशक्त बनाउनु अनिवार्य छ।

साथै, प्रारम्भिक बाल विकासमा लगानी बढाउने, युवाहरूलाई बजारको मागअनुसारको सीप प्रदान गर्ने र निजी क्षेत्रसँगको साझेदारीमा गुणस्तरीय रोजगारी सिर्जना गर्ने रणनीति अपनाउनुपर्ने देखिन्छ। अनौपचारिक क्षेत्रका कामदारहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउँदै र जलवायु-उत्थानशील पूर्वाधार निर्माण गर्दै अघि बढेमा मात्र भावी पुस्ताले समृद्ध नेपाल निर्माणमा योगदान पुऱ्याउने वास्तविक अवसर पाउने उक्त अध्ययन प्रतिवेदनमा उल्लेख छ।

मानव पुँजी सूचकांकले मानव पुँजीको सञ्चय र भावी पुस्ताका कामदारहरूको सम्भावित उत्पादकत्वको मापन गर्दछ। यो सूचकांक बच्चाको आयु (जीवन रक्षा), शिक्षा र स्वास्थ्य जस्ता ३ उपघटकहरूको आधारमा गणना गरिन्छ। यो ० देखि १ सम्मको दायरामा हुन्छ। औसत बच्चाले ५ वर्ष पुग्नु अघि मृत्युको कुनै जोखिमको सामना गर्नु नपर्ने, उच्च गुणस्तरको शिक्षा प्राप्त गर्ने र वयस्कहरू स्वस्थ रहने राष्ट्रहरूमा मानव पुँजी सूचकांक १ को नजिक रहन्छ।

अर्कोतर्फ, बच्चाहरू कुपोषण वा गम्भीर स्वास्थ्य अवस्था वा अकाल मृत्युको जोखिममा छन्, उनीहरूको उच्च गुणस्तरीय शिक्षाको पहुँच सीमित छ र वयस्कको आयुदर न्यून भएमा मानव पुँजी सूचकांक शून्यको नजिक रहन्छ। उच्च मानव पुँजी सूचकांकले बच्चाहरूको हालको पुस्ता पूर्ण सम्भाव्यता र क्षमता प्राप्त गर्न र श्रम बजारमा प्रवेश गर्दा उल्लेख्य रूपमा उत्पादनमूलक बन्ने लयमा छन् भन्ने संकेत गर्दछ।

हाल नेपालको मानव पुँजी सूचकांक ०.६०१ रहेको छ। यसको अर्थ आज जन्मेका नेपाली बच्चाहरूले देशमा शिक्षा र स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा कमी भएका कारण वयस्क हुँदा आफ्नो उत्पादकत्व सम्भाव्यता र क्षमताको आधा मात्र प्राप्त गर्नेछन् भन्ने हुन्छ। एउटा राष्ट्रको हैसियतमा नेपालले पनि उच्च आय भएका राष्ट्रका बालबालिकाहरूलाई दिइने शिक्षा र स्वास्थ्य सेवाहरूको पहुँच र गुणस्तरसरह सुविधा दिनसके नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन लगभग दोब्बर हुन सक्नै विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ।

# नबिल बैंकद्वारा मानवसेवा आश्रमलाई अटो सहयोग

■ सौर्य समाचार



काठमाडौँ। नबिल बैंक लिमिटेडले धनुषाको जनकपुरस्थित मानवसेवा आश्रमलाई सेवा वाहन (अटो) हस्तान्तरण गरेको छ। आश्रममा शुक्रवार आयोजित एक कार्यक्रममा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले उक्त सेवा वाहन आश्रमका अध्यक्ष रामजी अधिकारीलाई हस्तान्तरण गरेका हुन्। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आश्रमलाई सेवा वाहन हस्तान्तरण गरेको जनाइएको छ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै जनकपुरस्थित आश्रमका अभिभावक पवन सिंघानियाले आश्रमको सेवाप्रवाह तथा दैनिक कार्य गर्न कठिनाइ भइरहेको अवस्थामा बैंकबाट प्राप्त सेवा वाहनका कारण थप सहज हुनेमा विश्वास व्यक्त गरे। बैंकका सिइओ ज्ञवालीले सडक आश्रित मानवहरूको उचित व्यस्थापनका लागि आश्रमले गरेको कार्य सराहनीय भएको बताए। यस पुनित कार्यमा बैंकले पनि सहयोग गर्न पाउँदा खुसी लागेको उनको भनाइ छ।

उनले मानवजातिका सेवा र हितसँग जोडिएका हरेक काम गर्न नबिल बैंक सधैँ तयार रहेको उल्लेख गर्दै मानवसेवा आश्रमलाई सहयोग गर्न पाउनु समाजप्रतिको दायित्व वहन गर्नु जस्तै भएकाले भविष्यमा पनि यस्ता कार्यका लागि साझेदारी गर्न बैंक तयार रहेको धारणा राखे।

मानवसेवा आश्रमका प्रमुख संस्थापक रामजी अधिकारीले सेवा वाहन (अटो) को अभावमा जनकपुरमा रहेको आश्रममा दैनिक कार्य गर्न तथा लक्षित मानवहरूलाई सेवा दिन कठिन भइरहेको अनुभव सुनाए। यस्तो अवस्थामा नबिल बैंकद्वारा सहयोगस्वरूप प्राप्त सेवा वाहनबाट उक्त सेवालाई सहज र शीघ्र बनाउन सहयोग पुग्ने उनले बताए। आश्रमले सातै वटा प्रदेशमा आफ्नो सेवा केन्द्र विस्तार गरी करिब १३ हजारलाई उद्धार गरिसकेको छ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हरेक वर्ष अति आवश्यक भएका मानवीय सहायतालाई प्राथमिकतामा राख्ने गरेको छ।

# सरकारी आम्दानी र खर्चको तथ्यांक एकै प्लेटफर्ममा

■ सौर्य समाचार

काठमाडौँ। नेपालको संघ, प्रदेश र स्थानीय गरेर तीनै तहका सरकारी आय, खर्च र ऋणसम्बन्धी तथ्यांक अब एकै ठाउँमा सहज रूपमा हेर्न सकिने भएको छ। विश्व बैंक नेपालले तयार गरेको 'नेपाल फिस्कल ड्यासबोर्ड'मार्फत उक्त तथ्यांक हेर्न सकिने भएको हो। विश्व बैंक नेपालले शुक्रबार नेपाल आर्थिक पत्रकार संघ (नाफिज) सँगको अन्तरक्रियामा उक्त जानकरी दिएको हो।

गत महिना सार्वजनिक भएको ड्यासबोर्डमार्फत संघ, प्रदेश र स्थानीय तहका सरकारको बजेट, राजस्व, खर्च, ऋण र वित्तीय सूचकहरू एकै ठाउँमा हेर्न, विश्लेषण गर्न र डाउनलोड गर्न सकिनेछ। नेपालमा ३ तहको सरकार छ। संघ, प्रदेश र स्थानीय तहसँग प्रत्येकको आफ्नै बजेट, राजस्व स्रोत र खर्च हुन्छ। ती सबै तथ्यांक विभिन्न ठाउँमा छरिएका छन्, जसलाई विश्व बैंकले एउटै प्लेटफर्ममा ल्याएर भिजुअलाइज र विश्लेषण गर्न मिल्ने बनाएको हो।

यो ड्यासबोर्ड एकीकृत प्रणालीको इन्टरएक्टिभ र प्रयोगकर्तामैत्री रहेको बैंकले जनाएको छ। प्रयोगकर्ताले आफूलाई चाहिएको वर्ष, तथ्यांक प्रकार रोज्न सक्छन् र विभिन्न फिल्टर प्रयोग गरेर चार्ट परिवर्तन गर्न सक्छन्। डेटालाई जिडिपीको हिस्सा, कुल बजेटको हिस्सा वा प्रतिव्यक्ति आधारमा पनि हेर्न सकिन्छ।

ड्यासबोर्डमा सन् २०१८ देखि २०२२ सम्मका ऐतिहासिक डेटा समावेश गरिएका छन्। नयाँ डेटा उपलब्ध हुँदै जाँदा अद्यावधिक गरिने बैंकले जनाएको छ। स्रोतका रूपमा बजेट भाषण, महालेखा नियन्त्रकको कार्यालयले प्रकाशन गर्ने एकीकृत वित्तीय विवरण र नेपाल राष्ट्र बैंक लगायतका सार्वजनिक निकायका तथ्यांक प्रयोग गरिएको छ। यी सबै डेटा सार्वजनिक रूपमा उपलब्ध छन्। विश्व बैंकले एउटै प्लेटफर्ममा कम्पाइल गरेर प्रस्तुत गरेका हो।

ड्यासबोर्ड प्रयोग गर्न कुनै लग इन आवश्यक नपर्ने र जोकोहीले स्वतन्त्र रूपमा प्रयोग गर्न सक्ने बताइएको छ। प्रयोगका लागि कुनै अनुमति लिनु पर्दैन, तर डेटा सरकारी स्रोतबाट आएको भएकाले स्रोत उल्लेख गर्नु उपयुक्त हुने विश्व बैंक नेपालले जनाएको छ।


**Government of Koshi Province**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office, Ilam

**Ilam, Nepal**

**Invitation for Electronic Bids(Package -17)**

**First Date of Publication: 2082/12/08 (22nd March 2026)**

1. Infrastructure Development Office, Ilam has allocated funds towards the construction of following works and invites electronic bids only from eligible Nepalese bidders.

A. NCB WORKS (1S1E)

| S. N | Contract ID | Name of the Project | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs.) | Estimate Amount (Without VAT & PS) |
|---|---|---|---|---|---|
| 1. | IDOILAM/ NCB/W-69/082-83 | Upgradation of Singhadevi Road and Construction of Shiva Temple Premises Infrastructure at Suryodaya 12 Ilam (Package-2) | 1,50,000.00 | 3000.00 | 54,43,457.04 |
| 2. | IDOILAM/ NCB/W-70/082-83 | Upgrading of Fikkal-Jogmai-Nayabazar-Dudhang Road Section, Suryodaya, Ilam | 90,000.00 | 3000.00 | 32,80,941.88 |

B. NCB GOODS (1S1E)

| S. N | Contract ID | Name of the Project | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs.) | Estimate Amount (Without VAT & PS) |
|---|---|---|---|---|---|
| 1. | IDOILAM/NCB/ GOODS-01/082-83 | Supply and delivery of 30.48 m span Bailey Bridge complete set of Double Row, Single Layer Reinforced (DSR) configuration, carriageway width of 4.2 m, and a loading capacity of 35 tons at Bagdwar River, Chulachuli Rural Municipality Ward 1 and 2, Ilam District) | 365000.00 | 3000.00 | 1,30,38,333.33 |
| 2. | IDOILAM/NCB/ GOODS-02/082-83 | Supply and delivery of 27.432 m span Bailey Bridge complete set of Double Row, Single Layer Reinforced (DSR) configuration, carriageway width of 4.2 m, and a loading capacity of 35 tons at Thawakhola, Fakfokthum 4 &5, Ilam District | 325000.00 | 3000.00 | 1,16,17,333.33 |
| 3. | IDOILAM/NCB/ GOODS-03/082-83 | Procurement of fabrication of 4 no of trail bridges at 4 different location of Ilam Distric | 200000.00 | 3000.00 | 69,46,809.87 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Infrastructure Development Office (IDO), Ilam, Ph.027-526646,+977-9852624646 email: idoilam2082@gmail.com, or may visit PPMO website www.bolpatra.gov.np/egp.

3. Bidder has to submit their bid electronically only. They may download the bidding documents for e-submission from PPMOs website: www.bolpatra.gov.np/egp. Bidders should deposit the cost (as specified below) of bidding document in the projects Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the Bid. Information to deposit the cost of bidding document in bank:

NCB WORKS & GOODS (1S1E)

| Procurement Category | Pre-Bid Meeting Date | Last Date for Submission of Bid | Bid Opening Date | For Bid Security (Deposit ) | For Bid Document Fee | Validity Period |
|---|---|---|---|---|---|---|
| NCB WORKS & GOODS (1S1E) | 2082/12/27 (2026/04/10) Time: 2:00 P.M. | 2083/01/08 (2026/04/21) Time: 12 Noon | 2083/01/08 (2026/04/21) Time: 2:30 Pm | (1) Account Name : Pradesh Lekha Ekai Karyalaya , Ilam, Ilam (2) Name and Address of bank :Nepal Bank Limited Ltd, Ilam Branch (3) Account No : 04002000002003000001 (4) Office Code) 3370103011 | (1) Account Name : Infrastructure Development Office, Ilam (2) Name and Address of bank :Nepal Bank Limited Ltd, Ilam Branch (3) Account No : 27002000001001000001 (4) Office Revenue) 14229 | (90+30) days |
| **Procurement Category** | **Pre-Bid Meeting Date** | **Last Date for Submission of Bid** | **Bid Opening Date** | **For Bid Security (Deposit )** | **For Bid Document Fee** | **Validity Period** |
| NCB WORKS & GOODS (1S1E) | 2082/12/27 (2026/04/10) Time: 2:00 P.M. | 2083/01/08 (2026/04/21) Time: 12 Noon | 2083/01/08 (2026/04/21) Time: 2:30 Pm | (1) Account Name : Pradesh Lekha Ekai Karyalaya , Ilam, Ilam (2) Name and Address of bank : Nepal Bank Limited Ltd, Ilam Branch (3) Account No : 04002000002003000001 (4) Office Code) 3370103011 | (1) Account Name : Infrastructure Development Office, Ilam (2) Name and Address of bank :Nepal Bank Limited Ltd, Ilam Branch (3) Account No : 27002000001001000001 (4) Office Revenue) 14229 | (90+30) days |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partially any or all the Procurement of Works without assigning any reason, whatsoever.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum).

**Office Chief**

# मध्यपूर्व तनावले विश्व अर्थतन्त्र ठूलो संकटको जोखिममा

सौर्य समाचार

काठमाडौं । मध्यपूर्वमा ३ हप्तादेखि बढ्दो युद्धको बीचमा, इरानले आफ्नो आक्रमणलाई विश्वव्यापी पर्यटन र मनोरञ्जन स्थलमा फैलाउने धम्की दिएको छ । त्यसैबीच, अमेरिकाले यस क्षेत्रमा थप युद्धपोत र सैनिक पठाउने घोषणा गरेको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा उनको प्रशासन यस क्षेत्रको सैन्य अभियानलाई क्रमशः घटाउने विकल्पमा विचार गरिरहेको बताएका छन् । तेलको मूल्यमा वृद्धि र अमेरिकी सेयर बजारमा गिरावट आएपछि यस्तो मिश्रित सन्देश आएको हो । यसैबीच, इजरायलले इरानले शनिबार बिहान पुनः मिसाइल आक्रमण जारी राखेको छ भने साउदी अरेबियाले केही घण्टाभित्रै २० ड्रोन निस्क्रिय पारिएको जनाएको छ । त्यस क्षेत्रमा मुख्य तेल प्रतिष्ठानहरू रहेका छन् । कुनै मानव क्षति वा संरचनागत हानि भने भएको छैन ।

इरानले आक्रमणलाई बढाउँदै आफ्नो खाडी छिमेकीमा असर पुऱ्याइरहेको छ, जबकि हर्मुज जलमार्गमा व्यापार नियन्त्रण जारी राखेको छ । यो मार्ग विश्वको तेल र अन्य महत्त्वपूर्ण वस्तुहरूको लगभग पाँचौं हिस्सा बोक्ने मार्ग हो ।

इरानी सर्वोच्च नेता मोज्तबा खामेनीले नवरोज पर्वको अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी र इजरायली आक्रमणहरू असफल भएको बताएका छन् । उनले इरानी जनताको दृढतामा प्रशंसा गरेका छन् ।

इरानी सेनाका उच्च अधिकारीहरूले 'विश्वका पार्क, मनोरञ्जन क्षेत्र र पर्यटन स्थलहरू' देशका शत्रुका लागि सुरक्षित नहुने चेतावनी दिएका छन् । यसले इरानले मध्यपूर्व बाहिर पनि आक्रमण गर्ने सम्भावना कायम राखेको देखाउँछ ।

अमेरिकाले इरानी तेलमा केही प्रतिबन्ध हटाउने घोषणा पनि गरेको छ, जसले मूल्य नियन्त्रण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । तर उत्पादनमा वृद्धि नभएपछि तेलको आपूर्ति र मूल्यमा ठूलो असर नपर्ने देखिन्छ ।



### विश्व अर्थतन्त्र ठूलो संकटको जोखिममा

मध्यपूर्वको तनावले विश्वव्यापी आपूर्ति शृंखला र अर्थतन्त्रमा अभूतपूर्व संकट निम्त्याएको छ । सन् २०२६ को सुरुआतदेखि नै यो द्वन्द्वले विशेष गरी ऊर्जा बजार र सामुद्रिक व्यापार मार्गहरूमा ठूलो अवरोध सिर्जना गरेको छ । विश्वको महत्त्वपूर्ण जलमार्ग मानिने 'स्ट्रेट अफ हर्मोज' मा उत्पन्न तनावका कारण कच्चा तेलको आपूर्तिमा अनिश्चितता पैदा भएको छ । यसरी इन्धनको मूल्यमा भएको उच्च वृद्धिले ढुवानी लागत बढाउँदा विश्वभर उपभोग्य वस्तुको मूल्यमा चाप परेको छ र मुद्रास्फीति नियन्त्रण बाहिर जाने जोखिम बढेको छ ।

हर्मोज जलमार्गबाट विश्वको कुल खपतको करिब २० प्रतिशत तेल र २२ प्रतिशत तरल प्राकृतिक ग्यास ओसारपसार हुने गर्दछ । युद्धका कारण यो मार्ग लगभग बन्द भएपछि फेब्रुअरीको अन्त्यमा प्रति ब्यारेल ७० डलर रहेको ब्रेन्ट क्रुड आयलको मूल्य मार्चको मध्यसम्म आइपुग्दा १२० डलरको हाराहारी पुगेको छ । यो ४० प्रतिशतभन्दा बढीको वृद्धिले विश्वभरका औद्योगिक र यातायात क्षेत्रमा ठूलो आर्थिक भार थपेको छ । अर्थशास्त्रीहरूका अनुसार तेलको मूल्यमा हुने प्रत्येक १० प्रतिशतको वृद्धिले विश्वव्यापी मुद्रास्फीतिमा करिब ०.४ प्रतिशतको वृद्धि ल्याउँछ, जसले गर्दा धेरै विकसित र विकासोन्मुख राष्ट्रहरूमा महँगी आकाशिएको छ ।

आपूर्ति शृंखलाको दृष्टिकोणबाट हेर्दा यो युद्धले औद्योगिक कच्चा पदार्थ र तयारी वस्तुको प्रवाहलाई निकै सुस्त बनाएको छ । मध्यपूर्वका प्रमुख बन्दरगाहहरू प्रभावित हुँदा सामुद्रिक व्यापार मार्गमा चल्ने जहाजहरू ९५ प्रतिशतसम्म घटेका छन् । धेरै कार्गो जहाजहरूले अहिले अफ्रिकाको 'केप अफ गुड होप' भएर लामो बाटो प्रयोग गर्नुपरेको छ, जसले गर्दा यात्रामा करिब ३ हजार ५०० नटिकल माइल दुरी र प्रति यात्रा थप १० लाख डलर इन्धन खर्च थपिएको छ । विशेष गरी युरोप र एसियाका बीचमा हुने व्यापारमा यसको प्रत्यक्ष असर देखिएको छ र धेरै बहुराष्ट्रिय कम्पनीहरूले सामान डेलिभरीमा हुने ढिलाइका कारण आफ्नो उत्पादन तालिका नै परिवर्तन गर्नुपरेको छ । यसबाहेक सेमीकन्डक्टर र चिप उत्पादनका लागि आवश्यक पर्ने ग्याँस र अन्य रसायनहरूको आपूर्तिमा आएको अवरोधले प्रविधि क्षेत्रमा पनि नयाँ संकट निम्त्याएको छ ।

विश्व अर्थतन्त्रको अर्को महत्त्वपूर्ण पाटो मानिने कृषि क्षेत्रमा पनि यो द्वन्द्वको बाछिटा प्रष्ट देखिन थालेको छ । मध्यपूर्वबाट निर्यात हुने रासायनिक मलको आपूर्तिमा अवरोध आउँदा विश्वभरका किसानहरूले महँगो मूल्य तिर्नुपरेको छ । यसले गर्दा खाद्य उत्पादनमा कमी आउने र आगामी मौसममा खाद्य संकट बढ्ने डर पैदा भएको छ । त्यसैगरी फलाम, स्टिल र एल्युमिनियम जस्ता निर्माण सामग्रीको ढुवानी लागत बढेका कारण ठूला पूर्वाधार आयोजनाहरू महँगो हुँदै गएका छन् । हवाई मार्गको कुरा गर्दा इरान र वरपरको आकाश असुरक्षित भएपछि उडानहरूले लामो रुट प्रयोग गर्नुपरेको छ, जसका कारण हवाई भाडामा भारी वृद्धि हुनुका साथै हवाई कार्गो क्षमता १८ प्रतिशतले घटेको छ ।

### आर्थिक वृद्धिदरमा गिरावट

अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकका प्रारम्भिक अनुमानअनुसार यो युद्ध यदि ३ महिनाभन्दा बढी लम्बिएमा विश्वको कुल गार्हस्थ्य उत्पादनमा करिब २.२ ट्रिलियन डलरको क्षति पुग्न सक्छ । यसले विश्व अर्थतन्त्रलाई सन् १९७३ को तेल संकटपछिको सबैभन्दा ठूलो मन्दीमा धकेल्ने जोखिम बढाएको छ । वित्तीय बजारमा पनि यसको प्रत्यक्ष प्रभाव देखिएको छ, जहाँ जापान र दक्षिण कोरिया जस्ता निर्यातमा आधारित देशका सेयर बजारहरूमा १० प्रतिशतभन्दा बढीको गिरावट आएको छ । अमेरिकी डलर बलियो हुँदै जाँदा विशेषत : विभिन्न आयातमुखी देशका लागि विदेशी ऋणको किस्ता तिर्न र दैनिक उपभोग्य वस्तु आयात गर्न झन् कठिन हुँदै गएको छ ।


Koshi Province Government

Ministry of Industry, Agriculture and Co-operatives

**Directorate of Livestock & Fisheries Development**

Koshi Province, Biratnagar, Nepal

**INVITATION FOR BID**

**Date of publication: 2082/12/08 (22th March, 2026)**

1. Directorate of Livestock & Fisheries Development, Koshi Province, Biratnagar invites e-Bids from Eligible Bidder's for the Procurement of following Works (S.N. -1) under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp. for e-Bids .
2. Directorate of Livestock & Fisheries Development, Koshi Province, Biratnagar invites sealed quotation ( SQ- Hard copy Bidding document) from Eligible Bidder's for the Procurement of following good (S.N.-2) . A complete set of Bidding Documents (a set of hard copy bidding document) may be purchased from the office of Directorate of Livestock and Fisheries Development Biratnagar -10 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and Tax Clearance Certificate of F/Y 2081/082 and upon payment of a non-refundable fee of NRs. 1000.00 till 5 April, 2026 [2082/12/22] during office hours.

| S. N. | Contract ID. | Description of works | Bid Security amount (Nrs.) | Cost of bidding document Fee (NRs.) | Bidding Procedure | Last Date of Bid purchase | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 02/DOLFD/ Works/NCB/ 082/83 | Construction of Vaccine Storage Cold Room | 65000.00 | 3000.00 | Single-Envelope Bidding Procedure (e-Bid Only) | - | 21April,2026 (2083-01-08) on or before at 12:00 hours. | 21April,2026 (2083-01-08) at 13:00 hours |
| 2. | 01/DOLFD/ GOOD/ SQ/082/83 | Procurement of 3 Phase Diesel Generator | 35000.00 | 1000 | Hard copy only | 5 April, 2026 [2082/12/22] during office hours. | 6 April,2026 (2082-12-23)on or before at 12:00 hours. | 6 April,2026 (2082-12-23) at 13:00 hours |

For detailed information, please visit the website of this office at the https://dolfd.p1.gov.np .

**Director**


# एनआरएनएको पुँजीलाई आर्थिक विकाससँग जोड्न आग्रह

सौर्य समाचार

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले गैरआवासीय नेपालीको पुँजी, सीप र अनुभवलाई नेपालको आर्थिक विकास र समृद्धिसँग जोड्न आग्रह गरेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए)को नवनिर्वाचित कार्यसमितिलाई महासंघ सचिवालय, टेकुमा स्वागत गर्दै अध्यक्ष ढकालले नेपालमा लगानीका पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै गैरआवासीय नेपालीहरूको पुँजी, सीप र अनुभवलाई नेपालको विकासमा लगाउनुपर्ने बताएका हुन् ।

उनले महासंघको पहलमा धेरै नीतिगत सुधार भएकाले अब लगानीको लागि पनि सहज वातावरण बन्दै गएको धारणा राखे ।

उनले भने, 'महासंघले नीतिगत तथा प्रक्रियागत जटिलता न्यूनीकरण गर्ने, वैदेशिक लगानी भित्र्याउन अनुकूल वातावरण निर्माण गर्ने तथा अन्य प्रक्रियागत सरलीकरणका विषयमा नेपाल सरकारसँग धेरै ठूलो लबिङ गरेर थुप्रै नीतिगत सुधार गरेका छौं । हामीले राम्रो सहकार्य गर्न सक्यौं नेपाल र नेपालीका लागि धेरै गर्न सक्छौं ।'

सो अवसरमा एनआरएनएका अध्यक्ष डा.हेमराज शर्माले गैरआवासीय नेपालीहरू पनि नेपालको विकासमा साझेदार बन्न चाहेको बताएका थिए ।

# रमेश कर्पले मनायो छैटौं संस्थापक दिवस

सौर्य समाचार

काठमाडौं । रमेश कर्पले छैटौं संस्थापक दिवस मनाएको छ । काठमाडौंको गोदावरी भिलेज रिसोर्टमा रंगीन र उत्साहपूर्ण कार्यक्रमको आयोजना गरी कम्पनीले संस्थापक दिवस मनाएको हो ।

कार्यक्रमलाई जीवन्त र यादगार बनाउनलाई कार्यक्रम अवधिभर खेलकुद, सांगीतिक प्रस्तुति, मनोरञ्जन र स्वादिष्ट परिकारका स्टलहरू राखिएका थिए । कार्यक्रमले रमेश कर्प परिवारका सदस्यहरूबीच सहकार्य र सम्बन्ध बलियो बनाउने अवसर प्रदान गरेको दाबी गरिएको छ ।

संस्थापक दिवसको मुख्य आकर्षण रहेको पुरस्कार समारोहमा कर्मचारीहरूको समर्पण, नेतृत्व र योगदानको सम्मान गरिएको थियो । यस अवसरमा प्रदान गरिएका पुरस्कारहरूमा फाउन्डर लोएल्टी अवार्ड, रमेश गुप्ता भिजनरी लिडरसीप अवार्ड, रमेश गुप्ता राइजिङ लिडर अवार्ड, फाउन्डर्स स्टार प्रफर्मर अवार्ड, राइजिङ स्टार अवार्ड र एकस्लिेन्स इन लिडरसीप अवार्ड समावेश थिए ।


**भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति:- २०८२।१२।०८**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS(डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैँक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयबाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.स. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं | क्षेत्रफल |
| १ | कल्पना बुढाथोकी क्षेत्री | बांके | नेपालगंज | ११ख | १२७९ | ०-०-१७ | ७ | ०३५१४५११३ | २७८ | ३०६.३५ |
| २ | याम बहादुर मल्ल | बांके | नेपालगञ्ज | ११क | ५०२१ | ०-०-०.५ | ७ | ०३५१४११२२ | २६ | ११८.५३ |
| | | | | | ५०२५ | ०-०-६.५ | ७ | ०३५१४११२२ | २९ | १०२.४० |
| | | | | | १३७५ | ०-०-१० | ७ | ०३५१४११२२ | ३१ | ५३.३५ |
| ३ | सुमन कुमारी खत्री र झनुमति खत्री | बांके | बिनौना | ७ख | ३६५ | ०-२-० | - | - | -- | |
| ४ | झनुमति खत्री | बांके | बिनौना | ७ख | २८९ | ०-५-० | - | - | - | - |
| ५ | जमुना आचार्य | बाँके | नेपालगञ्ज | - | - | - | १३ | ०३५१४८९२१ | १४३ | ३३८.६३ |
| ६ | जगदम्बा प्रसाद वैश्य | बांके | नेपालगञ्ज | - | - | - | १४ | ०३५१४५०११ | ६१ | १३१.२० |
| ७ | पुष्पा बोहरा खड्का | बाँके | बासुदेवपुर | ४ख | ३६० | ०-४-१२.५ | - | - | - | ( |
| ८ | गौरी शंकर शर्मा | बाँके | नेपालगञ्ज | | | | ३ | ०३५१४५००१ | १५० | ७६.४० |
| ९ | सरीता पौडेल | बाँके | सा.ईन्द्रपुर हा. नेपालगञ्ज | १क | ३७०५ | ०-०-१० | १ | ३५१४०९०४ | १२७ | १६९.०० |
| १० | नारायण प्रसाद गौतम | बाँके | नेपालगञ्ज | ८ख | ९०१ | ०-१-४ | १२ | ०३५१४९००६ | ५१ | ६७८४० |
| | | | | | ९०२ | ०-०-१६ | | | | |
| | | | | | ३३९ | ०-०-८ | १२ | ०३५१४९००६ | ५२ | १६०.४० |
| ११ | शुसिला कुमारी पाण्डे | बाँके | नेपालगञ्ज | ८क | १३६ | ०-२-०(१३ | १३ | ०३५१४८९१२ | ८१ | १३७९.२५ |
| | | | | | ८५१ | ०-१-१३ | | | | |
| १२ | स्व.सुवराती दर्जी | बांके | होलिया | ९क | १३९ | ०-०-११.२५ | - | - | - | - |
| १३ | पल्टु थारु | बाँके | बिनौना | ८क | १५५ | ०-३-२ | - | - | - | - |
| १४ | बरकत बेहना | बाँके | हिरमिनिया | - | - | - | ७ | ०४१००१४ | ६६३ | १५४४९८ |
| | | | | - | - | - | | | ६६० | १९४.९४ |
| | | | | - | - | - | | | ६५७ | ३३०.०० |
| | | | | - | - | - | | | ६६६ | २३७.०२ |
| | | | | - | - | - | | | ६६८ | २५३.९५ |
| १५ | मेनका बैश्य | बाँके | नेपालगञ्ज | १०ख | ४८८ | ०(०(११ | ५ | ०३५१४५००५ | ७३ | १६८.४० |
| १६ | तिरथराम धोवी | बाँके | ईन्द्रपुर | ९ख | ६३२ | ०(०(८.२५ | - | - | - | - |
| | | | | | ८२२ | ०(०(८ | - | - | - | - |
| | | | | | १९९ | ०(०(६ | - | - | - | - |
| | | | | | ८२३ | ०(०(८ | - | - | - | - |
| १७ | सुरेन्द्र कुमार कुर्मी | वाँके | वसुदेवपुर | ३क | ९८६ | ०-०-१० | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | ९२८ | ०-६-१६.५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | ९२६ | ०-१४-१.५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | ५८१ | ०-०-१४ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | ४०४५ | ०-१५-४ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १५१७ | ०-१७-० | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १०८४ | १-१४-०५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १०६८ | ०-०-१३.५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १०५६ | ०-२-१९.२५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १०५२ | ०-०-९.५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १०३४ | ०-०-१७.५ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १०१६ | ०-४-८ | - | - | - | - |
| | | | वसुदेवपुर | ३क | १००६ | ०-०-६.५ | - | - | - | - |
| १८ | मोतिलाल कुर्मी | बाँके | खजुराखुर्द | - | - | - | ३ | ०३५१२८९ | ५५ | २१४० |
| १९ | पुरुषोतम प्रसाद जोसी | बाँके | भवानियापुर | ६क | ६२४ | ०-३-८.५ | - | - | - | - |
| | | | भवानियापुर | ६क | २७४ | ०-१-८ | - | - | - | - |
| | | | भवानियापुर | ६क | २१५ | ०-२-१५ | - | - | - | - |
| | | | भवानियापुर | ६क | ६२५ | ०-०-६ | - | - | - | - |
| | | | भवानियापुर | ६क | ६२३ | ०-३-८.५ | - | - | - | - |
| | | | भवानियापुर | ६क | १००६ | ०-३-११.५ | - | - | - | - |
| | | | भवानियापुर | ६ख | ९२ | ०-१-४ | - | - | - | - |
| २० | बिकाउ काँदु | बाँके | साईगाउँ | - | - | - | १ | ०३५१४८५ | ७४१ | ८९१.५० |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५ | ७४४ | १४१.६७ |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५ | ७५४ | १५० |
| | | | साईगाउँ | - | - | - | २ | ०३५१४८४ | ५१४ | १२५० |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५ | ३६४ | ११५ |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४४५ | १८१ | २२३२.५ |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५ | ७५२ | ७२ |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५१८ | ७१ | १६ |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५१८ | ९१ | २३ |
| | | | साईगाउँ | - | - | - | १ | ०३५१४८५१८ | ९३ | १४ |
| २१ | विट्टी कुर्मी | बाँके | बेलभार | १क | ११७ | ०-१०-१५.५ | १ | ०३५१४४५ | ६१ | ३६२४ |
| | | | बेलभार | २ख | २०७ | ०-६-८ | २ | ०३५१४८६ | ११ | २२६५ |
| | | | बेलभार | २ख | २०९ | ०-६-०.५ | २ | ०३५१४४६ | १४७ | २०८५ |
| | | | बेलभार | ३ख | ३५२ | ०-५-१२ | ३ | ०३५१४४५ | ४४ | १९२५ |
| २२ | दलसिगार कुर्मी | बाँके | बेतहनी | ४ख | १४२ | ०-६-५ | - | - | - | - |
| २३ | ननकुन्ना कुर्मी | बाँके | बेतहनी | ७ख | २६३ | १-४-४ | - | - | - | - |
| | | | बेतहनी | ४क | ८७ | ०-४-१२ | - | - | - | - |
| | | | बेतहनी | ४क | ३३४ | ०-४-९ | - | - | - | - |
| २४ | अब्दुल गफार खाँ | बाँके | साईगाउँ | - | - | - | ३ | ०३५१४८६ | ३४६ | १४३६.२५ |
| | | | साईगाउँ | | | | १ | ०३५१४८५१८ | १९८ | ५५.५० |
| | | | साईगाउँ | | | | १ | ०३५१४८५१८ | २०० | १४.५० |
| २५ | केशव कु. पौडेल | बाँके | नेपालगञ्ज | ४ | २५ | ०-०-९ | - | - | - | - |
| २६ | अब्दुल रहमान शेष | बाँके | हिरमिनिया | ५क | ९९० | ०-४-५$^{3/4}$ | ५ | ०३५१५७२ | १२६१ | १२८ |
| | | | | | | | ५ | ०३५१५७२ | १२६३ | १५६७ |
| २७ | मोहीउद्दिन शेष | बाँके | पिप्रहवा | ६ | ४६ | ०-०-१५ | ६ | ०४१०००९ | २४ | ३०० |
| २८ | खैरुल निस्सा बागवान | बाँके | खजुराखुर्द | - | - | - | ७ | ०३५१३२६०९ | ४६ | ३१३.६५ |
| | | | खजुराखुर्द | - | - | - | ७ | ०३५१३२६ | ३२४ | ८४६६.७६ |
| २९ | राम वरण शाहु तेली | बाँके | नेपालगञ्ज | ७क | ६४७ | ०-०-६ | १२ | ०३५१४८९०५ | ३०४ | ११५.६० |
| | | | | - | - | - | १२ | ०३५१४८९०५ | २८६ | ५१.६० |
| | | | उदयपुर | ५ | १६० | ०-१-७ | - | - | - | - |
| | | | | ५ | ४६८ | ०-०-५ | - | - | - | - |
| | | | | ५ | ४६९ | ०-०-१७.५ | - | - | - | - |
| ३० | रमेश कुमार गद्दी | बाँके | फत्तेपुर | १क | ६२६ | ०-२-१५.५ | - | - | - | - |
| ३१ | खड्क बहदुर बुढा | बाँके | नेपालगञ्ज | १क | ६४० | ०-०-१० | १ | ०३५१३६९२५ | ७४ | १४५ |
| | | | | १क | ६९१ | ०-०-१७ | १ | ०३५१३६९२५ | ७५ | २६१ |
| ३२ | कुबर अमर सिंह ठाकुर समेत | बाँके | उढरापुर | - | - | - | १ | ०३५१२८२ | १९३ | ९३ |
| | | | | - | - | - | १ | | ७९ | ३५० |
| | | | | - | - | - | १ | ०३५१२४२ | २४५ | १५२३३.२५ |
| ३३ | कलादेवी महतो | बाँके | नेपालगञ्ज | ११ग | २३८ | ०-०-९ | ६ | ०३५१४५०१८ | १५ | २४६.३५ |
| | | | | | २३९ | ०-०-४ | | | | |
| ३४ | कमला विक | बाँके | ईन्द्रपुर | १क | ३६६२ | ०-०-१० | - | - | - | - |

# तटस्थतामा अडिग श्रीलंका, अमेरिकी प्रस्ताव अस्वीकार

■ एजेन्सी

कोलम्बो । हिन्द महासागर क्षेत्रमा बढ्दो तनावबीच श्रीलंकाले आफ्नो तटस्थ नीतिलाई कडाइका साथ पालन गर्दै अमेरिकी लडाकू विमानलाई श्रीलंकाली भूमि प्रयोग गर्न दिने प्रस्ताव अस्वीकार गरेको छ। राष्ट्रपति अनुरा कुमारा दिसानायकले संसद्मा जानकारी दिँदै कुनै पनि पक्षलाई सहयोग पुग्ने खालका सैन्य गतिविधिका लागि आफ्नो भूमि प्रयोग हुन नदिने स्पष्ट पारे।

उनका अनुसार अमेरिकाले फेब्रुअरी २६ मा गरेको अनुरोधअनुसार दुई लडाकू विमानलाई मार्च ४ देखि ८ सम्म जिबुटीस्थित आधारबाट मट्टाला अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई ८ वटा जहाजविरोधी क्षेप्यास्त्र राख्ने योजना बनाएको थियो। तर, श्रीलंकाले आफ्नो तटस्थता कायम राख्न उक्त प्रस्ताव अस्वीकार गरेको उनले बताए।

सोही दिन इरानले पनि भारतबाट नौसैनिक अभ्यास सकेर फर्किरहेका आफ्ना ३ युद्धपोतलाई कोलम्बोमा पोर्ट कल गर्न अनुमति मागेको थियो। राष्ट्रपति दिसानायकले भने, 'यदि हामीले इरानलाई अनुमति दिएको भए अमेरिकालाई पनि दिनुपर्ने अवस्था आउँथ्यो, त्यसैले दुवै पक्षप्रति समान दुरी कायम राख्दै निर्णय लिइयो।'

मार्चको सुरुमा अमेरिकी सेनाले श्रीलंकाको दक्षिणी तट नजिकै इरानी फ्रिगेट 'आइरिस डेना' लाई टारपीडो प्रहार गर्दा कम्तीमा ८४ जना नाविकको ज्यान गएको थियो। श्रीलंकाली नौसेनाले उक्त घटनापछि ३२ जनाको उद्धार गरेको जनाइएको छ।

यसैबीच, अर्को इरानी जहाज 'आइआरआइएस बुसेहर' लाई भने मानवीय आधारमा श्रीलंकाली जलक्षेत्रमा प्रवेश गर्न अनुमति दिइएको थियो। २१९ सदस्यीय चालक दलको सुरक्षालाई ध्यानमा राख्दै उनीहरूलाई कोलम्बोमा शरण दिइएको बताइएको छ।

श्रीलंकाले एकातर्फ आफ्नो प्रमुख निर्यात बजार अमेरिकासँग घनिष्ठ सम्बन्ध कायम राख्दै आएको छ भने अर्कोतर्फ आफ्नो चियाको प्रमुख क्रेता इरानसँग पनि सम्बन्ध सन्तुलित राख्दै आएको छ। यस्तो अवस्थामा बढ्दो क्षेत्रीय तनावबीच तटस्थता जोगाउने नीति नै कोलम्बोको प्राथमिकता बनेको देखिन्छ।

# केरलामा बर्ड फ्लूको प्रकोप : हजारौँ चरा नष्ट गर्ने निर्णय



■ एजेन्सी

नयाँ दिल्ली। भारतको दक्षिणी राज्य केरलामा बर्ड फ्लू (एभियन इन्फ्लुएन्जा) फैलिएको पुष्टि भएपछि अधिकारीहरूले २० हजारभन्दा बढी चरालाई नष्ट गर्ने आदेश दिएका छन्। स्थानीय सञ्चारमाध्यमका अनुसार प्रभावित क्षेत्र कोझिकोड र अलप्पुझा जिल्लामा नियन्त्रणका लागि यस्तो कदम चालिएको हो। कोझिकोडमा करिब १४ हजार २२८ र अलप्पुझामा ५ हजार ९६१ वटा चरालाई नष्ट गरिनेछ।

उक्त निर्णय नेसनल इन्स्टिच्युट अफ हाई सेक्युरिटी एनिमल डिजिजेस, भोपालमा पठाइएका नमुनामा उच्च संक्रामक एभियन इन्फ्लुएन्जा पुष्टि भएपछि लिइएको हो।

हालसम्म यो रोग केवल चरामा मात्र देखिएको छ। तर सर्वसाधारणलाई सतर्क रहन र असामान्य रूपमा धेरै चरा मरेको देखिएमा नजिकको पशु अस्पतालमा जानकारी दिन आग्रह गरिएको छ।

# मध्यपूर्वको तनाव कम गर्ने प्रयासमा समर्थन गर्न संयुक्त राष्ट्रसंघ तयार

■ एजेन्सी

न्यूयोर्क। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा तनाव कम गर्न र होर्मुजको जलक्षेत्रको सुरक्षा सुनिश्चित गर्ने हरेक प्रयासमा सहयोग गर्न संयुक्त राष्ट्रसंघ तयार रहेको बताएका छन्। उनले संयुक्त राष्ट्र संघले यसअघि 'ब्ल्याक सी' मा सुरक्षा सुनिश्चित गरी अवस्था सहज बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै यसको परिणाम स्वरूप सन् २०२२ जुलाईमा सुरु हुने मानवीय कोरिडोरमार्फत युक्रेनी निर्यातलाई सक्षम बनाएको जनाएका छन्। गुटेरेसले हर्मुजको जलक्षेत्रमा सहज निर्यातको अवस्था सिर्जना गर्ने मुख्य उद्देश्यका साथ संयुक्त राष्ट्रसंघले हाल खाडीका प्रमुख निकायका साथै युरोपेली परिषद्सँग समन्वय गरिरहेको बताए। यस सन्दर्भमा सहयोग गर्न राष्ट्रसंघ इच्छुक र तत्पर रहेको जनाउँदै उनले यस्ता प्रयासहरू व्यवस्थापन गर्न संयुक्त राज्य अमेरिका र अन्य साझेदारहरूसँगको प्रत्यक्ष सहकार्यमा सक्रिय रहने बताएका छन्।

## शीर्ष तहबाट...

### गठबन्धन कुसंस्कारविरुद्ध पार्टीकै कार्यकर्ताको...

सो चुनावमा ८९ सिटसहित कांग्रेस पहिलो दल बन्दा प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ सिट ल्याएको थियो। एमालेले प्रत्यक्षतर्फ ४४ र समानुपातिकतर्फ ३४ गरी ७८ सिट पाएको थियो। माओवादी केन्द्रले प्रत्यक्षमा १८ र समानुपातिकमा १४ गरी ३२ सिट पाएर तेस्रो बन्दा नयाँ दलका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी एक्लै चुनावी मैदानमा होमिँदा प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १३ गरी २० सिट पायो। २०७४ को चुनावमा जम्मा १ सिटमा रहेको राप्रपा प्रत्यक्ष ७ र समानुपातिक ७ गरी १४ सिट लिएर आयो भने जसपाले प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ ५ गरी १२ सिट पायो। एकीकृत समाजवादीले प्रत्यक्षतर्फ १० सिट पाए पनि ३ प्रतिशत थ्रेसहोल्डसमेत कटाउन सकेन।

यसरी दलका नेताहरूले आ-आफ्नो स्वार्थसिद्धिका लागि फरक-फरक चुनावमा फरक-फरक दलसँग गठबन्धन गर्ने संस्कृतिले मतदाता मात्रै होइन, स्वयं कार्यकर्ता पनि आजित भइसकेका थिए। ५ वर्ष आ-आफ्नो पार्टी संगठनको काममा खट्दा जुन राजनीतिक दलसँग प्रतिस्पर्धा वा संघर्ष हुन्थ्यो, चुनावमा सोही दलका उम्मेदवारलाई भोट माग्नुपर्दा कार्यकर्तामा आक्रोश थपिँदो थियो। केवल विद्रोह गर्न सकेका थिएनन्। तर, यस पटक भने मतदाताले मात्रै होइन, स्वयं पार्टी कार्यकर्ताले समेत विद्रोह स्वरुप मत परिवर्तन गरे। २०७९ र २०७४ मा ठुलो शक्तिका रूपमा उदाएका यी दलहरूको यस पटक भने प्रत्यक्ष र समानुपातिक सिट संख्यामा भारी गिरावट आएको छ। प्रत्यक्ष र समानुपातिक गरी कांग्रेसले ३८, एमालेले २५ र नेकपाले १७ सिट मात्रै जितेर अस्तित्व बचाउन सफल भएका छन्।

विगतमा गरिएको गठबन्धन राजनीतिका कारण नै यस पटक सम्बन्धित पार्टीका नेता, कार्यकर्तासमेत आफ्नो पार्टीलाई भोट हाल्न बाध्य नदेखिएको अनुभव सुनाउँछन् नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि डम्बर कार्की। 'पहिले यसमा र त्यसमा हाल्नु भनेर भोट माग्न आउनुभयो, मान्यौँ। यस पटक हामी बाध्य छैनौँ। आफ्नो विचार गर्छौं भन्ने पनि धेरै सुनियो,' उनले भने, 'विगतमा गठबन्धन गर्ने कुसंस्कृतिका कारण पनि सबै पुराना दललाई क्षति भएको देखियो।'

### कांग्रेसको आन्तरिक रिपोर्टः जेनजी आन्दोलनमा बल प्रयोग गर्नु गल्ती, अन्तरघात पनि भयो

नेपाली कांग्रेसका तल्ला कमिटीहरूले चुनावमा पार्टीले पराजय भोग्नुको कारण अन्तरघात भएको निचोड निकालेका छन्। उम्मेदवारहरूलाई निवर्तमान सभापति शेरबहादुर देउवा, वर्तमान सभापति गगन थापा र नेता शेखर कोइराला पक्षधरमा कित्ताकाट गर्दै फरक समूहका नेताकार्यकर्ताले धेरै ठाउँमा असहयोग गरेको रिपोर्टहरू आइरहेका कांग्रेस स्रोत बताउँछ। चुनावको मुखमै विशेष महाधिवेशन गरेर नेतृत्व हत्याएका सभापति थापालाई असफल बनाउन इतर पक्ष लागेको आरोप पनि लगाइएको छ। यद्यपि इतरपक्षले त्यस्तो आरोपको खण्डन गर्दै दोष संस्थापनलाई नै लगाइरहेको छ। पछिल्लो समय फैलिएको कांग्रेसविरोधी ह्विमले पनि काम गरेको विश्लेषण छ। खास गरी २३ र २४ भदौको जेनजी आन्दोलनका क्रममा कांग्रेस सरकारमा हुनु र गृह मन्त्रालयसमेत कांग्रेसको नेतृत्वमा हुनुले पनि कांग्रेसलाई ड्यामेज गर्न सघाउ पुगेको नेताहरूको भनाइ छ। जेनजी आन्दोलनका क्रममा निवर्तमान सभापति शेरबहादुर देउवाको घरमा पैसा जलेको कुराको प्रचार धेरै हुनुले पनि पार्टी रक्षात्मक बन्नुपरेको तल्ला तहहरूको रिपोर्ट छ।

### एमालेमा ओलीविरोधी ह्विम नै बाधक, अन्तरविरोध पनि उत्तिकै

एमालेमा चुनाव हार्नुको मुख्य कारण राष्ट्रिय स्तरमै एमाले र अध्यक्ष केपी शर्मा ओलीविरुद्ध फैलिएको ह्विम भएको रिपोर्ट छ। उम्मेदवार राम्रा हुँदाहुँदै पनि ओलीको पार्टी भएका कारण भोट दिन्नौँ भनेर मतदाताले भनेका कैयौँ उम्मेदवारले बताउने गरेका छन्। अध्यक्ष ओलीले आफूनिकट नेताहरूलाई मात्रै टिकट वितरण गरेको भन्दै असन्तुष्ट नेताकार्यकर्ता चुनावमा निष्क्रिय बन्दा पनि असर परेको रिपोर्ट तल्ला कमिटीहरूको छ। स्थानीय नेताहरूबीच भएको अन्तरविरोधले पनि काम गरेको रिपोर्टहरू आइरहेको एमाले स्रोत बताउँछ।

### नेकपाका केन्द्रीय नेताले नै घन्टीमा भोट हाले !

नेकपाका धेरै केन्द्रीय स्तरका नेताहरूले नै घन्टीमा भोट हालेको भन्दै उजुरीहरू आउन थालेका छन्। संयोजक पुष्पकमल दाहाल प्रचण्डसमक्ष यस्ता उजुरी आउन थालेपछि यस्ता उजुरीहरू तथ्यगत र लिखित रूपमा ल्याउन मातहतका कमिटीहरूलाई उनले निर्देशन नै दिइसकेका छन्। साथै देशका विभिन्न ठाउँमा बागी उम्मेदवारीका कारण हार बेहोर्नु परेको रिपोर्ट छ। त्यस्तै, बागी उम्मेदवार नभएका ठाउँमा पनि आन्तरिक असन्तुष्टिका कारण नेताहरूकै तहबाट अन्तरघात भएको बताइएको छ। पछिल्लो समय २६ भन्दा बढी घटकको एकता भएर बनेको नेकपामा धेरै नेताहरू केन्द्रीय नेताका रूपमा जाँदा स्थानीय नेताकार्यकर्ता असन्तुष्ट भई चुनावी अभियानमा नखटेको पनि रिपोर्ट नेकपा नेताहरूले गरेका छन्। सांगठनिक अवस्था दयनीय देखिनु, केन्द्रीय नेताहरूले नै पार्टीको पक्षमा मतदान गर्न लबिइङ नगर्नु र विगतमा सरकारमा हुँदा गरेका राम्रा कामको रिपोर्ट कार्ड लिएर जान नसक्दा नेकपाले हार बेहोरेको रिपोर्ट हेडक्वार्टरमा आइरहेको छ।

### जसपाप्रति जनताको भरोसा टुट्यो, 'उपेन्द्रको पार्टी' ट्याग घातक

मधेस आन्दोलनको नेतृत्व गरेर उदाएको जसपा नेपालले यस पटक १ सिट पनि जित्न सकेन। चुनावको मुखमा लोसपा नेपालसँग एकता गरे पनि एकताले चुनावी परिणाममा कुनै अर्थ दिएन। नेताकार्यकर्ताले विगतमा भएको टुटफुट र विभाजनले जनतामा पार्टीप्रति नकारात्मक भाष्य बनेका कारण हार बेहोरेको रिपोर्ट गरिरहेका छन्। जसपा नेपाल छाडेका नेताहरूले सो पार्टी उपेन्द्र र यादवहरूको मात्रै बनेको प्रचार गर्दा त्यसले असर गरेको कतिपय नेताहरूको तर्क छ। मधेसको एजेन्डामा जसपा नेपालले जनताले देख्ने गरी काम गर्न नसक्नु पनि हारको कारणका रूपमा औँल्याइएको छ।

### कांग्रेस सभापतिले नैतिकता देखाउँदा अरू...

कांग्रेसका गगनले राजीनामा दिए पनि एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव भने चुपचाप छन्। उनीहरूले नैतिकताका आधारमा नेतृत्व छाड्नुपर्ने दबाब पार्टीभित्रै भए पनि उनीहरू त्यसप्रति बेखबरजस्तै देखिएका छन्। एमाले अध्यक्ष ओली चुनावी हारको समीक्षा गर्न नै हिच्किचाइरहेका छन्। नेकपा संयोजक प्रचण्डले भने नैतिकता देखाउनुको सट्टा उल्टै अरू पार्टीका उम्मेदवारलाई भोट हाल्ने नेताकार्यकर्तालाई कारबाही गर्ने चेतावनी दिइरहेका छन्। जसपा नेपालका अध्यक्ष यादव पनि चुनावी परिणामपछि मौन देखिएका छन्।

---

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**हेटौंडा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः- २०८२/१२/०८**

यस केन्द्रबाट राष्ट्रियस्तरको पत्रिकामा आह्वान गरिएको बोलपत्रको प्राविधिक र आर्थिक मूल्यांकनको परीक्षणमा तपशिल बमोजिमको फर्म सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| S.N | Contract Name/ Contract Number | Bidder's Name/ Address | Amount (Without VAT) |
|---|---|---|---|
| 1. | PROCUREMNET OF HOSPITAL FURNITURE, National Competitive Bidding (NCB), IFB No.: HLMC/G/NCB-18/2082-83 | MB Meditech Pvt. Ltd. Itahari, Sunsari | Rs. 41,82,818.00 |

**नि. निर्देशक**

---

**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**उर्लाबारी , मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मितिः २०८२/१२/०८)**

यस नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कबोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| URL-PavingBlock-ward5-W-NCB-32-082/83 | Srijana Tole Sadak Nirman Urlabari-5, Morang | Dhulabari Construction Pvt.Ltd Kachankawal-6 Jhapa | 22,35,332.1/- |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**Government of Nepal (GoN)**
**Water Supply and Sewerage Management Office, Ramechhap**

**Invitation for Re-Bids**

**Second Date of Publication : 2082/12/08**

Water Supply and Sewerage Management Office, Ramechhap invite electronic bids from eligible bidders for the Supply of PE 100 Pipes .The Bidders are requested to visit the website(www.bolpatra.gov.np/egp) for the further information and a complete set of Bidding documents with detail information .

| Contract ID | Description of Work | Bid Procurement Cost | Bid Security Amount | Estimated cost (Without VAT) | Final Bid Submission Date and Time | Remarks |
|---|---|---|---|---|---|---|
| WSSMO/Ramechhap/Good/01.1/2082/83 | Procurement of PE 100 Pipes | NRs. 1000 (a non-refundable fee) | NRs.50,000 | 1734900.80 | 12.00 Noon 2082/12/22 | - |
| WSSMO/Ramechhap/Good/02.1/2082/83 | Procurement of PE 100 Pipes for Kalapani WSP and Bigu-WSP | NRs. 1000 (a non-refundable fee) | NRs.50,000 | 1769115.25 | 12.00 Noon 2082/12/22 | |

**Office Chief**

---

**नौकुण्ड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सरमथली, रसुवा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२।१२।०८**

यस कार्यालयवाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको e-portal www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा रितपूर्बक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी सिफारिस भएको हुँदा सार्बजनिक खरीद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्र दाताहरुलाई यसै सूचनाबाट सार्बजनिक खरीद ऐन को दफा ४७ को प्रयोजनका लागी समेत जानकारी गराइएको छ।

**तपसिल :**

| सि. नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत रकम Without VAT |
|---|---|---|---|---|
| 1 | Construction Of Nembuddhe Muhan Gari Komu Khanepani | NRM/NCB/Works/09/082/83 | Buddha Rasuwa Nirman Sewa And Suppliers | 3,393,670.51 |
| 2 | Construction Of Khalchet Khanepani | NRM/NCB/Works/08/082/83 | Buddha Rasuwa Nirman Sewa and Suppliers | 2,511,490.42 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**कोशी प्रदेश सरकार**
**खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खोटाङ**
**खोटाङ, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशन मिति : २०८२/१२/०८)**

यस कार्यालयबाट मिति २०८२।१०।२८ गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिम न्यूनतम मूल्यांकित तथा सारभूत रूपमा प्रभावकारी बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.न. | ठे.नं. | कामको बिवरण | फर्मको नाम, ठेगाना | कबोल अंक रु.(without VAT & PS amount) |
|---|---|---|---|---|
| 1 | WSSDO/NCB/Goods/01/082/83 | Procurement and Supply of HDPE Pipes | Shree Pipe Industries | NRs. 5,483,559.03 |
| 2 | SDHALKA/WSSDOKHOTANG/NCB/02/82-83 | Sunkoshi Dhitung Hatti Ahal Lifting Khanepani Aayojana, Haleshi Tuwachung ,8, Khotang | Allians Engineering & Construction Pvt. Ltd. | NRs. 4,131,178.75 |

**डिभिजन प्रमुख**

# प्रधानमन्त्री कपमा मौसमको असर, पहिलो दिनका दुवै खेल अनिर्णित



■ सौर्य समाचार

काठमाडौँ । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको पहिलो दिन शनिबार भएका दुवै खेल प्रतिकूल मौसमका कारण अनिर्णित भएका छन् । जनकपुरमा कोसी प्रदेश क्रिकेट टोली र मधेस प्रदेश क्रिकेट टोलीबीच खेल सुरु नै हुन सकेन भने पर्सामा लुम्बिनी प्रदेश क्रिकेट टोली र कर्णाली प्रदेश क्रिकेट टोलीबीचको खेल पनि वर्षाका कारण रोकिएको थियो । कर्णालीले ७ ओभरमा बिनाविकेट २० रन बनाएको अवस्थामा खेल स्थगित भएको थियो । त्यसअघि रवीन्द्र शाहीले ९ र सुनिल धमलाले ७ रन बनाएका थिए । खेल अनिर्णित भएपछि ४ वटै टोलीले समान १-१ अंक बाँडेका छन् ।

प्रतियोगिताअन्तर्गत दोस्रो दिन आज (आइतबार) त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब तथा बाग्मती प्रदेश क्रिकेट टोली र एपिएफ क्लबबीच खेल हुनेछ । यी खेलहरू काठमाडौँको मूलपानी क्रिकेट मैदानमा आयोजना गरिनेछ । यसअघि केही खेल कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा गर्ने योजना रहे पनि स्तरोन्नतिका कारण सबै खेल मूलपानी सारिएको नेपाल क्रिकेट संघ (क्यान)ले जनाएको छ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

### सुदूरपश्चिम टोलीको नयाँ जर्सी सार्वजनिक

यसैबीच, प्रधानमन्त्री कपका लागि घोषित सुदूरपश्चिम क्रिकेट टोलीको जर्सी शनिबार सार्वजनिक गरिएको छ । टोलीको मुख्य प्रायोजक सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपिए) कलेजका प्रबन्धनिर्देशक सुवास शाही, प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेव जोशी र टोलीका कप्तान शेर मल्लले संयुक्त रूपमा जर्सी सार्वजनिक गरेका हुन् ।

टोलीमा कप्तान मल्लसहित किरण ठगुन्ना, खड्क बोहरा, दीपक बोहरा, हेमन्त धामी, विकास आगरी, अभिषेक पाल, प्रकाश पाण्डेय, मिलन बोहरा, नरेन भट्ट, लोकेन्द्र चन्द, सौर्य श्रेष्ठ, नारायण जोशी, राजु रिजाल र अशोक धामी छन् ।

### फाप्ला रंगशाला निर्माणमा प्रदेश सरकारको प्राथमिकता

कैलाली । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले धनगढीको फाप्ला अन्तरराष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्राम निर्माणलाई प्रदेश सरकारले प्राथमिकता दिएको बताएका छन् । शनिबार फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्राम समितिका अध्यक्ष सुवास शाहीसँगको भेटवार्तामा मुख्यमन्त्री शाहले उक्त खेलग्राम निर्माणमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । मुख्यमन्त्रीले भने, 'सुदूरपश्चिमको गेमचेन्जरका रूपमा रहेको यो क्रिकेट परियोजना निर्माणका लागि प्रदेशले उच्च प्राथमिकतामा राखेको छ, थप बजेट विनियोजनका लागि संघीय सरकारसँग पनि आवश्यक पहल गरिनेछ ।'

सो अवसरमा अध्यक्ष शाहीले हालसम्म भएको प्रगति विवरणबारे मुख्यमन्त्रीलाई जानकारी गराउँदै आगामी बजेटमा यो परियोजनालाई प्राथमिकता राख्न आग्रह गरेका थिए । धनगढी उपमहानगरपालिका-३ स्थित निर्माणाधीन फाप्ला क्रिकेट रंगशालाको विस्तृत अध्ययन प्रतिवेदन(डिपिआर) र वातावरणीय प्रभाव मूल्यांकनजस्ता प्राविधिक काम सम्पन्न भइसकेका छन् । पहिलो चरणमा परियोजना निर्माणका लागि ११ अर्ब रुपैयाँ बजेट आवश्यक पर्ने अध्यक्ष शाहीले जानकारी दिए ।

# शान्ति म्याराथन उपाधि आर्मीका विनोद रोकायलाई




■ सौर्य समाचार

लुम्बिनी । लुम्बिनीमा आयोजित तेस्रो शान्ति म्याराथन प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबका विनोद रोकायले हात पारेका छन् । उनले ४२ किलोमिटरको दुरी २ घन्टा १७ मिनेट ५५ सेकेन्डमा पूरा गरी उपाधि हात पारेका हुन् । नेपाल ओलम्पिक कमिटीको आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोष, नेपालस्थित चिनियाँ राजदूतावास र लुम्बिनी सांस्कृतिक नगरपालिकाको सहयोगमा सम्पन्न प्रतियोगितामा दोस्रो स्थान पनि त्रिभुवन आर्मी क्लबकै शुशिल कुमार शाहीले २ घन्टा १८ मिनेट १६ सेकेन्डमा दौड पूरा गरी हात पारेका छन् । तेस्रो स्थान आर्मीका धावक नरेन्द्र सिंह राउतले प्राप्त गरेका छन् ।

प्रतियोगिताको चौथो स्थान चिनियाँ धावक वाङ चीले २ घन्टा २१ मिनेट ५ सेकेन्डमा, पाँचौँ स्थान केन्याका धावक जुलियस मुरेयुकी वाहमले २ घन्टा २३ मिनेटमा दौड पूरा गरी प्राप्त गरेका छन् । २१ किलोमिटर हाफ म्याराथनमा पहिलो स्थान त्रिभुवन आर्मीकी पूर्णलक्ष्मी न्यौपानेले १ घन्टा १७ मिनेट १० सेकेन्डमा, दोस्रो स्थान धादिङकी सन्तोषी श्रेष्ठले १ घन्टा १८ मिनेट ४० सेकेन्डमा, तेस्रो स्थान आर्मीकी निशा सार्किले १ घन्टा १९ मिनेट १९ सेकेन्डमा हासिल गरेकी छन् । चौथो स्थान आर्मीकी सुनसरी रोकायाले १ घन्टा २१ मिनेट ४६ सेकेन्डमा, पाँचौँ स्थान चिनियाँ धाविका रुवान सियाङले १ घन्टा २२ मिनेट ३८ सेकेन्डमा दौड पूरा गरेकी छन् ।

प्रतियोगिताका प्रथम हुनेलाई ३ लाख ५० हजार, दोस्रो हुनेलाई २ लाख ५० हजार र तेस्रो हुनेलाई १ लाख ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो । त्यसअघि नेपालका लागि चीनका राजदूत चाङ माओमिङ, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, लुम्बिनी विकास कोषका सदस्य सचिव दीपक श्रेष्ठ, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक प्रमुख कल्पना हरिजनलगायतले ५ किलोमिटरको 'वाकथ्रु' कार्यक्रमको उद्घाटन गरेका थिए ।

## सूर्य नेपाल वेस्टर्न ओपन
# सञ्जयको टिमलाई प्रो एमको उपाधि

■ सौर्य समाचार




पोखरा । सूर्य नेपाल वेस्टर्न ओपन प्रो एमको उपाधि प्रो सञ्जय लामाको टिमले १३९ अंकसहित जितेको छ । सञ्जयले ३४ अंक बनाउँदा एमेच्योर खेलाडीहरू सत्यजोत रानाले ३९, गीता गुरुङले ३५ र टेण्डी शेर्पाले ३१ अंक बनाए । प्रो रवि खड्काको टिम १२२ अंकसहित दोस्रो भयो । रविले ३० अंक बनाउँदा सोम गुरुङ र फुर्साङ लामाले समान ३१ तथा श्याम तामाङले ३० अंक जोडे । प्रो भुवन नगरकोटीको टिम ११८ अंकसहित तेस्रो भएको छ । भुवनसँगै एमेच्योर खेलाडीहरू सुजन थापा र रञ्जन थापाले समान ३० तथा कमल सुवेदीले २८ अंक बनाए ।

महिलातर्फ उत्कृष्ट स्कोर गीता गुरुङले निकालिन् । उनले ३५ अंक जोडिन् । प्रतियोगितामा लङ्गेस्ट ड्राइभको उपाधि जय न्युगेन्ट र क्लोजेस्ट टु दी पिनको उपाधि सुबोध थापाले जिते । शुक्रबार सूर्य नेपाल वेस्टर्न ओपनको उपाधि भुवन नगरकोटीले जितेका थिए । उनले समग्रमा ३-अन्डर २०४ को स्कोरमा सञ्जय लामालाई एक स्ट्रोकले हराउँदै उपाधिमा ह्याट्रिक गर्न सफल भएका थिए । सञ्जय लामा दोस्रो र एमेच्योर राहुल विश्वकर्मा तेस्रो स्थानमा रहे ।

सूर्य नेपाल प्रालिद्वारा प्रायोजित प्रतियोगितामा यो पटक खेलाडीहरीले कुल १० लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । पहिलो भएका भुवनले १ लाख ७० हजार, दोस्रो भएका सञ्जयले १ लाख २५ हजार र प्रोतर्फ तेस्रो भएका शुक्रबहादुर राईले नगद १ लाख रुपैयाँ प्राप्त गरे ।

प्रो एमका विजयी खेलाडीहरूलाई नेपाल गल्फ संघका अध्यक्ष टासी घले, गण्डकी प्रदेश गल्फ संघका अध्यक्ष इन्द्रधारा बिष्ट र कास्की जिल्ला गल्फ संघका उपाध्यक्ष भक्तराज गुरूङले पुरस्कार वितरण गरे । प्रो एममा ७५ जना एमेच्योर र १५ जना प्रोफेसनल गरी कुल ९० खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

## कला

# राजकुमारका सिर्जनामा सहअस्तित्वको खोजी



■ सौर्य समाचार

काठमाडौँ । २१औँ अन्तर्राष्ट्रिय जातीय तथा रंगभेद उन्मूलन दिवसका अवसरमा राजकुमार विकले चित्रकलामार्फत सहअस्तित्वको खोजी गरेका छन् । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको लुम्बिनी प्रदेश समन्वय समितिको सहकार्यमा शनिबार काठमाडौँमा कलाकार विकले एकल चित्रकला प्रदर्शनीमार्फत 'सह-अस्तित्व'को खोजी गरेका हुन् । प्रतिष्ठानको सभाहल नक्सालमा सहअस्तित्व नामक प्रदर्शनीको नवनिर्वाचित प्रतिनिधिसभाका सदस्य हरिप्रसाद भुसाल र प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले उद्घाटन गरे । प्रतिनिधिसभा सदस्य भुसालले आफू पनि कला क्षेत्रसँगै जोडिएको व्यक्ति भएकाले समाजसँग जोडिएको विषय आफैँमा महत्त्वपूर्ण रहेको बताए ।

उनले प्रदर्शनीमा राखिएका कलामा रङ र आकृति मात्र नभई मानवीय आवाज, संवेदना प्रकट भएको बताए । प्रदर्शनीमा राखिएका कलाकार विकका चित्रहरू जातीय विभेदविरुद्धको सशक्त आवाज बनेर उभिएको उनको भनाइ छ । चित्रमा दलित समुदायमाथि हुने थिचोमिचो, उनीहरूका पेसा र जीवनशैलीहरू समावेश छन् । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कलाकार राजकुमार विकले समाजमा छुवाछूतविरुद्धको अनुभूतिगत भाव सन्देशात्मक अभिव्यक्ति आफ्ना चित्र, रचनाहरूमा गरेको बताए । उनले विकले विभेदको मुद्दालाई आफ्नो विषय बनाएर सामाजिक-सांस्कृतिक रूपान्तरणका लागि कलात्मक विद्रोहको अभियान आफ्ना रचनाहरूमा थालेको धारणा राखे ।

प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली'ले हाम्रा मौलिक, रैथाने शिल्पज्ञान कला, सीप सिर्जनालाई प्रवर्द्धन तथा संरक्षण गर्न अपरिहार्य रहेको बताउँदै राजकुमार विकका कलामा मौलिकताका साथ प्रकृति, संस्कृति तथा समाजको चित्रण भएको बताए । उनले समाजमा उत्पीडनमा परेका समुदायका विषयलाई केन्द्रीकृत गर्दै सामाजिक जागरण, सचेतना विषयलाई राजकुमार विकले आफ्नो कलामा उठाएको धारणा राखे । कलाकार राजकुमार विकले कलाको विषयगत धरातलमा शोषित तथा उत्पीडित समुदायका कथा र अनुभूतिलाई रङ र ब्रसका माध्यमबाट क्यानभासमा जीवन्त बनाउँदै यस प्रदर्शनीमार्फत श्रमचेतना, सामाजिक जागरण र सचेतनालाई अझ सशक्त ढंगबाट उठान गरेको उल्लेख गरे । प्रतिष्ठानका शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङमाङले ६१औँ अन्तरराष्ट्रिय जातीय तथा रंगभेद उन्मूलन दिवसको सन्दर्भ पारेर यस किसिमको कार्यक्रम गरिनुले समाजमा सहअस्तित्व र समानताका लागि महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

# नहेर टुलुटुलु विमोचित

■ सौर्य समाचार



काठमाडौँ । चर्चित लोकदोहोरी गायक खेम सेन्चुरी र नवगायिका लुमा केसीको स्वरमा रहेको नयाँ गीत 'नहेर टुलुटुलु...' सार्वजनिक गरिएको छ । राष्ट्रिय लोक सञ्चारकर्मी नेपालको आयोजनामा हालै आयोजित एक समारोहबीच गीतको भिडियो विमोचन गरिएको हो । कार्यक्रममा संस्थाका अध्यक्ष चन्द्रमणि गौतमले आफ्नो संस्थाले मौलिक गीतसंगीतको संरक्षण र प्रवर्द्धनमा निरन्तर योगदान दिँदै आएको बताए । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका महासचिव शिव हमालले नयाँ गायिका केसीको स्वरमा मौलिकता र शक्ति रहेको उल्लेख गर्दै प्रशंसा गरे । उनले कलाकारहरूबीच आपसी समर्थन आवश्यक रहेको बताउँदै राम्रो सिर्जनालाई प्रोत्साहन गर्नुपर्ने धारणा राखे ।

गायक सेन्चुरीले केसीसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गर्दै उनको स्वर परिपक्व रहेको बताए । गायिका केसीले पनि सेन्चुरीसँग काम गर्ने अवसरलाई उत्साहजनक अनुभवका रूपमा लिइन् । गीतमा नेत्र अर्यालको शब्द र नन्दु परियारको संगीत रहेको छ । भिडियो निर्देशन मौसम हिमाली ले गरेका हुन् भने अभिनयमा पल शाह र प्रिती गुरुङ देखिएका छन् । गीतको भिडियो लुमा केसीको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

**Aandhikhola Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Krishi, Syangja**
**Gandaki Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 22 March 2026**

1. The Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive Krishi Syangja invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.

| Contract ID | Description and Location Of Work | Approved Estimated Amount (With VAT & PS) Nrs. | Bid Document Fee(Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Security Period |
|---|---|---|---|---|---|
| ANDH-W-NCB-BP-17-2082-83 | Bangsing Deurali panchase bhanjyang Road Upgrading Work | 29,55,071.03 | 3,000.00 | 76,000 | 120 Days |
| ANDH-W-NCB-RI-18-2082-83 | Rangethati Baskot Infrastructure Construction work | 28,72,060.83 | 3,000.00 | 74,000 | 120 Days |
| ANDH-W-NCB-AS-19-2082-83 | Aaitekhola Syanibarahe Road Upgrading Work | 28,83,088.06 | 3,000.00 | 74,000 | 120 Days |

2. Information to deposit the cost of Bidding Document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Aandhikhola Rural Municipality, Krishi, Syangja | Last Date Of Submission | Pre Bid Meeting |
| Name of Bank | NIC Asia Bank Ltd, Krishi branch | April 21,2026, 12.00 hrs | April 05,2026, 13.00 hrs |
| Dharautti Account no: | N4CA052540052402 Dharautti (ga-3) | | |
| Rajaswa Sirsak No: | 2342050028676002 Revenue Heading Ga-1.1 | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's Website http//www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Eligible Bidders may obtain detail information by inspecting the bidding Documents at the Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality,Krishi,Syangja or From Website: www.aandhikholamun.gov.np or may visit PPMo website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

सबै अब एकै ठाउँमा




बिक्रेतालाई धमकेदार छूट

Brother Books
ब्रदर बुक्स प्रकाशन प्रा.लि.
बागबजार, काठमाडौं, फोन : ९८५१०-५८७३०

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी